# बिर्तामोड नगर शिक्षा योजना

## २०८०/२०८१ – २०८९/२०९०





बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

झापा, कोशी प्रदेश, नेपाल ।

# विषय सूची


विषय प्रवेश ........ १

परिच्छेद एकः परिचय ........ ४

१.१. पृष्ठभूमि ........ ४

१.२. मुख्य समस्याहरूः ........ ७

१.३. शिक्षाक्षेत्रका चुनौतीहरूः ........ ८

१.४. अवसरहरूः ........ ८

परिच्छेद दुईः लक्ष्य निर्धारण ........ ९

२.१. दूरदृष्टिः ........ ९

२.२. लक्ष्यः ........ ९

२.३. उद्देश्यः ........ ९

२.४. रणनीतिहरूः ........ ९

२.५. कार्यनीतिः ........ १०

२.६. अपेक्षित उपलब्धिः ........ १५

२.७. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः ........ १५

परिच्छेद तीनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू ........ २०

३.१. प्रारम्भिक बालविकास र शिक्षाः ........ २०

३.२. आधारभूत शिक्षाः ........ २४

३.३. माध्यमिक शिक्षाः ........ २९

३.४. पाठ्यक्रम र मूल्याङ्कन ........ ३४

३.५. शिक्षक व्यवस्थापन र विकास ........ ३९

३.६. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ ........ ४३

३.७. प्राविधिक तथा व्यावसायिक शिक्षा ........ ४६

परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू ........ ५०

४.१. शैक्षिक समता र समावेशीकरण ........ ५०

४.२. दिवाखाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम ........ ५३

४.३. आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा ........ ५७

४.४. अतिरिक्त क्रियाकलाप ........ ६०
४.५. विद्यालय भौतिक पूर्वाधार विकास ........ ६३
४.६. विद्यालयमा सूचना तथा सञ्चा प्रविधि ........ ६६
परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन ........ ६८
५.१. संस्थागत क्षमता विकास ........ ६८
५.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ........ ७२
५.३. अनुगमन तथा मूल्याङ्कन ........ ७४
परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन ........ ७७
६.१. परिचय ........ ७७
६.२. वर्तमान अवस्था ........ ७८
६.३. उद्देश्यहरू ........ ७८
६.४. रणनीतिहरू ........ ७८
६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण ........ ७८
क. सङ्घीय सरकारबाट विद्यालय शिक्षाक्षेत्रअन्तर्गतका याकलापमा प्राप्त हुने अनुमानित बजेट ........ ७९
ख. प्रदेश सरकारबाट शिक्षाक्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ........ ८०
ग. स्थानीय तहबाट शिक्षाक्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट ........ ८१
घ. नयाँ तथा थप कार्यक्रमहरूः ........ ८३
ङ. अन्य सङ्घसंस्था तथा व्यक्तित्त्वहरूबाट शिक्षाक्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट.. ८८
परिच्छेद सातः मुख्य उपलब्धि सूचकहरू ........ ८९
७.१. मुख्य मुख्य कार्यसम्पादन सूचकहरू ........ ८९
७.२. कार्यक्रम तथा नतिजा तालिका ........ ९१
सन्दर्भ सामग्री (Bibliography) ........ ९५
अनुसूची १ : वडागत जनसङ्ख्या ........ ९६
अनुसूची २ : विद्यालय विवरण ........ ९६
अनुसूची ३ : विशेष शिक्षा स्रोतकक्षा विवरण ........ ९७
अनुसूची ४ : सामुदायिक सिकाइ केन्द्रको विवरण ........ ९७
अनुसूची ५ : सुझाव सङ्कलनका सहभागीहरू ........ ९८
अनुसूची ६ : विज्ञ तथा कार्यदलको संयुक्त वैठक ........ १०६

# विषय प्रवेश

निश्चित लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तय गरी देशको साधनअनुरूप निश्चित समय किटान गरी बनाइएको अग्रिम खाका नै योजना हो । आर्थिक, सामाजिक, राजनीतिकलगायत सबै पक्षको बिकासात्मक गतिलाई वाञ्छित गति दिई समग्र मुलुकलाई विकासको बाटो देखाउनु यसको प्रमुख उद्देश्य हो। विकासात्मक कार्यक्रमलाई निश्चित लक्ष्य र उद्देश्यका साथ निश्चित समयमा सम्पन्न गर्न, न्युनतम स्रोतसाधन र अधिकतम आबश्यकता बीचको अन्तर पूरा गर्न, जनताको माग र इच्छाको सम्बोधन गर्न, विगतको योजना मूल्याङ्कनबाट भविश्यका योजनालाई लक्ष्यउन्मुख बनाउन, कार्यक्रमका आधारमा बजेट अनावश्यकरूपमा विनियोजन गर्ने परिपाटिको अन्त्य गर्न, न्युनतम लागतमा अधिकतम उपलब्धि हासिल गर्नका लागि योजना निर्माण गर्ने गरिन्छ ।

यसैगरी शिक्षासँग सम्बन्धित कार्यक्रमहरू योजनाबद्धरूपमा निर्माण र कार्यान्वयन गर्नका लागि आवधिकरूपमा शिक्षा योजना निर्माण गर्ने गरिन्छ ।

संविधानको अनुसूची, ८ मा स्थानीय तहको एकल अधिकार सूची समावेश गरिएको र माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहलाई सुम्पेको अवस्था छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको स्थानीय तहले शिक्षासम्बन्धी २३ वटा कार्यहरू सम्पादन गर्ने अधिकारको सदुपयोग गरी रहेको छ । आफ्नो स्थानीय तहमा सञ्चालित विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामूलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा व्यवस्थापन आदि सुनिश्चित गर्नका लागि स्थानीय तहले उपलब्ध स्रोतसाधन (भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्न प्रयास गरिएको छ । बिर्तामोड नगरपालिकाको यो शिक्षा योजना निर्माणका क्रममा विभिन्न चरणमा कार्यक्रमहरू सञ्चालन गरिएको थियो । नगरपालिकाको शैक्षिक अवस्थाको विश्लेषण गरी हाल हामी कुन अवस्थामा छौं ? यसलाई सुदृढ गर्न के गर्न सकिन्छ ? भन्नेबारेमा घनिभूत छलफल गरी परिवर्तनको सिद्धान्तलाई आत्मसात गरिएको छ। योजना निर्माण गर्दा उपलब्ध ऐन, कानून, नीति नियम तथा अन्य दस्तावेजहरूको गहन अध्ययन गरिएको छ ।

नेपालको संविधान २०७२, शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, राष्ट्रिय शिक्षा नीति २०७६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४(१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानुनी व्यवस्थासमेत भएकोले बिर्तामोड नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्ने क्रममा नेपालका पञ्चवर्षीय योजनाहरू, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन-२०७५, अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी नियमावली-२०७७, राष्ट्रिय पाठ्यक्रम प्रारूप- २०७६, विद्यालय क्षेत्र विकास योजना (SSDP), बिर्तामोड नगरपालिकाले विभिन्न स्थानीय

ऐन कानूनको परिधिमा रहेर शिक्षा योजनाको आवश्यकता महसुस भएकाले स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूसँग चरणवद्धरूपमा छलफल गरी आवश्यक दस्तावेज र तथ्याङ्कहरू प्रत्यक्ष तथा परोक्षरूपमा सङ्कलन गरी स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन २०७९ मा आधारित भई बिर्तामोड नगरपालिकाको शिक्षामा आवश्यकता र स्रोतलाई मध्यनजर गर्दै स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनिधिहरूको सुझावअनुरूप यो नगर शिक्षा योजना निर्माण गरिएको हो।

## १. बिर्तामोड नगरपालिकाको नगर शिक्षा योजना निर्माणका आधारहरू तथा पुनावलोकन गरिएका दस्तावेजहरूः

- नेपालको संविधान, २०७२ ।
- शिक्षाक्षेत्र योजना, २०७९ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ।
- शिक्षा ऐन, २०२८ ।
- शिक्षा नियमावली, २०५९ ।
- राष्ट्रिय शिक्षा नीति, २०७६ ।
- शिक्षाको सोच, २०७९ ।
- स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ ।
- बिर्तामोड नगरपालिका प्रथम आवधिक नगर विकास योजना २०७८/०७९ ।
- नगर विकास योजना २०७९/०८० ।
- नगरपालिकाको बजेट नीति तथा कार्यक्रम २०८०/०८१ ।
- शिक्षा, युवा तथा खेलकुद शाखाको स्थिति प्रतिवेदन २०७८/०७९ ।
- बिर्तामोड नगरपालिकाको एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली।
- पालिकास्तरीय गोष्ठीबाट प्राप्त सुझाव तथा मार्गदर्शन ।
- वडागतरूपमा प्राप्त सुझावहरू ।
- विद्यालयहरूको स्थलगत अवलोकन ।
- विद्यालयहरूका विद्यालय सुधार योजना ।

## २. योजना निर्माण प्रक्रिया

बिर्तामोड नगरपालिकाको नगर शिक्षा योजना निर्माण गर्ने कार्यका लागि आकाश इन्स्टिच्युट फर टेक्नोलोजी एण्ड मेनेजमेन्ट प्रा. लि., विराटनगर र बिर्तामोड नगरपालिका बीच मिति २०७९ साल फाल्गुण १३ गते भएको संझौता भएअनुसार नगरस्तरीय सरोकारवालाहरूसँगको छलफल तथा अन्तरक्रिया कार्यक्रमहरू विभिन्न मितिमा सञ्चालन गरी रायसुझाव सङ्कलन गरिएको थियो ।

मिति २०७९।११।१७ गते नगरप्रमुख श्री पवित्रा महतारा प्रसाईंको अध्यक्षतामा भएको अभिमुखीकरण तथा रायसुझाव सङ्कलनसम्बन्धी कार्यक्रममा नगर उपप्रमुख, वडा अध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत, शिक्षा अधिकृत, शिक्षाविद्, प्रधानाध्यापक, शिक्षक, पेशागत संस्था तथा शिक्षासँग सरोकार राख्ने सबै सरोकारवालाहरूसमेत जम्मा ४६ जनाको उपस्थितिमा लिखित तथा मौखिकरूपमा रायसुझावहरू सङ्कलन गरिएको थियो । सोही दिनको उपस्थिति र निर्णयअनुसार बिर्तामोड नगरपालिकाको सामाजिक विकास समिति संयोजक श्री यमुना आचार्यको संयोजकत्त्वमा ७ सदस्यीय नगर शिक्षा योजना तर्जुमा समिति गठन गरिएको थियो ।

## नगर शिक्षा योजना तर्जुमा समिति

| | | | | | |
|---|---|---|---|---|---|
| १. | श्री यमुना आचार्य | संयोजक | ५. | श्री उमानाथ भण्डारी | सदस्य |
| २. | श्री युवराज पाण्डे | सदस्य | ६. | श्री दिपक लुइटेल | सदस्य |
| ३. | श्री देवेन्द्र हुमागाईं | सदस्य | ७. | श्री जानुका रेग्मी | सदस्य सचिव |
| ४. | श्री युवराज कट्टेल | सदस्य | | | |

नगर शिक्षा योजना तर्जुमा समितिको अगुवाइ तथा विज्ञहरूको सहयोगमा वडागतरूपमा रायसुझाव सङ्कलन गर्ने क्रममा मिति २०७९।११।१८ गते श्री मोहनमाया माध्यमिक विद्यालयमा वडा नं. १ र २ का २५ जना, श्री दुर्गा माध्यमिक विद्यालय गरामनीमा वडा नं. ७, ८ र ९ का २१ जना र श्री महेन्द्रज्योति माध्यमिक विद्यालय सैनिक बजारमा वडा नं. १० का १८ जना, मिति २०७९।१२।२२ गते श्री महेन्द्ररत्न माध्यमिक विद्यालय बिर्तामोडमा वडा नं. ३ र ४ का १७ जना, मिति २०८०।१।१३ गते श्री सरस्वती माध्यमिक विद्यालय बुट्टाबारीमा वडा नं. ६ का १९ जना, र श्री देवी माध्यमिक विद्यालय बिर्तामोडमा वडा नं. ५ का १८ जना सरोकारवालाहरूको उपस्तथितिमा रायसुझाव सङ्कलन गर्ने कार्य सम्पन्न भयो । सबै ठाउँमा भएको सरोकारवालाहरूको भेलाको उपस्थिति र निर्णय अनुसूचीमा समावेश गरिएको छ ।

नगरपालिकामा भएको भेला र सबै वडाहरूमा भएको सरोकारवालाहरूको भेलाबाट प्राप्त अपेक्षा र सुझावहरू सङ्कलन गरी सकेपछि उक्त सुझाहरूलाई गहनरूपमा अध्ययन र विश्लेषण गरी विज्ञ समूहबाट निम्नानुसारका कार्यहरू सम्पादन गरियो ।

- संघ र प्रदेशका ऐन, नियम, नीति तथा अन्य दस्तावेजहरूको पुनरावलोकन ।
- नगरपालिकाको शिक्षा ऐन तथा नियमावली, आवधिक योजना र नीति तथा कार्यक्रमको अवस्थाको विश्लेषण ।
- शिक्षा, युवा तथा खेलकुद शाखाको स्थिति प्रतिवेदन, एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणालीको प्रतिवेदन, विभिन्न विद्यालयहरूका विद्यालय सुधार योजना, सामाजिक परीक्षणको प्रतिवेदन, पालिकाबाट सञ्चालन भएका प्रधानाध्यापक वैठकका अभिलेख आदिको अध्ययन र विश्लेषण ।
- समस्या, चुनौती र अवसरको पहिचान ।
- दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति निर्धारण ।
- सूचकअनुसारका लक्ष्यहरूको तयारी र निर्धारण।
- उपक्षेत्रगतरूपमा मस्यौदा लेखन ।
- वित्तीय आँकलनसमेत गरी प्रारम्भिक मस्यौदा तयारी ।

यसै क्रममा नगर शिक्षा योजना तर्जुमा समिति र विज्ञसमेतको उपस्थितिमा बिर्तामोड नगरपालिकामा मिति २०८०।३।१२ र १३ गते भएको बैठक र अन्तर्क्रियाबाट प्रथम मस्यौदामाथि व्यापक छलफल गरी कार्यक्रम निर्धारण गरी प्रत्येक उपक्षेत्रमा कार्यक्रम र बजेटमाथि छलफल भएपछि पुनः थप सुझावहरूसमेत समावेश गरी बिर्तामोड नगर शिक्षा योजना २०८०/२०८१ - २०८९/२०९० लाई अन्तिम रूप दिई नगर शिक्षा योजना तयार गरिएको छ ।

# परिच्छेद एकः परिचय

## १.१. पृष्ठभूमि

क. भौगोलिक अवस्थितिः

नेपालको पूर्वी क्षेत्रमा रहेको प्रमुख व्यापारिक केन्द्रको रूपमा रहेको यस बिर्तामोड नगरपालिका शैक्षिक, सामाजिक, आर्थिक एवं पूरातात्विक महत्त्वको हिसाबले झापा जिल्लाको एक महत्त्वपूर्ण शहरको रूपमा विकसित भइरहेको छ । बिर्तामोड नगरपालिकाको पूर्वमा मेचीनगर नगरपालिका, पश्चिममा कन्काई नगरपालिका, उत्तरमा अर्जुनधारा नगरपालिका र दक्षिणमा हल्दीवारी गाउँपालिका रहेका छन् । भौगोलिक अस्थितिका आधारमा २६°३३'१२" उत्तरी अक्षांशदेखि २६°३९'१८" उत्तरी अक्षांशसम्म र ८७°५६'३४" पूर्वी देशान्तरदेखि ८८°०३'०८" पूर्वी देशान्तरसम्म फैलिएको छ । क्षेत्रफल ७८.२४ वर्ग कि.मि. रहेको छ । मिति २०७२ बैशाख २५ गते साबिक अनारमनी गाविस र चारपाने गाविस समावेश गरी पहिलो पटक नगरपालिका घोषणा भएको थियो । नेपालको संविधान २०७२ जारी भएपछि नेपालको संविधान २०७२ को भाग ५ मा भएको व्यवस्था बमोजिम मिति २०७३ फाल्गुण २७ गते नेपाल सरकारले साबिक बिर्तामोड नगरपालिकामा साबिक गरामनी गाविसलाई समाहित गरी पुनः दोस्रो पटक बिर्तामोड नगरपालिका घोषणा भएको हो । यस नगरपालिकामा मनसुनी ( अर्धउष्ण र उष्ण) हावापानी पाइन्छ । गृष्मकालमा यहाँको तापक्रम ३२ डिग्री सेल्सियसदेखि ३५ डिग्री सेल्सियससम्म पुग्दछ भने शीतकालमा १५ देखि १० डिग्री सेल्सियससम्म ओर्लिन्छ। कुनै वर्ष अधिकतम तापक्रम ४२ डिग्री सेल्सियससम्म पुगेको र न्यूनतम तापक्रम ८ डिग्री सेल्सियससम्म झरेको पाइन्छ। वर्षा ऋतुमा हिन्द महासागरको बङ्गालको खाडीबाट मनसून आउने गर्दछ । यहाँका ऐतिहासिक तथा पर्यटकीय स्थलहरू विराटपोखर पोखरी, हरियाली सिमसार क्षेत्र बुट्टाबारी, मदु पोखरी, सदु पोखरी तथा बाह्रदशी पोखरी हुन् ।

ख. जनसाङ्खिक संरचनाः

राष्ट्रिय जनगणना २०७८ अनुसार बिर्तामोड नगरपालिकाको घर परिवार सङ्ख्या २९८५२, पुरुष ५६१०५, महिला ६००८७ र कुल जनसङ्ख्या ११६१९२ रहेको छ । पुरुष ४८.३ प्रतिशत, महिला ५१.७ प्रतिशत र लैङ्गिक अनुपात ९३.३७ रहेको छ । जनसङ्ख्या वृद्धिदर ३.३६ प्रतिशत, जनघनत्व १४८५ प्रतिवर्ग कि.मि. र प्रति घरपरिवार सङ्ख्या ३.८९ जना रहेको छ । उमेर समूहका हिसाबले ०-४ वर्ष जम्मा ७९३७, महिला ३७६९, ५-१४ वर्ष जम्मा २००५४, महिला ९६३९, १५-१९ वर्ष जम्मा ११२८५ महिला ५६२५, २०-५९ वर्ष जम्मा ६६०३७, महिला ३५४८३, ६० वर्ष वा सोभन्दा माथि जम्मा १०८७९, महिला

५५७१ जना रहेका छन् । सक्रिय जनसङ्ख्या जम्मा ७१८७८, पुरुष ३३४६४ र महिला ३८४१४ रहेको छ ।

प्रस्तुत जनसाङ्खिक संरचनालाई विश्लेषण गर्दा जनसङ्ख्या वृद्धिदर बढी हुनुको मुख्य कारण बसाइँसराइ हो । यातायात, बजार व्यवस्था, स्वास्थ्य सेवा तथा शैक्षिक हबका कारण यस नगरपालिकामा पहाडी जिल्ला तथा आसपासका पालिकाहरूबाट बसाइँसराइ गरी आएको देखिन्छ।

ग. सामाजिक तथा सांस्कृतिक अवस्थाः

बिर्तामोड नगरपालिका ग्रामीण र शहरी दुवै क्षेत्रमा मिश्रित बसोबास रहेको छ । यस नगरमा सबै जातजातिको बसोवास रहेको छ । यहाँ बस्ने मुख्य जातजातिमा ब्राह्मण, क्षत्री, राई, लिम्बू, गुरुङ, मगर, नेवार, शेर्पा, तामाङ, मुस्लिम, राजवंशी, थारू, दलित, मेचे, मुसहर, मारवाडी आदि रहेका छन् । माथि उल्लिखित जातजातिहरूले मान्ने गरेका मुख्य मुख्य धर्मः हिन्दु, वौद्ध, किराँत, प्रकृति, इस्लाम, इसाइ, जैन आदिका आआफ्नै परम्परा, संस्कृति तथा मूल्य मान्यताहरू रहेका छन् । जनगणना २०७८ बमोजिम यस नगरपालिकाको जम्मा जनसङ्ख्या ११६१९२ मध्ये धर्मअनुसारको जनसङ्ख्या हिन्दु ९४१६१, किराँत ९१८३, वौद्ध ५६७२, इस्लाम ४२२५, इसाइ २६८९, प्रकृति २०९ र अन्य (जैन, वोन र सिख) ५३ रहेको छ । त्यसैगरी भाषागत आधारमा नेपाली ६५.९७, राजवंशी ८.१९, लिम्बू ४.२४, मैथिली ४.०२, सन्थाली २.५८, तामाङ १.५४, थारू १.५, राई १.४९, मारवाडी १.३, भोजपुरी ०.८८ र अन्य ८.३१ प्रतिशत रहेको छ भने गनगाई १७८, मेचे ६९ र ताजपुरिया ५६ जना रहेका छन् ।

घ. आर्थिक अवस्थाः

१० वर्ष वा सोभन्दा माथिका जनसङ्ख्यामा १२ महिनामा ३ महिनाभन्दा कम काम गर्ने ८.९ प्रतिशत, ३-६ महिनासम्म काम गर्ने ७.६ प्रतिशत, ६ महिनाभन्दा बढी काम गर्ने ४६.५ प्रतिशत र काम नगर्ने ३७.० प्रतिशत रहेका छन् । १० वर्ष वा सोभन्दा माथिका आर्थिक क्रियाकलापमा सामान्य सक्रिय सहभागी जनसङ्ख्या ७६.१ प्रतिशत र निष्कृय जनसङ्ख्या २३.९ प्रतिशत रहेको पाइन्छ । जसमा महिलाको सामान्य सक्रिय सहभागी जनसङ्ख्या ६६.१ प्रतिशत र निष्कृय जनसङ्ख्या ३३.९ प्रतिशत रहेको छ ।सामान्यतया १० वर्ष वा सोभन्दा माथिका सक्रिय जनसङ्ख्यामध्ये कार्यरत वेतनभोगी ९४.० प्रतिशत, महिला ९२.२ प्रतिशत र अन्यमा क्रमशः ६.० र ७.८ प्रतिशत रहेको छ । पेसागत रूपमा सामान्य वा प्राथमिक पेशाका कामदारहरू २६.४, कृषि, वन र माछापालन कार्यमा दक्ष कामदारहरू २४.५ प्रतिशत, व्यवस्थापक १३.२ प्रतिशत, सेवा तथा वस्तु विक्री गर्ने कामदारहरू १०.९ प्रतिशत, शिल्पकला

तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरू १०.० प्रतिशत, पेशाविद्हरू ५.० प्रतिशत, कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरू ४.२ प्रतिशत, प्राविधिक तथा सहायक पेशाविद्हरू ३.४ प्रतिशत, कार्यालय सहायकहरू २.२ प्रतिशत र सशस्त्र बल ०.१ प्रतिशत रहेका छन्। औद्योगिक क्षेत्र अनुसार कृषि ३२.०, खानी ०.२, उत्पादन निर्माण ७.६, बिजुली ०.४, पानी ०.४, संरचना निर्माण ९.८, थोक व्यापार २२.९, यातायात ४.३, आवास ४.०, जानकारी ०.६, वित्त २.१, घरजग्गा व्यापार ०.४, पेसाविद्हरू ०.६, व्यवस्थापक ०.४, सार्वजनिक प्रशासन ०.८, शिक्षा ४.०, मानव स्वास्थ्य २.५, कला ०.७, अन्य सेवा ४.४, घरायसी क्रियाकलाप १.५, वाह्य सङ्घसंस्था एवं यसका अङ्गहरूका क्रियाकलापहरू ०.०३ र उल्लेख नभएका ०.०५ प्रतिशत रहेका छन् । संस्थागत क्षेत्र अनुसार सरकारी २.३, वित्तीय २.१, गैरवित्तीय ५५.४, गैर नाफामूलक ०.२ र घरायसी क्षेत्र ३९.९ प्रतिशत रहेका छन्। कुनै पनि आर्थिक काम नगर्नु वा ६ महिनाभन्दा कम समय काम गर्नुको कारण अनुसारको जनसङ्ख्या विद्यार्थी ३४.८, घरायसी काम १९.७, घरायसी कर्म ८.३, वृद्ध ८.०, अपाङ्गता ३.०, पेन्सन १.३, सामाजिक कार्य ०.३ र अन्य २३.९ प्रतिशत रहेको छ । यस नगरपालिकाको आर्थिक क्रियाकलापमा मुख्य पेशा कृषि रहेको छ । कृषि उत्पादनमा धान, मकै, गहुँ, तोरी, सुपारी, निरवल, आँप, लिची, चिया, च्याउ, ड्रागनफुड आदि रहेका छन् । पशुपंक्षीमा गाई, भैंसी, सुँगुर, बाख्रा, हाँस, कुखुरा आदि रहेका छन् । व्यापार तथा सानाकुटिर र मझौला उद्योगमा इटा, काठ, ग्रिल, प्लाइ, स्टिल, क्रसर, चिया, होटल, माछा मासु, कपडा, किराना, कस्मेटिक आदि रहेका छन् । मठ, मन्दिर, गुम्बा, मस्जिद, पोखरी, पार्क आदि यहाँका पर्यटकीय स्थलहरू रहेका छन् ।

ङ. शैक्षिक अवस्थाः

बिर्तामोड नगरपालिकाको IEMIS २०७९ अनुसार पूर्वप्राथमिक/बालविकास कक्षाहरू ५० (सामुदायमा आधारित ४), धार्मिक २ तथा संस्थागत ५५ सञ्चालनमा रहेका छन् । पूर्वप्राथमिक/बालविकास कक्षाहरूमा जम्मा विद्यार्थी सङ्ख्या ४८९६ रहेको छ । आधारभूत तह (कक्षा १-५) सामुदायिक १८, धार्मिक १ र संस्थागत ५५, आधारभूत तह (कक्षा १-८) सामुदायिक १४, धार्मिक १ र संस्थागत ४४, माध्यमिक तह (कक्षा १-१०) सामुदायिक १, संस्थागत १६, माध्यमिक तह (कक्षा १-१२) सामुदायिक ८, संस्थागत १९ गरी जम्मा विद्यालय संङ्ख्या ७५ रहेका छन् । सामुदायिक तथा संस्थागत विद्यालयहरूको आधारभूत तह कक्षा १-५ को विद्यार्थी सङख्या १२९१७, आधाभूत तह कक्षा ६-८ को विद्यार्थी सङ्ख्या ७९९८, सामुदायिकतर्फ आधारभूत तह कक्षा १-८ को विद्यार्थी सङ्ख्या ५४७७, सामुदायिक तथा

संस्थागत विद्यालयहरूको माध्यमिक तह कक्षा ९-१२ को विद्यार्थी सङख्या १३२६५, सामुदायिकतर्फ माध्यमिक तह कक्षा ९-१२ को विद्यार्थी सङ्ख्या ५२८८ रहेको छ । ४ ओटा विद्यालयहरूमा विशेष शिक्षाका ७ ओटा स्रोतकक्षाहरू सञ्चालनमा रहेका छन् । प्राविधिक तथा व्यावसायिक शिक्षातर्फ प्राविधिक धार (कक्षा ९-१२) १, र प्राविधिक तथा व्यावसायिक शिक्षा परिषदबाट अनुमतिमा प्राविधिक कार्यक्रम सञ्चालित विद्यालय २ र निजी तथा साझेदारीमा सञ्चालित संस्था ७, सामुदायिक सिकाइ केन्द्र ३ र क्याम्पसहरू ११ रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार साक्षरता प्रतिशत ८७.१ रहेको छ । जसमध्ये पुरुष ९१.५ र महिला ८३.० रहेको छ । आधारभूत तह कक्षा (१-८)को कुल भर्ना दर १२८.६, खुद भर्ना दर ९१.९९, टिकाउ दर ६३.०, लैङ्गिक समता सूचक १.०६, माध्यमिक तह कक्षा (९-१२)को कुल भर्ना दर १५२.५, खुद भर्ना दर ७६.४, टिकाउ दर ५९.५२, लैङ्गिक समता सूचक १.०७ रहेको छ । सामुदायिक विद्यालय आधारभूत तह (कक्षा १-८) मा कार्यरत शिक्षक सङ्ख्या २३८, माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत शिक्षक सङ्ख्या ५४, शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (कक्षा १-५) १५.६७, आधारभूत तह (कक्षा ६-८) ४८.६२, आधारभूत तह (कक्षा १-८) २३.०१, माध्यमिक तह (कक्षा ९-१०) ५०.९५, माध्यमिक तह (कक्षा ११-१२) २३२.४, माध्यमिक तह (कक्षा ९-१२) ९७.९२ रहेको छ ।

### १.२. मुख्य समस्याहरूः

सामुदायिक विद्यालयहरूमा उपयुक्त भौतिक पूर्वाधार हुन नसक्नु, विद्यालयमा सिकाइ सामग्री पर्याप्त उपलब्ध हुन नसक्नु, प्रविधियुक्त कक्षाकोठाको अभाव, दरबन्दी अनुसार विषयगत शिक्षक सङ्ख्याको कमी, आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तहमा विषयगत शिक्षक दरबन्दीमा कमी, सूचना तथा प्रविधिलाई विद्यार्थीको शिक्षण सिकाइमा उपयोगमा कमी, तालिम तथा पेशागत विकासमा शिक्षकको क्षमता विकासको प्रबन्धमा कमी, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावकको क्षमता अभिवृद्धि कार्यक्रममा कमी, अभिभावक जागरण कार्यक्रमको अभाव, सामुदायिक विद्यालयमा समुदायको लगानीमा कमी, विपन्न, असहाय, अभिभावकविहिन बालबालिकाहरूको पहुँच र टिकाउमा समस्या, बालविकास केन्द्र शिक्षक र विद्यालय कर्मचारीहरूको लागि सरकारी सुविधा तथा अभिप्रेरणामा कमी जस्ता समस्या रहेका छन् ।

## १.३. शिक्षाक्षेत्रका चुनौतीहरू:

विद्यालय शिक्षामा सबैको पहुँचको सुनिश्चितता, गुणस्तरीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन, विद्यालय नक्शाङ्कन र समायोजन, अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन, पाठ्यक्रम, पाठ्यपुस्तक र मूल्याङ्कन प्रणालीमा सुधार, सूचना तथा सञ्चार प्रविधिको शिक्षण सिकाइमा प्रभावकारी प्रयोग, विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण, उपयुक्त भौतिक पूर्वाधारको व्यवस्थापन, विद्यालय शिक्षामा सुशासन कायम गर्नु, जीवनोपयोगी शिक्षाको प्रबन्ध गर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

## १.४. अवसरहरू:

संवैधानिक र कानुनी रूपमा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय तहमा प्राप्त, आधारभूत तहको शिक्षा अनिवार्य तथा निःशुल्क, माध्यमिक तहको शिक्षा निःशुल्कसम्बन्धी ऐन तथा नियमावली, नगर शिक्षा ऐन, नियम र कार्यविधि, नगर विकासको आवधिक योजना, विद्यालय विकासमा साझा प्रयत्न र भावना, ऊर्जाशील तथा लगनशील शिक्षकहरू, सूचना तथा सञ्चार प्रविधिको पहुँच, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन तथा क्रियाशिलता, तीनै तहका सरकार तथा साझेदार संस्थाबीच समन्वय, सहकार्य र जिम्मेवारी पूरा गर्न सक्ने अधिकार, भौगोलिकरूपमा सुविधायुक्त स्थान, उद्योगधन्दा तथा व्यापारिक केन्द्र, रोजगारको अवसर सृजना, बिजुली, बाटो, खानेपानी, सञ्चार सेवा, स्वास्थ्य, कृषि तथा विद्यालय शिक्षा, उच्च शिक्षाको शैक्षिक हब(केन्द्र) र मिश्रित संस्कृति जस्ता अवसरहरू रहेका छन् ।

# परिच्छेद दुईः लक्ष्य निर्धारण

## २.१. दूरदृष्टिः

**"समुन्नत नगरको लागि विद्यालय शिक्षामा सुधारः गुणस्तर, सुशासन र समृद्धिको आधार ।"**

## २.२. लक्ष्यः

विद्यालय शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री, सीपमूलक बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने जनशक्ति उत्पादन गर्ने ।

## २.३. उद्देश्यः

२.३.१. प्रारम्भिक बालविकास, आधारभूत तथा माध्यमिक तहको शिक्षामा समतामूलक पहुँच, सहभागिता तथा गुणस्तर सुनिश्चित गर्न चाहिने शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री र सुरक्षित बनाउनु।

२.३.२. विषयगत र कक्षागतरूपमा शिक्षक व्यवस्थापन तथा पेशागत विकास र प्रोत्साहनका अवसरहरूको सुनिश्चित गर्नु ।

२.३.३. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइको अवसर सुनिश्चित गर्नु ।

२.३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गरी गुणस्तरीय बनाउनु।

२.३.५. शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारीरूपमा कार्यान्वयन गर्नु ।

## २.४. रणनीतिहरूः

२.४.१. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न शैक्षिक सेवाहरूको विस्तार गर्ने ।(२.३.१)

२.४.२. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्ड बमोजिम समतामूलक पहुँच, गुणस्तरको सुनिश्चितता र अनुकूल सिकाइ वातावरणको प्रबन्ध मिलाउने । (२.३.१)

२.४.३. बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि योजनाबद्धरूपमा अतिरिक्त तथा सहक्रियाकलाप सञ्चालन गर्ने । (२.३.१)

२.४.४. राष्ट्रिय पाठ्यक्रम तथा मूल्याङ्कन र स्थानीय पाठ्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने।(२.३.१)

२.४.५. विषयगत र कक्षागतरूपमा शिक्षक व्यवस्थापन गर्ने ।(२.३.२)

२.४.६. विद्यालयको सुपरिवेक्षण, शिक्षक सहयोग र पृष्ठपोषणको प्रबन्ध मिलाउने ।(२.३.२)

२.४.७. शिक्षकको पेशागत विकासका लागि तालिम दिन र शिक्षण सहायताका लागि अनुगमन तथा सुपरिवेक्षणको प्रभावकारी संयन्त्र निर्माण गर्ने । (२.३.२)

२.४.८. विद्यालयमा कार्यरत जनशक्तिका लागि प्रोत्साहनमूलक कार्यक्रमको व्यवस्था गर्ने ।(२.३.२)

२.४.९. सामुदायिक सिकाइ केन्द्रमार्फत सबै नागरिकका लागि अनौपचारिक तथा निरन्तर शिक्षाका कार्यक्रम प्रबन्ध गर्ने । (२.३.३)

२.४.१०. साक्षरता कार्यक्रमलाई समतामूलक बनाउदै लक्षित वर्गलाई प्रोत्साहन गर्न निरन्तर सिकाइका लागि आयमूलक र सीपमूलक कार्यक्रमलाई प्रभावकारी बनाउने । (२.३.३)

२.४.११. समावेशी शिक्षालाई प्रभावकारी बनाउने । (२.३.३)

२.४.१२. आधारभूत, मध्यम र उच्चस्तरीय आवश्यक जनशक्तिको लागि प्रक्षेपण, तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने ।(२.३.४)

२.४.१३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गरी उपयोगी र गुणस्तरीय शिक्षाका लागि पहल गर्ने । (२.३.४)

२.४.१४. प्राविधिक शिक्षामा लगानी वृद्धि गर्दै थप प्राविधिक तथा व्यावसायिक शिक्षालयहरू स्थापना गर्ने। (२.३.४)

२.४.१५. प्रविधिमैत्री विद्यालय र कक्षाकोठाको व्यवस्था गर्ने ।(२.३.५)

२.४.१६. प्रयोगात्मकरूपमा गरेर सिक्ने वातावरण निर्माण गर्ने । (२.३.५)

२.४.१७. शिक्षक, विद्यार्थी तथा अभिभावक बीच सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सञ्जाल निर्माण गर्ने । (२.३.५)

२.४.१८. विद्यालयमा सूचना तथा सञ्चार प्रविधियुक्त आन्तरिक सञ्चार प्रवाह र अनुगमनको व्यवस्था मिलाउने । (२.३.५)

२.४.१९. सङ्घ, प्रदेश र सरोकारवाला संस्थाहरूको साझेदारी तथा समन्वयमा आवश्यक स्रोत व्यवस्थापन गर्ने । (सबै)

## २.५. कार्यनीतिः

२.५.१. सबै बालबालिकाहरूलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्न आवश्यकताका आधारमा शैक्षिक तथा भौतिक सेवाहरूको विस्तार गरिनेछ । (२.४.१)

२.५.२. प्रत्येक विद्यालयमा प्रत्येक हप्ताको खाजा खुवाउने साप्ताहिक तालिका तयार गरिने छ । (२.४.१)

२.५.३. विद्यालयमा प्रत्येक बालबालिकालाई तोकिएको मापदण्डका आधारमा ताजा र पोषणयुक्त खाजा खुवाइने छ । (२.४.१)

२.५.४. अभिभावकहरूका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.१)

२.५.५. विद्यालयमार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.१)
२.५.६. छात्रवृत्ति पाउन योग्य बालबालिकाको तथ्याङ्क अध्यावधिक गरिनेछ । (२.४.१)
२.५.७. सामुदायिक विद्यालयका सबै विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरिनेछ ।(२.४.१)
२.५.८. शैक्षिक सत्रको अन्त्यमा लक्षित वर्गका बालबालिकाहरूलाई छात्रवृत्ति प्रदान गरिनेछ । (२.४.१)
२.५.९. आधारभूत तहको शिक्षा निःशुल्क र अनिवार्य गरिनेछ । (२.४.२)
२.५.१०. माध्यमिक तहको शिक्षा पूर्णरूपमा निःशुल्क गरिनेछ । (२.४.२)
२.५.११. अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्ड बमोजिम विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।(२.४.२)
२.५.१२. बालमैत्री शैक्षिक वातावरण विकासका कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.२)
२.५.१३. किशोरी शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.२)
२.५.१४. विपन्न वर्गका बालबालिकाहरूका लागि पोसाक तथा स्टेशनरी वितरण गरिनेछ ।(२.४.२)
२.५.१५. अपाङ्गमैत्री भौतिक पूर्वाधार निर्माण गरिनेछ । (२.४.२)
२.५.१६. आपत्कालीन शैक्षिक प्रबन्धका लागि विद्यालयहरूको भौतिक सर्वेक्षण, कार्यविधि तयारी तथा प्रबोधीकरण, राहत सामग्रीको प्रबन्ध, योजना तयारी र मनोपरामर्श कार्यक्रम सञ्चालन गरिनेछ। (२.४.२)
२.५.१७. प्राथमिकताका आधारमा प्रयोगशाला, पुस्तकालय, भवन, मर्मत सम्भार, फर्निचर, शौचालय, घेराबारा, सिकाइ सामग्री जस्ता भौतिक पूर्वाधारहरूको विस्तार गरिनेछ । (२.४.२)
२.५.१८. नमूना विद्यालयको विकास गरिनेछ । (२.४.२)
२.५.१९. शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास गरिनेछ । (२.४.२)
२.५.२०. नगरस्तरीय अतिरिक्त क्रियाकलाप योजना निर्माण गरी कार्यान्वयन गरिनेछ । (२.४.३)
२.५.२१. प्रत्येक शुक्रवार ५ घण्टीपछि हाजिरीजवाफ, खेलकुद, वादविवाद जस्ता अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । (२.४.३)
२.५.२२. बालक्लब गठन गरी परिचालन गरिनेछ । (२.४.३)
२.५.२३. बाल सञ्जालको क्षमता विकास गरिनेछ ।(२.४.३)
२.५.२४. राष्ट्रपति रनिङ शील्ड प्रतियोगिता व्यवस्थापन तथा सञ्चालन गरिनेछ ।(२.४.३)
२.५.२५. प्रतिभा प्रदर्शनी कार्यक्रम सञ्चालन गरिनेछ ।(२.४.३)
२.५.२६. शैक्षिक मेला प्रदर्शनी गरिनेछ ।(२.४.३)
२.५.२७. शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन आवश्यकताअनुसार सहक्रियाकलाप सञ्चालन गरिनेछ । (२.४.३)
२.५.२८. नगर शिक्षा प्रतिष्ठानको स्थापना गरिनेछ । (२.४.३)
२.५.२९. अतिरिक्त क्रियाकलापसम्बन्धी विज्ञ शिक्षकहरू तयार गरिनेछ । (२.४.३)

२.५.३०. अतिरिक्त क्रियाकलाप तथा प्रतिष्ठान गठनसम्बन्धी निर्देशिका तयार गरिनेछ । (२.४.३)

२.५.३१. नियमितरूपमा संशोधित पाठ्यक्रमको प्रवोधीकरण गरिनेछ । (२.४.४)

२.५.३२. पाठ्यक्रमबमोजिम विद्यार्थी मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ । (२.४.४)

२.५.३३. एकीकृत पाठ्यक्रमको मर्मअनुसार शिक्षण व्यवस्थापन गरिनेछ । (२.४.४)

२.५.३४. परीक्षाफल विश्लेषण र सिकाइ सुधारसम्बन्धी गोष्ठी सञ्चालन गरिनेछ । (२.४.४)

२.५.३५. कक्षाकार्य, परियोजना कार्य र लघु शैक्षिक भ्रमणसम्बन्धी शिक्षक तालिम सञ्चालन गरिनेछ।(२.४.४)

२.५.३६. पाठ्यक्रम र पाठ्पुस्तक सुधारसम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.४)

२.५.३७. आवश्यकताअनुसार स्थानीय पाठ्यक्रम परिमार्जन तथा अध्यावधिक गरिनेछ ।(२.४.४)

२.५.३८. सबै विद्यालयहरूको स्तरीकरणका लागि मापदण्ड निर्माण गरिनेछ । (२.४.४)

२.५.३९. कक्षा ५, ७ र ९ का विद्यार्थीहरूको उपलब्धि परीक्षण गरिनेछ । (२.४.४)

२.५.४०. विषयगत र कक्षागतरूपमा आवश्यक पर्ने नपुग शिक्षक व्यवस्थापन गर्न सम्बन्धित निकायमा माग गरिनेछ। (२.४.५)

२.५.४१. आवश्यकताका आधारमा शिक्षण सिकाइ सहयोग अनुदान प्रदान गरिनेछ । (२.४.५)

२.५.४२. परम्परागत विद्यालय र दरबन्दीबिहिन आधारभूत विद्यालयलाई शैक्षिक सुधार अनुदान प्रदान गरिनेछ । (२.४.५)

२.५.४३. नियमितरूपमा विद्यालयहरूमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।(२.४.५)

२.५.४४. स्थायी शिक्षकको व्यवस्थापन गर्न दरबन्दी रिक्त भएमा नियमितरूपमा सम्बन्धित निकायमा स्थायी पदपूर्तिका लागि माग गरी पठाइनेछ । (२.४.५)

२.५.४५. शिक्षण सहायताका लागि अनुगमन तथा सुपरिवेक्षणको प्रभावकारी संयन्त्र निर्माण गरिनेछ। (२.४.६)

२.५.४६. सुपरिवेक्षणका लागि विज्ञ सम्मिलित विषयगत समिति निर्माण गरिनेछ ।(२.४.६)

२.५.४७. विज्ञसहितको विषय समितिमा सुपरिवेक्षणको योजना तयार गरी विषय विज्ञद्वारा शिक्षण सिकाइको सुपरिवेक्षण गरिनेछ ।(२.४.६)

२.५.४८. सुपरिवेक्षण गरी कक्षा अवलोकनमार्फत शिक्षकलाई आवश्यक पृष्ठपोषण आदानप्रदान गरिनेछ। (२.४.६)

२.५.४९. दिइएका पृष्ठपोषणअनुसार सुधार भएको सुनिश्चित गर्न अनुगमन गरिनेछ ।(२.४.६)

२.५.५०. शिक्षकको पेशागत विकासका लागि तालिम प्रदान गरिनेछ ।(२.४.७)

२.५.५१. सबै शिक्षकलाई शिक्षा तालिम केन्द्रमार्फत शिक्षकको पेशागत विकास तालिम प्रदान गरिनेछ। (२.४.७)

२.५.५२. शिक्षकलाई पुनर्ताजगी तालिम प्रदान गरिनेछ ।(२.४.७)

२.५.५३. शिक्षकलाई उत्प्रेरणा र सकारात्मक सोचसम्बन्धी तालिम सञ्चालन गरिनेछ ।(२.४.७)

२.५.५४.शिक्षकका लागि सिकाइ अनुभव आदानप्रदान तथा नवप्रवर्तनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। (२.४.७)

२.५.५५. असल अभ्यासका लागि अवलोकन भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.७)

२.५.५६. शिक्षणमा आधुनिक प्रविधिको प्रयोगका लागि सूचना तथा प्रविधिसम्बन्धी प्रशिक्षण गरिनेछ । (२.४.७)

२.५.५७. प्रभावकारी संयन्त्रको विकास गरी शिक्षक तालिम प्रदान गरिनेछ । (२.४.७)

२.५.५८. बालविकास केन्द्रका सहजकर्ता र विद्यालय कर्मचारिको पारिश्रमिकमा थप गरिनेछ ।(२.४.८)

२.५.५९. प्रधानाध्यापक भत्ता थप गरिनेछ ।(२.४.८)

२.५.६०. कार्य सम्पादन मूल्याङ्कनका आधारमा शिक्षकहरूलाई पुरस्कार तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.८)

२.५.६१. नगरपालिका क्षेत्रमा साक्षरताको सर्वेक्षण गरिनेछ । (२.४.९)

२.५.६२. साक्षर हुन बाँकी नागरिकलाई साक्षरता कक्षा सञ्चालन तथा व्यवस्थापन गरिनेछ । (२.४.९)

२.५.६३. साक्षरता शिक्षा प्राप्त नागरिकलाई निरन्तर (साक्षरोत्तर) शिक्षामा समावेश गरिनेछ । (२.४.९)

२.५.६४. साक्षरता कार्यक्रम सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन तथा व्यवस्थापन गरिनेछ । (२.४.९)

२.५.६५. साक्षरोत्तर शिक्षा प्राप्त गरेका नागरिकलाई सिकाइ निरन्तरताका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.१०)

२.५.६६. मौलिक तथा परम्परागत ज्ञान र सीपमा आधारित सामग्री विकास र प्रदर्शनी गरिनेछ । (२.४.१०)

२.५.६७. आयआर्जनमा संलग्न साक्षर नागरिकलाई छोटो अवधिको सीपमूलक तालिम प्रदान गरिनेछ। (२.४.१०)

२.५.६८. विभिन्न क्षमता र लक्षित वर्गका बालबालिकालाई स्तरअनुसार सबै विद्यार्थीसँग घुलमिल हुने गरी सम्बन्धित कक्षामा समावेश गरी शिक्षण गरिनेछ । (२.४.११)

२.५.६९. बालबालिकाको परीक्षण, अपाङ्गताको आधारमा वर्गीकरण र शिक्षाको प्रबन्ध गरिनेछ । (२.४.११)

२.५.७०. समावेशी शिक्षामा बाल केन्द्रित शैक्षिक वातावरण विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ। (२.४.११)

२.५.७१. समावेशी शिक्षासम्बन्धी प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको क्षमता विकासका लागि कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.११)

२.५.७२. आधारभूत, मध्यम र उच्चस्तरीय जनशक्ति विकासको संभाव्यता अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिनेछ । (२.४.१२)

२.५.७३. सङ्कलन भएको तथ्याङ्क विश्लेषण गरी त्यसका आधारमा आवश्यक जनशक्ति प्रक्षेपण गरिनेछ । (२.४.१२)

२.५.७४. प्राविधिक धारमा अध्यापन गर्ने प्रशिक्षकहरूको क्षमता विकास गरिनेछ । (२.४.१३)

२.५.७५. प्राविधिक सीप सिकेका प्रशिक्षार्थीहरूको सीप प्रमाणीकरण गरिनेछ । (२.४.१३)

२.५.७६. प्राविधिक धार सञ्चालन गर्ने शैक्षिक संस्थाहरूसँग समन्वय गरी सहकार्य र साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.१३)

२.५.७७. प्राविधिक शिक्षामा आवश्यकताको आधारमा लगानी वृद्धि गरिनेछ । (२.४.१४)

२.५.७८. प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको पूर्वाधार विकास गरिनेछ । (२.४.१४)

२.५.७९. आवश्यकताअनुसार प्राविधिक शिक्षालय र विषयको विस्तार गरिनेछ । (२.४.१४)

२.५.८०. विद्यालयमा ICT ल्यावको स्थापना गरिनेछ ।(२.४.१५)

२.५.८१. कक्षाकोठामा प्रविधिको प्रयोग गर्न सकिने गरी कक्षाकोठा व्यवस्थापन गरिनेछ ।(२.४.१५)

२.५.८२. सबै तहका शिक्षकहरूलाई प्रविधि प्रयोगसम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिनेछ । (२.४.१५)

२.५.८३. अन्तरक्रियात्मक विद्युतीय सामग्रीहरूको व्यवस्थापन गरिनेछ।(२.४.१६)

२.५.८४. विद्यार्थीलाई प्राविधिक शिक्षामा प्रयोग गरेर सिक्ने अवसर उपलब्ध गराइनेछ ।(२.४.१६)

२.५.८५. शिक्षकलाई सहजकर्ताका रूपमा र विद्यार्थीलाई अभ्यासमा जोड दिने शिक्षण सिकाइ वातावरण सृजना गरिनेछ ।(२.४.१६)

२.५.८६. शिक्षक, विद्यार्थी र अभिभावक बीच प्रत्यक्ष सञ्चारका लागि सञ्जाल तयार गरिनेछ।(२.४.१७)

२.५.८७. सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट नियमितरूपमा शिक्षकले विद्यार्थीलाई र विद्यार्थीले शिक्षकलाई निरन्तर सम्पर्क गर्न प्रोत्साहन गरिनेछ ।(२.४.१७)

२.५.८८. Corporate User Group (CUG) कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गरिनेछ । (२.४.१७)

२.५.८९. विद्यालयमा त्रिपक्षीय सूचना तथा सञ्चार प्रविधिको प्रयोगको प्रभावकारी अनुगमन गरिनेछ । (२.४.१८)

२.५.९०. सूचना प्रविधिको प्रभावकारी कार्यान्वयनमा संघ, प्रदेश तथा सम्बन्धित सरोकारवालाहरूसँग निरन्तर समन्वय गरिनेछ ।(२.४.१८)

२.५.९१. अन्तर सरकार तथा सहयोगी संस्थाहरूसँग समन्वय गरी आवश्यकताको आधारमा स्रोत व्यवस्थापनमा साझेदारी गरिनेछ । (२.४.१९)

२.५.९२. नगरपालिकाका स्वास्थ्य, कृषि, विपद् व्यवस्थापन, सामाजिक विकासलगायतका विषयगत शाखाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ । (२.४.१९)

२.५.९३. सङ्घ, प्रदेश र सरोकारवाला संस्थाहरूको साझेदारी तथा समन्वयमा आवश्यक स्रोत व्यवस्थापन गरिनेछ ।(२.४.१९)

## २.६. अपेक्षित उपलब्धिः

- प्रारम्भिक बालविकास शिक्षामा पहुँच र गुणस्तर सुनिश्चित भएको हुनेछ।
- आधारभूत तथा माध्यमिक तहका शिक्षामा समतामूलक पहुँच, सहभागिता तथा गुणस्तर सुनिश्चित गर्न शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री र सुरक्षित भएको हुनेछ ।
- विषयगत र कक्षागतरूपमा शिक्षक व्यवस्थापन तथा पेशागत विकासका अवसरहरूको सुनिश्चितता भएको हुनेछ।
- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइको अवसर सुनिश्चित भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि भई गुणस्तरीय भएको हुनेछ ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी रूपमा कार्यान्वयन भएको हुनेछ ।

## २.७. मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

| क्र.सं. | सूचक | राष्ट्रिय र स्थानीय तहको सूचक | आधार वर्ष ०७९ | ०८१ | ०८४ | ०८९ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | १३१ | १२७ | १२० | ११० | | IEMIS |
| | | राष्ट्रिय | ८६.२ | | | | | फ्ल्यास रिपोर्ट |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका (%) | स्थानीय | ६६.५ | ७२ | ७८ | ८६ | | IEMIS |
| | | राष्ट्रिय | ७३.० | | | | | फ्ल्यास रिपोर्ट |
| २. | आधारभूत शिक्षा (कक्षा १-८) | | | | | | | |
| २.१. | कक्षा १ मा भर्ना भएका बालबालिकाको खुद भर्ना दर (%) | स्थानीय | २५.९३ | ३१ | ३७ | ५२ | | IEMIS |
| | | राष्ट्रिय | ९७.५ | | | | | फ्ल्यास रिपोर्ट |
| २.२. | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १२४.४ | १२३ | १२० | ११५ | | IEMIS |
| | | राष्ट्रिय | ११५.० | | | | | फ्ल्यास रिपोर्ट |
| २.३. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | स्थानीय | ८८.७ | ९० | ९२ | ९६ | | IEMIS |
| | | राष्ट्रिय | ९९ | | | | | फ्ल्यास रिपोर्ट |
| २.४. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर (%) | स्थानीय | १२५.६ | १२२ | ११८ | १११ | | IEMIS |
| | | राष्ट्रिय | ११५ | | | | | फ्ल्यास रिपोर्ट |

| क्र.सं. | सूचक | राष्ट्रिय र स्थानीय तहको सूचक | आधार वर्ष ०७९ | ०८१ | ०८४ | ०८९ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.५. | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर (%) | स्थानीय | २३.५९ | २९ | ३५ | ५१ | | IEMIS |
| | | राष्ट्रिय | ९८.३ | | | | | फ्ल्यास रिपोर्ट |
| २.६. | आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर (%) | स्थानीय | १३२.० | १२९ | १२६ | १२१ | | IEMIS |
| | | राष्ट्रिय | ११० | | | | | फ्ल्यास रिपोर्ट |
| २.७. | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर (%) | स्थानीय | ७९.० | ८१ | ८४ | ८९ | Cohort | IEMIS |
| | | राष्ट्रिय | ९३ | | | | | फ्ल्यास रिपोर्ट |
| २.८. | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर (%) | स्थानीय | ८०.० | ८२ | ८५ | ९१ | Cohort | IEMIS |
| | | राष्ट्रिय | ९३.१ | | | | | फ्ल्यास रिपोर्ट |
| २.९. | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका(%) | स्थानीय | २६.९४ | २४ | २१ | १६ | | IEMIS |
| | | राष्ट्रिय | २०.० | | | | | फ्ल्यास रिपोर्ट |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क | स्थानीय | १.०४ | १.०३ | १.०२ | १.०१ | | IEMIS |
| | | राष्ट्रिय | १.०६ | | | | | फ्ल्यास रिपोर्ट |
| २.११. | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | स्थानीय | ९१.९९ | ९३ | ९५ | ९९ | | IEMIS |
| | | राष्ट्रिय | ९९.० | | | | | फ्ल्यास रिपोर्ट |
| २.१२. | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १२८.६ | १२५ | १२२ | ११७ | | IEMIS |
| | | राष्ट्रिय | ११०.४ | | | | | फ्ल्यास रिपोर्ट |
| २.१३. | आधारभूत तहको कक्षा ८ सम्म टिकाउ दर (%) | स्थानीय | ६३.० | ६५ | ६९ | ७४ | Cohort | IEMIS |
| | | राष्ट्रिय | ७९.३ | | | | | फ्ल्यास रिपोर्ट |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर (%) | स्थानीय | ६५.० | ६७ | ६९ | ७२ | Cohort | IEMIS |
| | | राष्ट्रिय | ७२.७ | | | | | फ्ल्यास रिपोर्ट |
| २.१५. | आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक | स्थानीय | १.०६ | १.० | १.०३ | १.० | | IEMIS |
| | | राष्ट्रिय | १.०१ | | | | | फ्ल्यास रिपोर्ट |
| २.१६. | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) — नेपाली भाषा | स्थानीय | ७२.७ | ७४ | ७७ | ८१ | | |
| | | राष्ट्रिय | | | | | | |
| | गणित | स्थानीय | ७१.८ | ७३ | ७६ | ८१ | | |
| | | राष्ट्रिय | | | | | | |
| २.१७. | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्ध्धि हासिल गरेका ( कक्षा ५ को आधारभूत तह — नेपाली भाषा | स्थानीय | ६७.४ | ६९ | ७१ | ७५ | | |
| | | राष्ट्रिय | ५२.० | | | | | फ्ल्यास रिपोर्ट |
| | गणित | स्थानीय | ६४.७ | ६६ | ६८ | ७१ | | |
| | | राष्ट्रिय | ४०.० | | | | | फ्ल्यास रिपोर्ट |

| क्र.सं. | सूचक | | राष्ट्रिय र स्थानीय तहको सूचक | आधार वर्ष ०७९ | ०८१ | ०८४ | ०८९ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | अङ्ग्रेजी | स्थानीय | ६९.९ | ७१ | ७३ | ७६ | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ४५.६ | ४८ | ५२ | ६३ | | |
| | | | राष्ट्रिय | ७०.० | | | | | फ्ल्यास रिपोर्ट |
| | | गणित | स्थानीय | ५५.७ | ५८ | ६२ | ६७ | | |
| | | | राष्ट्रिय | ६०.० | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५३.५ | ५५ | ५८ | ६४ | | |
| | | | राष्ट्रिय | ५०.० | | | | | |
| २.१९. | विद्यालय बाहिर रहेका बालबालिका (%) | आधारभूत तह (कक्षा १-५) | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | १.० | | | | | फ्ल्यास रिपोर्ट |
| | | आधारभूत तह (कक्षा १-८) | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | | | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको सङ्ख्या (%) | | स्थानीय | ४६.१ | ४७ | ४९ | ५१ | | IEMIS |
| | | | राष्ट्रिय | ४५.० | | | | | |
| ३. | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१. | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | | स्थानीय | ६७.४ | ६९ | ७१ | ७४ | | IEMIS |
| | | | राष्ट्रिय | ६५ | | | | | |
| ३.२. | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर (%) | | स्थानीय | १५२.५ | १४५ | १३९ | १२९ | | IEMIS |
| | | | राष्ट्रिय | ७१.४ | | | | | |
| ३.३. | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक (कक्षा ९-१२) | | स्थानीय | १.०७ | १.०६ | १.०५ | १.०३ | | IEMIS |
| | | | राष्ट्रिय | १.०२ | | | | | |
| ३.४. | आधाभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर (%) | | स्थानीय | ७९.५ | ८३ | ८७ | ९३ | | IEMIS |
| | | | राष्ट्रिय | ९७.५ | | | | | |
| ३.५. | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | | स्थानीय | ५९.० | ६० | ६२ | ६५ | | |
| | | | राष्ट्रिय | ६०.३ | | | | | |
| ३.६. | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | | स्थानीय | ५२.० | ५३ | ५५ | ५७ | | |
| | | | राष्ट्रिय | २४.० | | | | | |
| ३.७. | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या(%) | | स्थानीय | १५.० | १७ | १९ | २२ | | |
| | | | राष्ट्रिय | २२.० | | | | | |

| क्र.सं. | सूचक | | राष्ट्रिय र स्थानीय तहको सूचक | आधार वर्ष ०७९ | ०८१ | ०८४ | ०८९ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| ३.८. | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या (%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | १७ | | | | | |
| ३.९. | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि (अङ्कमा) | नेपाली भाषा | स्थानीय | ४८.१ | ५० | ५३ | ६० | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | गणित | स्थानीय | ५१.३ | ५३ | ५६ | ६२ | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | ४९.८ | ५१ | ५५ | ६१ | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५२.२ | ५५ | ५९ | ६४ | | |
| | | | राष्ट्रिय | | | | | | |
| ४. | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१. | साक्षरता दर (१५ वर्षभन्दा माथि) (%) | | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | ९५ | | | | | |
| ४.२. | साक्षरता दर (६ वर्षभन्दा माथि) (%) | | स्थानीय | ८७.१ | ८९ | ९२ | ९७ | | |
| | | | राष्ट्रिय | ८९ | | | | | |
| ४.३. | साक्षरता दर (१५ - २४ उमेर समूह) (%) | | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | ९२ | | | | | |
| ४.४. | साक्षरता दरमा लैङ्गिक समता (१५ वर्षभन्दा माथि) | | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | ०.६५ | | | | | |
| ५. | प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम | | | | | | | | |
| ५.१. | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति (%) | | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | ४० | | | | | |
| ५.२. | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्ण जनशक्ति (वार्षिक सङ्ख्या) | | स्थानीय | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| क्र.सं. | सूचक | राष्ट्रिय र स्थानीय तहको सूचक | आधार वर्ष ०७९ | ०८१ | ०८४ | ०८९ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ६. | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ६.१. | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १५.६७ | १८ | २१ | २८ | | IEMIS |
| | | राष्ट्रिय | २४:१ | | | | | |
| ६.२. | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४८.६२ | ४८ | ४७ | ४५ | | IEMIS |
| | | राष्ट्रिय | ३०:१ | | | | | |
| ६.३. | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २३.१ | २४ | २६ | ३० | | IEMIS |
| | | राष्ट्रिय | ३१:१ | | | | | |
| ६.४. | माध्यमिक तह (कक्षा ९-१०)मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ५०.९५ | | | | | IEMIS |
| | | राष्ट्रिय | ४०:१ | | | | | |
| ६.५. | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ९७.९२ | | | | | IEMIS |
| | | राष्ट्रिय | ३५:१ | | | | | |
| ७. | उच्च शिक्षा | | | | | | | |
| ७.१. | उच्च शिक्षामा कुल भर्ना दर (%) | स्थानीय | | | | | | |
| | | राष्ट्रिय | १७ | | | | | |
| ७.२. | उच्च शिक्षामा महिला सहभागिता अनुपात | स्थानीय | | | | | | |
| | | राष्ट्रिय | ९४ | | | | | |
| ७.३. | प्राविधिक उच्च शिक्षामा विद्यार्थी भर्ना दर (%) | स्थानीय | | | | | | |
| | | राष्ट्रिय | २५ | | | | | |
| ८. | शिक्षामा लगानी | | | | | | | |
| ८.१. | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट (%) | स्थानीय | ७ | ९ | ११ | १५ | | |
| | | राष्ट्रिय | १५ | | | | | |
| ८.२. | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | राष्ट्रिय | २१ | | | | | |
| ८.३. | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | | | | | | |
| | | राष्ट्रिय | १५ | | | | | |

# परिच्छेद तीनः विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

## ३.१. प्रारम्भिक बालविकास र शिक्षाः

### ३.१.१. परिचय

अन्तर्राष्ट्रियस्तरमा गर्भावस्थादेखि ८ वर्षसम्मको उमेरलाई प्रारम्भिक बालविकासको उमेर भन्ने गरिन्छ । प्रारम्भिक बालविकास उमेर राष्ट्रियस्तरमा परिभाषित नभए पनि शिक्षा, स्वास्थ्य, पोषण र सिकाइसम्बन्धी धेरै जसो कार्यक्रमहरू ५ वर्ष मुनिका बालबालिकालाई केन्द्रित गरी सञ्चालन भएको पाइन्छ । गर्भबाट जीवनको शुरुवात हुनगई वृद्धि र विकास सँगसँगै भइरहेको हुन्छ । शरीरको आकारमा परिवर्तनले वृद्धिलाई र कार्यमा परिमार्जित सोच तथा प्रतिक्रियामा परिवर्तन, सामाजिकीकरण, शब्दभण्डारमा वृद्धि, बोलीचालीमा हुने परिवर्तनले विकासलाई सङ्केत गर्दछ । मानव जीवनको सबैभन्दा महत्त्वपूर्ण समय प्रारम्भिक वाल्यावस्था हो । जुन समयमा अन्य उमेरमा भन्दा यस उमेरमा बालबालिकाहरूको वृद्धि विकास, सिकाइ क्षमता र मस्तिष्कको धेरै छिटो विकास भइरहेको हुन्छ । यस दृष्टिले हेर्दा वाल्यावस्था भविष्यको सिकाइको जग हो । यस उमेर समूहमा पाउने उत्प्रेरणा, शारीरिक र मानसिक स्वस्थता, उसले पाएको शारीरिक, वौद्धिक, संवेगात्मक, सामाजिक, भाषिक विकास गर्न सन्तुलित र उचित अवसरले भविष्यमा व्यक्तिको जीवनको सफलता निर्धारण हुन्छ ।

बालबालिकाको चौतर्फी विकास र बालअधिकारको अभ्यास घरबाटै शुरु गर्न र बालबालिकाको स्तर अनुरूपका क्रियाकलाप प्रारम्भिक अवस्थामै अभ्यस्त बनाउन विद्यालय पूर्वको तयारीका लागि बालविकास केन्द्र व्यवस्थापन तथा सञ्चालन गरिदै आइएको छ । सामुदायिक वियालयमा आधारित बालविकास, समुदायमा आधारित बालविकास तथा संस्थागत विद्यालयमा सञ्चालित पूर्वप्राथमिक कक्षाका रूपमा सञ्चालन हुँदै आएको छ ।

संस्थागत विद्यालयमा सञ्चालित पूर्वप्राथमिक कक्षा अधिकतम ३ वर्षको हुने गरेको छ भने सामुदायिक विद्यालयको बालविकास केन्द्र (शिशु कक्षा) भने १ वर्षको निर्धारण गरिएको छ । नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हकभित्र पहिचानसहितको नामाकरण र जन्मदर्ता, परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, मनोरञ्जन तथा सर्वाङ्गीण विकास तथा प्रारम्भिक बालविकास र बालसहभागिता लगायतका हकको व्यवस्था उल्लेख गरिएको छ । प्रारम्भिक बालशिक्षालाई विद्यालयको शिक्षाभित्रको संरचनामा आवद्ध गर्ने, ४ वर्ष उमेर पूरा गरेका बालबालिकाहरूलाई १ वर्षको प्रारम्भिक बाल शिक्षा (शिक्षा ऐन २०२८ आठौं संशोधन-२०७३) दिने प्रावधान छ । यसै गरी बालबालिकासम्बन्धी राष्ट्रिय नीति २०६९, चालु पञ्चवर्षीय योजना, प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७/०७८, दीगो विकासका

लक्ष्य, प्रारम्भिक बालविकाससम्बन्धी मापदण्ड २०७४ लगायतका नीतिले पनि प्रारम्भिक बालविकास र शिक्षाका लागि विभिन्न प्रावधानहरू उल्लेख गरेको छ ।

विद्यालय शिक्षाको हालको पाठ्यक्रम संरचनाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षाको पाठ्यक्रम २०७६ अनुसार आधारभूत सीप सिकाइका क्षेत्रका लागि ३८४ र विषयत सीप सिकाइका लागि १९२ गरी जम्मा ५७६ वार्षिक कार्यघण्टा छुट्याइएको छ ।

### ३.१.२. वर्तमान अवस्था

सामुदायिक विद्यालयमा सञ्चालित प्रारम्भिक बालविकास केन्द्रको सङ्ख्या ५२ (समुदायमा आधारित ४, विद्यालयमा आधारित ४६, धार्मिक २) तथा बालबालिकाहरूको सङ्ख्या १००२, संस्थागत विद्यालयमा सञ्चालित पूर्वप्राथमिक तह ५५, ४ वर्ष उमेर समूहका जम्मा बालबालिका सङ्ख्या १९२३, बालबालिकाहरूको खुद भर्ना दर ७६.३ प्रतिशत, प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रममा सहभागी जम्मा बालबालिकाको सङ्ख्या ४८९६, प्रारम्भिक बालविकास र शिक्षाको कुल भर्ना दर (GER) १३१.० प्रतिशत, कक्षा १ मा प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहितको भर्ना दर ६६.५ प्रतिशत, प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक समता सूचक १.०६ र कार्यरत महिला शिक्षक ९३.३ प्रतिशत रहेको छ ।

### ३.१.३. उद्देश्यः

१. प्रारम्भिक बालविकास शिक्षामा पहुँच सुनिश्चित गर्नु ।
२. प्रारम्भिक बालविकास तथा शिक्षाको गुणस्तर सुनिश्चित गर्नु ।

### ३.१.४. रणनीतिहरूः

१. सञ्चालनमा रहेका बालविकास केन्द्रहरू (सामुदायिक तथा संस्थागत) लाई प्रारम्भिक बालविकास केन्द्र मापदण्ड निर्देशिका अनुसार व्यवस्थापन गर्ने ।
२. लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमूना बाल विकास केन्द्रहरूको विकास गर्ने ।
३. प्रारम्भिक बालविकास कार्यक्रममा लागत सहभागिता अभिवृद्धि गर्ने ।
४. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि सरोकारवालाहरू (परिवार, समुदाय, गैह्र सरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरू) लाई जिम्मेवार बनाउने ।
५. भएका सामुदायिक बालविकास केन्द्रहरू मध्ये ५ ओटा बालविकास केन्द्रहरूलाई नमूनाको रूपमा विकसित गर्ने ।
६. बालविकास शिक्षकहरूको क्षमता विकासका लागि आधारभूत तथा पुनर्ताजगी तालिम कार्यक्रम सञ्चालन गर्ने ।

७. सबै बालकक्षाहरूको व्यवस्थापन, कक्षा सजावट तथा शैक्षिक सामग्रीहरूको व्यवस्था गर्ने।

८. योजनाबद्धरूपमा बालकक्षा सञ्चालनका लागि पाठ्यक्रम, कक्षा सञ्चालन सहयोगी पुस्तिका, दैनिक कार्यतालिका आदिको व्यवस्थापन गर्ने साथै प्रभावकारीरूपमा अनुगमन, निरीक्षण आदिको व्यवस्था गर्ने ।

९. समुदायमा आधारित बालविकास केन्द्रका लागि मातृविद्यालयलाई नियमित अनुगमन र सहयोगमा थप जिम्मेवार बनाउने ।

१०. बाल विकास केन्द्रमा सहजै देखिने भर्ना दर १००% मा पुऱ्याउने ।

३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

३.१.५.१. **उपलब्धिः**

- सेवा क्षेत्र भित्रका सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ ।

**३.१.५.२. प्रमुख नतिजाः**

- प्रारम्भिक बालविकास र शिक्षाको सहजै देखिने भर्ना दर ११०% पुगेको हुनेछ ।
- प्रारम्भिक बालविकास र शिक्षा उमेरका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने दर ८०% पुग्नेछ ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड (भौतिक पूर्वाधार, स्वास्थ्य सरसफाइ पोषण र सुरक्षा, सामग्री, वाहिरी वातावरण, व्यवस्थापन समिति, मानवीय स्रोत साधन, गुणस्तरीय केन्द्रका लागि आवश्यक वातावरण, प्रशासनिक व्यवस्थापन) पूरा गर्नेछन् ।
- शतप्रतिशत बाल विकास शिक्षकहरूले तालिम प्राप्त गर्नेछन् ।
- प्रारम्भिक बाल विकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैह्र सरकारी सङ्घसंस्था र विद्यालयहरूसमेत सबै सरोकारवालाहरू जिम्मेवार हुनेछन् ।

**३.१.५.३. प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | (१० वर्ष) | |
| १. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण (सामुदायिक) | जना | ५२ | | ५२ | | ५२ | १५६ | ३१२ | |
| २. | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण (संस्थागत) | जना | २५ | | ३० | | ३५ | ९० | १८० | |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३. | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | ३ | | ५ | | ५ | १३ | २६ | |
| ४. | परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्रसँगको सहकार्य | पटक | १ | ३ | ५ | ७ | ८ | २४ | ४८ | |
| ५. | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | जना | ५ | ८ | १२ | १६ | २० | ६१ | १२२ | |
| ६. | बालबालिकाको अभिलेखीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७. | अपाङ्गता भएका बालबालिकाका लागि वैयक्तिक परिवार सेवा योजना | जना | ५ | १८ | १२ | १६ | २० | ७१ | १४२ | |
| ८. | पोषणयुक्त दिवाखाजाको व्यवस्था | जना | १००२ | १०२० | १०१४ | १०६५ | ११०० | ५२०१ | १०४०२ | |
| ९. | बालविकासको पाठ्यक्रम प्रबोधीकरण | | १४२ | | १४२ | | १५० | ४३४ | ८६८ | |
| १०. | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | केन्द्र | १० | १० | १० | १० | १२ | ५२ | ५२ | |
| ११. | सहयोगी कार्यकर्ताहरूको योग्यता र क्षमता विकास | जना | २६ | | २६ | | | ५२ | ५२ | |
| १२. | बालबालिकाको स्वास्थ्यजाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३. | अभिभावक शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४. | अभिभावक तथा समुदायका सदस्यमार्फत स्थानीय ज्ञान तथा सीपहरू बालबालिकालाई सिकाउने व्यवस्था | | | | | | | | | |
| १५. | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६. | परिवार, समुदाय, निजीक्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | पटक | २ | | २ | | ३ | ७ | १४ | |
| १७. | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यवस्थापन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८. | सहयोगी (आया)को व्यवस्था | जना | ५ | ८ | ५ | ४ | | २२ | २२ | |

## ३.२. आधारभूत शिक्षाः

### ३.२.१. परिचय

विद्यालय शिक्षाको प्रारम्भ र माध्यमिक शिक्षाको जगको रूपमा आधारभूत शिक्षालाई लिने गरिन्छ। आधारभूत तहको शिक्षाले उमेर समूहका हिसावले ५ देखि १२ वर्षसम्मका बालबालिकाहरूलाई समेट्छ । आधारभूत तह विद्यालय शिक्षाको जग हो । यसको गुणस्तर अभिवृद्धिका लागि शिक्षक, शिक्षण सिकाइका लागि स्रोतसामग्री र अनुकूल सिकाइ वातावरणमा जोड दिनुपर्ने हुन्छ । नेपालको संविधान, २०७२ ले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच हुने र यो तहको शिक्षा अनिवार्य र निःशुल्क पाउने हकको व्यवस्था गरेको छ । यसै गरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५ ले आधारभूत शिक्षा प्रदान गर्ने दायित्त्व, आवश्यक व्यवस्था र जिम्मेवारी सङ्घ, प्रदेश र स्थानीय तहलाई तोकेको छ । आधारभूत शिक्षा उमेर समूहका बालबालिकाहरूका लागि विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने कुरा उल्लेख गरेको छ ।प्रचलित ऐनहरूले परिभाषित गरे अनुसार नेपालमा आधारभूत शिक्षा भन्नाले कक्षा १ देखि कक्षा ८ सम्म दिइने शिक्षालाई उल्लेख गरेको छ । यस अन्तर्गत ४ वर्ष उमेर पूरा भएका बालबालिकाका लागि १ वर्षे प्रारम्भिक बाल विकास र शिक्षासमेत पर्दछ ।

आधारभूत शिक्षा सञ्चालनका लागि कानुनी व्यवस्था, विद्यालय व्यवस्थापन समितिको व्यवस्था, उच्च शैक्षिक योग्यता भएका शिक्षकहरू, सङ्घ, प्रदेश र स्थानीय तहबाट शिक्षामा व्यवस्थापकीय सहयोग, विद्यालय सुधार योजना निर्माण र अध्यावधिक, सूचना तथा प्रविधिको पहुँच जस्ता अवसरहरू भए तापनि समतामूलक पहूँच, विद्यालय शिक्षक दरबन्दी व्यवस्थापन, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन, पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार, गुणस्तरीय शिक्षाको प्रभावकारीरूपमा कार्यान्वयन, संस्थागत क्षमता विकास, सिकाइका लागि वाह्य वातावरण सिर्जना, सरोकारवालाहरूको अपनत्व र सहभागिता, विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण, उपयुक्त भौतिक पूर्वाधारको निर्माण, विद्यालय शिक्षामा सुशासन कायम गर्नु शिक्षा क्षेत्रमा रहेका मुख्य चुनौतीहरू हुन् ।

### ३.२.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाअन्तर्गत आधारभूत तह (कक्षा १-५) सञ्चालन भएका विद्यालय सङ्ख्या सामुदायिक १८, धार्मिक २ र संस्थागत ५५, आधारभूत तह (कक्षा ६-८) सञ्चालन भएका विद्यालय सङ्ख्या सामुदायिक १४, धार्मिक १ र संस्थागत ४४ रहेका छन् । विशेष शिक्षा अन्तर्गत ४ ओटा विद्यालयहरूमा ७ ओटा स्रोतकक्षा सञ्चालित छन् । आधारभूत तह (कक्षा १-५) का जम्मा विद्यार्थी सङ्ख्या १२९१७ मध्ये सामुदायिकतर्फ २९००, आधारभूत तह

(कक्षा ६-८) का जम्मा विद्यार्थी सङ्ख्या ७९९८ मध्ये सामुदायिकतर्फ २५७७, आधारभूत तह (कक्षा १-८) का जम्मा विद्यार्थी सङ्ख्या २०९१५ मध्ये सामुदायिकतर्फ ५४७७ रहेकोछ ।

आधारभूत शिक्षासँग सम्बन्धित तथ्याङ्क तथा सूचकहरूको विश्लेषण गर्दा बिर्तामोड नगरपालिकाको आधारभूत तह कक्षा १-५ मा खुद भर्ना दर ८८.७, कुल भर्ना दर १२५.६, आधारभूत तहको कक्षा ५ को खूद प्रवेश दर २३.६, आधारभूत तहको कक्षा ५ को कुल प्रवेश दर १३२.०, आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर ७९.०, आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर ८०.०, आधारभूत तहमा (प्राथमिक कक्षा १-५ मा) भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका २६.९, आधारभूत तह प्राथमिक कक्षा १-५ कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क १.०४, आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर ९२.०, आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर १२८.६, आधारभूत तहको कक्षा ८ सम्म टिकाउ दर ६३.०, आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर ६५.०, आधारभूत तह (कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक १.०६ रहेको छ ।

सामुदायिक विद्यालयको आधारभूत तह कक्षा १-५ मा अध्यापन गर्ने शिक्षकहरूको सङ्ख्या १८५ जना तथा ६-८ मा अध्यापन गर्ने शिक्षक सङ्ख्या ५३ जनासमेत जम्मा २३८ जना रहेको छ । यस मध्ये आधारभूत तह (कक्षा १-८) मा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको अनुपात ४४.९५ % रहेको छ ।

बिर्तामोड नगरपालिकाको आधारभूत तहको विद्यार्थी उपलब्धिस्तरलाई विश्लेषण गर्दा कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धि नेपाली भाषाको ७२.७, गणितको ७१.८ रहेको छ । यसै गरी कक्षा ५ को न्यूनतम सिकाइ उपलब्धि नेपाली भाषाको ६७.४, गणितको ६४.७ र अङ्ग्रेजी विषयको ६९.९ रहेको छ ।एवम् क्रमले कक्षा ८ को न्यूनतम सिकाइ उपलब्धि नेपाली भाषाको ४५.६, गणितको ५५.७ र अङ्ग्रेजी विषयको ५३.५ रहेको छ ।

**बिर्तामोड नगरपालिकाले गरेका असल अभ्यासहरूः**

- स्थानीय पाठ्यक्रम तथ पाठ्यपुस्तक निर्माण र कार्यान्वयन ।
- बालविकास केन्द्रदेखि कक्षा ५ सम्मका विद्यार्थीहरूका लागि पोसाक वितरण ।
- विभिन्न महाशाखा, शाखा, विद्यालय, पेशागत सङ्घसंस्था तथा अन्य सरोकारवालाहरूसँग समन्वय ।
- जनप्रतिनिधि तथा विज्ञहरूबाट अनुगमन, निरीक्षण तथा सुपरिवेक्षण ।
- शैक्षिक सवालमा सहभागितामूलक निर्णय ।
- उपलब्ध स्रोतसाधनको अधिकतम परिचालन ।
- विद्यालयमा विभिन्न अनुदानहरू नियमित रूपमा र यथा समयमा उपलब्धता ।
- नियमितरूपमा प्रधानाध्यापक बैठक बसी नियमितता र शैक्षिक गुणस्तर सुधारका विषयमा छलफल तथा निर्णय गरी कार्यान्वयनको पुनः अनुगमन ।

- यथा समयमा सामाजिक परीक्षण, लेखापरीक्षण गराई प्रतिवेदन सङ्कलन गरी सोको अध्ययन तथा विश्लेषण ।
- तोकिएको समयमा विद्यालयका तथ्याङ्कहरू IEMIS प्रणालीमा नियमितरूपमा अध्यावधिक गरी प्रतिवेदन तयार ।
- उत्कृष्ट शिक्षक सम्मान कार्यक्रम ।
- प्रधानाध्यापकहरूका लागि प्रोत्साहनको व्यवस्था ।
- विद्यालयहरूलाई क्रमशः प्रविधियुक्त बनाउदै लगिएको ।
- विज्ञान प्रदर्शनी तथा प्रतिभा पहिचान कार्यक्रम ।
- झापा जिल्लाका असल अभ्यासहरूको अवलोकन तथा अनुसरण ।
- शैक्षिक क्यालेण्डर निर्माण तथा कार्यान्वयन ।
- विद्यालय सहायक कर्मचारी तथा बालविकास शिक्षकहरूको क्षमता विकास ।

### ३.२.३. उद्देश्यहरू

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित गर्नु ।
- शिक्षण सिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चितता तथा गुणस्तर अभिवृद्धि गर्नु ।
- सरोकारवालाहरूको क्षमता अभिवृद्धि तथा विद्यालयको शिक्षामा व्यवस्थापकीय तथा शैक्षिक पक्षमा सुधार ल्याउनु ।

### ३.२.४. रणनीतिहरू

- विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन गर्न आवश्यक व्यवस्था मिलाउने ।
- विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षण सिकाइमा सूचना तथा प्रविधिको प्रयोग गर्ने ।
- शिक्षकहरूको क्षमता विकास गर्नका लागि प्रोत्साहन तथा शिक्षक तालिमको कार्यक्रम सञ्चालन गर्ने ।
- विपन्न वर्गका बालबालिकाहरूका लागि पोसाक वितरण गर्ने।
- विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधाको व्यस्थापन गर्ने ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता अभिवृद्धि गर्ने ।

- विद्यालय शिक्षाको प्रबन्धमा सहयोग पुऱ्याउने विभिन्न सङ्घसंस्था तथा व्यक्तिहरूसँग समन्वय गरी आवश्यक सहयोग प्राप्त गराउने ।
- विद्यार्थीका लागि पोषण तथा स्वास्थ्य सेवामा सुधार ल्याउन कार्यक्रमहरू सञ्चालन गर्ने।
- विद्यालय प्रणालीलाई विविधता अनुकूल, समावेशी र समतामूलक बनाउन परिवेश अनुकूल सिकाइ क्रियाकलाप, भाषिक विविधता अनुकूलको माध्यम भाषाको उपयोग, सामाजिक, सांस्कृतिक विविधतासमेतको सम्मान हुने गरी सिकाइ सामग्री, शिक्षण विधि तथा प्रक्रिया उपयोग गर्ने व्यवस्था मिलाउने ।
- विद्यार्थीहरूको दैनिक जीवनसँग सम्बन्धित व्यवहारकुशल सीपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्दै सबै विद्यालयहरूमा बालमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने ।
- विद्यालयमा आधारित मनोसामाजिक तथा शैक्षिक परामर्शसेवा उपलब्ध गराउन आवश्यक प्रबन्ध मिलाउने ।

### ३.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिहरूः**

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच सुनिश्चित भएको हुनेछ ।
- शिक्षण सिकाइमा विद्यार्थीहरूको सक्रिय सहभागिता सुनिश्चतित भई गुणस्तर अभिवृद्धि भएको हुनेछ।
- सरोकारवालाहरूको क्षमता अभिवृद्धि भई विद्यालयको शिक्षामा व्यवस्थापकीय तथा शैक्षिक पक्षमा सुधार भएको हुनेछ ।

**नतिजाहरूः**

- आधारभूत तहको खुद भर्नादर ९९.० प्रतिशत पुग्नेछ ।
- विद्यालयमा हुने न्यूनतम भौतिक पूर्वाधार र आवश्यकता पूरा हुनेछ ।
- विद्यार्थीहरूको औषत सिकाइ उपलब्धि ७४ प्रतिशत पुग्नेछ ।
- आवश्यक सङ्ख्यामा तालिम प्राप्त, विषयगत, प्रविधिमैत्री र अनुसन्धानमुखी शिक्षकको व्यवस्था हुनेछ ।
- विद्यालयहरूमा बालमैत्री, समावेशी र समतामूलक वातावरणमा शिक्षण सिकाइ भएको हुनेछ ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई प्रभावकारी सिकाइ हुनेछ ।
- नतिजामुखी निर्णय, सामाजिक परीक्षण, विद्यालयको रेखदेख तथा प्रबन्धमा अभिवृद्धि भई सेवा प्रवाह, सुशासन र पारदर्शिता कायम हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २. | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | ५ | ७ | ९ | १२ | १५ | ४८ | ४८ | |
| ३. | सबै बालबालिकालाई विद्यालय भर्ना | जना | ९१ | ९२ | ९३ | ९४ | ९६ | ४६६ | ९३२ | |
| ४. | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | वि.सं. | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ५. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६. | शिक्षकको क्षमता विकास | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ३०० | |
| ७. | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८. | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| ९. | शिक्षक विकास तथा सहायता प्रणालीको पुनःसंरचना | विद्यालय | २० | २० | २० | २० | २० | १०० | २०० | |
| १०. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | विद्यालय | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ११. | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२. | पाठ्यपुस्तकको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३. | सन्दर्भ सामग्रीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४. | विपन्नका लागि ड्रेस, स्टेन्सरीका लागि छात्रवृत्ति | जना | ३५९७ | ३९१८ | ३९८७ | ३९४८ | ४००० | १९३७५ | ४०००० | |
| १५. | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | २० | २० | २० | २० | २० | १०० | २०० | |
| १६. | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | विद्यालय | २० | २० | २० | २० | २० | १०० | २०० | |
| १७. | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८. | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९. | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.३. माध्यमिक शिक्षाः

### ३.३.१. परिचय

माध्यमिक शिक्षा (कक्षा ९-१२) ले मानवीय मूल्यका साथै भाषा, कला, संस्कृति विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्य मान्यताको ज्ञान, सीप, दृष्टिकोण तथा व्यवहारहरू हासिल गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राखेको छ । माध्यमिक तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीपसहितको नागरिक विकास गर्ने तथा उच्च शिक्षाका लागि तयारीको आधार पनि हो । नेपालको संविधान २०७२ को धारा ३१ ले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक सुनिश्चित गरेको छ र माध्यमिक तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच निःशुल्क हुने व्यवस्था गरेको छ । विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि परम्परागत मौलिक ज्ञान, सीप, तथा सिर्जनशीलता अभिवृद्धि गर्ने रणनीति लिएको छ । माध्यमिक शिक्षा साधारण, प्राविधिक र परम्परागत गरी तीन धारमा सञ्चालन भई आएको छ । प्राविधिक धारका कार्यक्रमअन्तर्गत वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर, सिभिल र इलेक्ट्रिकल इन्जिनियरिङ र संगीत गरी ६ ओटा विषय समेटिएको छ ।

माध्यमिक शिक्षा सञ्चालनका लागि कानुनी व्यवस्था, सङ्घ, प्रदेश र स्थानीय तहबाट शिक्षामा व्यवस्थापकीय सहयोग, विद्यालय सुधार योजना निर्माण र अध्यावधिक, सूचना, सञ्चार र प्रविधिको पहुँच, पुस्तकालय, प्रयोगशालाहरू, भौतिक पूर्वाधार, तालिम प्राप्त शिक्षक, विद्यालय व्यवस्थापनका लागि नीतिगत संरचनाको व्यवस्था र परिचालन, शिक्षा ग्रहण गर्नुपर्ने सामुदायिक बुझाई जस्ता अवसरहरू भए तापनि समतामूलक पहुँच, विषयगत शिक्षक दरबन्दी व्यवस्थापन, निःशुल्क शिक्षा कार्यान्वयन, पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार, गुणस्तीय शिक्षाको प्रभावकारी रूपमा कार्यान्वयन, संस्थागत क्षमता विकास, सिकाइमा वाह्य वातावरणको असर, व्यवहारमुखी प्राज्ञिक शिक्षा, सरोकारवालाहरूको अपनत्त्व र सहभागिता, विपद् व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण, प्राविधिक शिक्षाको विस्तार, उपयुक्त भौतिक पूर्वाधारको निर्माण, विद्यालयमा सुशासन कायम गर्नु माध्यमिक शिक्षा क्षेत्रमा रहेका मुख्य चुनौतीहरू हुन् ।

### ३.३.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाअन्तर्गत माध्यमिक तह (कक्षा १-१०) सञ्चालन भएका विद्यालय सङ्ख्या सामुदायिक १, संस्थागत १६, माध्यमिक तह (कक्षा १-१२) सञ्चालन भएका विद्यालय सङ्ख्या सामुदायिक ८, संस्थागत १९, जम्मा विद्यालय सङ्ख्या सामुदायिक ९, संस्थागत ३५ गरी ४४ ओटा विद्यालयहरू सञ्चालित छन् । महेन्द्र रत्न माध्यमिक विद्यालय नमूना विद्यालयको रूपमा

सञ्चालित छ। वीर अमरसिंह माध्यमिक विद्यालयमा कक्षा ९ देखि कक्षा १२ सम्म प्राविधिक शिक्षाअन्तर्गत प्राविधिक धार कम्प्युटर इन्जिनियरिङ विषय सञ्चालनमा रहेकोछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्राविधिक तथा व्यावसायिक कार्यक्रमअन्तर्गत मोहनमाया माध्यमिक विद्यालय, देवी माध्यमिक विद्यालय र ७ ओटा निजी तथा साझेदारी संस्थाहरूमा सामान्य चिकित्सा, नर्सिङ, रेडियोग्राफी, मेडिकल ल्याबरोटरी टेक्नोलोजी, फरेष्ट्री, होटल व्यवस्थापन, वनस्पति विज्ञान, पशु विज्ञान, कम्प्युटर, सिभिल, हाइड्रोपावर र इलेक्ट्रिकल इन्जिनीयरिङ विषयहरू सञ्चालित छन् । माध्यमिक तह कक्षा ९-१० का सामुदायिक विद्यालयतर्फ २०३८ र जम्मा ४८३६, माध्यमिक तह (कक्षा ११-१२) का सामुदायिक विद्यालयतर्फ ३२५० र जम्मा ८४२९ गरी माध्यमिक तह (कक्षा ९-१२) का सामुदायिक विद्यालयतर्फ ५२८८ र जम्मा १३२६५ विद्यार्थी सङ्ख्या रहेको छ ।

माध्यमिक शिक्षासँग सम्बन्धित तथ्याङ्क तथा सूचकहरूको विश्लेषण गर्दा बिर्तामोड नगरपालिकाको माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर ६७.४, माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर १५२.५, माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक १.०७, आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर ७९.५, कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर ५९.०, कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर ५२.० प्रतिशत रहेको छ । सामुदायिक विद्यालयको माध्यमिक तह (कक्षा ९-१०) मा अध्यापन गर्ने शिक्षकहरू ४० (प्रशिक्षक २), तथा माध्यमिक तह (कक्षा ११-१२) मा अध्यापन गर्ने शिक्षक १४ (प्रशिक्षक २) जनासमेत जम्मा ५४ जना रहेका छन्। माध्यमिक तह (कक्षा ९-१२) मा अध्यापनरत कुल शिक्षकमध्ये महिला शिक्षकको अनुपात १५.० % रहेको छ । यसरी माध्यमिक तहमा कुल भर्नादर बढी देखिनुमा यस नगरपालिकामा पहाडबाट हुने बसाइँसराइ र छिमेकी पालिकाहरूबाटसमेत अध्ययन गर्न आउने प्रमुख कारणका रूपमा लिन सकिन्छ ।

माध्यमिक तहको शिक्षाको गुणस्तरमा सहयोग पुऱ्याउन आवश्यक पर्ने भौतिक सुविधा, प्रयोगशाला तथा आवश्यक सामग्री व्यवस्था, इन्टरनेटको पहुँच, प्रविधियुक्त शिक्षामा सुधार भएपनि पर्याप्त नभएको पाइन्छ । शिक्षकको अभिप्रेरणा, सुविधायुक्त विद्यालय वातावरण, जीवनोपयोगी सीपसँग गुणस्तरलाई जोड्न, शिक्षकलाई नयाँ ज्ञान, सीप र प्रविधिमा अध्यावधिक गराउन सकिएको छैन। अङ्ग्रेजी, गणित, विज्ञान जस्ता विषयहरूमा विषय शिक्षकको अभाव रहेको छ । माध्यमिक शिक्षाको विद्यार्थी उपलब्धिस्तरलाई विश्लेषण गर्दा कक्षा १० को सिकाइ उपलब्धि नेपाली भाषाको ४८.१, गणितको ५१.३, विज्ञान विषयको ४९.८ र अङ्ग्रेजी विषयको ५२.२ प्रतिशत

रहेको छ । कक्षा १० बाट कक्षा ११ मा भर्ना हुने दर न्यून छ । विद्यालयको वातावरण विभेदमुक्त हुन सकेको छैन । आपतकाल, सङ्कटपूर्ण अवस्थामा विद्यार्थीको पढ्न पाउने अधिकार सुनिश्चित गर्न सकिएको छैन । स्वच्छ पानी, सरसफाइ र आधारभूत स्वास्थ्य जस्ता पक्षलाई पर्याप्त व्यवस्थापन गर्न सकिएको छैन ।सामुदायिक विद्यालयहरूमा शिक्षक आपूर्ति तथा व्यस्थापनतर्फ विश्लेषण गर्दा शिक्षक विद्यार्थी अनुपात (कक्षा ९-१०) को ५०.९५, शिक्षक विद्यार्थी अनुपात (कक्षा ९-१२) को ९७.९२ रहेको छ भने विषयगत र समष्टिमा माध्यमिक तहको शिक्षकहरूको सङ्ख्या कम भएको विद्यालय सङ्ख्या ७ रहेको छ ।

बिर्तामोड नगरपालिकामा रहेका माध्यमिक विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरूमध्ये आदिवासी जनजाति ४३१८, दलित ७२६ रहेका देखिन्छन् । समग्रमा छात्रा ६४२३ र छात्र ७८४५ रहेका छन् । तीमध्ये अपाङ्गता भएका विद्यार्थी सङ्ख्या छात्रा २ र छात्र ६ रहेकोछ । कुल माध्यमिक विद्यालयहरूमध्ये संस्थागत विद्यालयहरू ३५ रहेका र विद्यार्थी सङ्ख्या छात्रा ३११५, छात्र ३५८८, जम्मा ६७०३ देखिएकोले संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थी बढी भएको र तिनीहरूको शैक्षिक खर्च अभिभावकद्वारा व्यहोर्ने गरेको देखिंदा सामुदायिक विद्यालयमा भन्दा संस्थागत विद्यालयमा समुदायको साझेदारी र सहभागिता बढी रहेको अवस्था छ ।

३.३.३. उद्देश्यहरू:

- माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित गर्नु ।
- माध्यमिक शिक्षा बालमैत्री, समावेशी, सुरक्षित, प्राविधिक, व्यावहारिक र समय सापेक्ष बनाउनु।
- माध्यमिक शिक्षामा गुणस्तर सुधार गर्नु ।
- माध्यमिक शिक्षामा विद्यालय र समुदायको जवाफदेहिता, साझेदारी र सहभागिता अभिवृद्धि गर्नु ।

३.३.४.रणनीतिहरू:

- विद्यालय बाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यार्थीहरूको विद्यालयमा पहुँच बढाउन विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने।
- माध्यमिक तहमा दक्ष तथा विषयगत शिक्षकको व्यवस्था गर्ने ।
- शिक्षकहरूलाई पेसागत विकास तथा सहयोगका साथै प्रोत्साहन तथा तालिमको व्यवस्था गर्ने ।
- शिक्षण सिकाइमा सूचना तथा प्रविधिको विकासका लागि हरेक विद्यालयमा सामग्री व्यवस्थापन गर्ने।

- प्राविधिक तथा व्यवहारकुशल सीप अभिवृद्धि गर्ने कार्यक्रममा जोड दिने ।
- शिक्षण सिकाइ वातावरणलाई प्रभावकारी बनाउन समावेशी, बालमैत्री, सिकाइमैत्री कार्यक्रम तयार गरी निरन्तरता दिने ।
- विद्यालयलाई प्रकोप, सङ्कट, विपद् व्यवस्थापन तथा महामारी लगायतका परिस्थितिमा सुरक्षाका लागि वैकल्पिक शिक्षण सिकाइ वातावरणको प्रबन्ध गर्ने ।
- आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही हुने प्रणाली विकास गर्ने ।
- शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ तथा अभिभावक लगायत सबै सरोकारवालाहरूलाई सहभागिता, साझेदारी र जवाफदेही बनाउनका लागि क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- वार्षिक दुई पटक अभिभावकहरूको भेला गराई शैक्षिक गुणस्तरसम्बन्धी छलफल तथा अन्तरक्रिया गरेर सुझाव आदानप्रदान गर्ने ।

### ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धिः**

- माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चित भएको हुनेछ ।
- माध्यमिक शिक्षा बालमैत्री, समावेशी, सुरक्षित, प्राविधिक, व्यावहारिक र समयसापेक्ष भएको हुनेछ ।
- माध्यमिक शिक्षामा गुणस्तर सुधार भएको हुनेछ ।
- माध्यमिक शिक्षामा विद्यालय र समुदायको जवाफदेहिता, साझेदारी र सहभागितामा अभिवृद्धि भएको हुनेछ ।

**मुख्य नतिजाः**

- सबै बालबालिकाहरूलाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुनेछ ।
- माध्यमिक तहको सिकाइ उपलब्धि दर ६२ पुग्नेछ ।
- सबै विद्यालयहरूले आधारभूत मापदण्ड पूरा गरी माध्यमिक शिक्षा पूरा गर्ने सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गर्नेछन् ।
- समयसापेक्ष सूचना तथा प्रविधिको पर्याप्त उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुग्नेछ।
- बालमैत्री, सिकाइ मैत्री तथा समावेशी सकारात्मक सिकाइ वातावरणको कारणले सिकाइ उपलब्धिमा अभिवृद्धि भई गुणस्तरमा सुधार हुनेछ ।
- विद्यालय तथा समुदायका सरोकारहरूको क्षमता विकास भई सुशासन र जवाफदेहितामा अभिवृद्धि हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानुन, कार्यविधि र निर्देशिकाको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | विज्ञान, गणित तथा कम्प्युटर विज्ञान विषय अध्ययनका लागि अवसर | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | मापदण्ड अनुसार शिक्षक व्यवस्था | जना | ४ | ४ | ४ | ४ | २ | १८ | ३६ | |
| ५. | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | आवश्यकता अनुसार खुला र दूर शिक्षालगायतका वैकल्पिक प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७. | विद्यालयको न्यूनतम भौतिक पूर्वाधार विकास | विद्यालय | ४ | २ | १ | १ | १ | ९ | १८ | |
| ८. | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९. | शिक्षकको क्षमता विकास | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| १०. | विद्यालय उत्थानशील योजना निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११. | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| १२. | शिक्षक सहायता प्रणालीको पुनःसंरचना | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १३. | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | विद्यालय | ३ | १ | १ | १ | १ | ७ | १४ | |
| १४. | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५. | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, पोसाक तथा स्टेशनरी, दिवाखाजा, छात्रवृत्ति र सिकाइ सामग्रीको व्यवस्था | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १६. | कक्षाकोठामा आधारित मूल्याङ्कन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १७. | व्यवस्थित परीक्षा प्रणाली | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १८. | शैक्षिक मानव संसाधन सूचना प्रणाली स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १९. | विव्यस, शिअसंका पदाधिकारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २०. | अभिभावक अभिमुखीकरण र सहभागिता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१. | लक्षित बालबालिकाहरूका लागि आवासीय प्रबन्ध | विद्यालय | | | १ | | | १ | ४ | |

## ३.४.पाठ्यक्रम र मूल्याङ्कन

### ३.४.१. परिचय

शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधारको रूपमा पाठ्यक्रमलाई लिने गरिन्छ । विद्यालयीय शिक्षाको पाठ्यक्रमले राष्ट्रिय उद्देश्य, तहगत तथा विषयगत सक्षमता र कक्षागत सिकाइ उपलब्धिहरूलाई समेटेको हुन्छ । साथै विषयगत पाठ्यभार, विषयवस्तु, सिकाइ सामग्री, माध्यम, सिकाइ सहजीकरण प्रक्रिया, सिकाइ मूल्याङ्कन प्रक्रियाका बारेमा उल्लेख गरिएको हुन्छ । विद्यार्थीको सर्वाङ्गीण विकास गर्नु, सभ्यता वा संस्कृतिको हस्तान्तरण एवं विकास गर्नु, सिर्जनशीलता र शैक्षिक प्रक्रियाको स्वरूप निर्धारण गर्नु जस्ता कुरा पाठ्यक्रमको उद्देश्य भित्र पर्दछन् । पाठ्यक्रम निर्माण गर्दा बालबालिकाहरूको रुचि, स्तर, क्षमता र आवश्यकता, समकालीन समाजका सन्दर्भ, विज्ञान, प्रविधि र अनुसन्धानबाट प्राप्त निष्कर्ष तथा अन्तर्राष्ट्रिय परिवेशलाई दृष्टिगत गरी खोज, अनुसन्धानमुखी, रोजगारीको सिर्जना र सामाजिक सीपहरूको विकासलाई ध्यान दिइएको हुन्छ । विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षाको तहगत संरचना अनुसार प्रारम्भिक बालविकास तथा शिक्षाका लागि ५७६, कक्षा १-३ को एकीकृत पाठ्यक्रमका लागि ८३२, कक्षा ४-८, कक्षा ९-१० र कक्षा ११-१२ का लागि १०२४ वार्षिक कार्यघण्टा निर्धारण गरेको छ। साधारण, प्राविधिक तथा परम्परागत गरी ३ धारका विद्यालयहरूका लागि फरक फरक किसिमका पाठ्यक्रम निर्माण गरिएको छ । स्थानीय तहले स्थानीय आवश्यकतालाई सम्बोधन गर्ने गरी कक्षा १-८ सम्मको स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने नीतिगत व्यवस्था गरिएको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ का मुख्य मुख्य विशेषताहरूमा विद्यालय शिक्षा मार्गदर्शक दस्तावेज, आधारभूत तह कक्षा १-३ को पाठ्यक्रम एकीकृत ढाँचाको अवलम्बन तथा कक्षा ९-१२ को पाठ्यक्रम एकलपथीय ढाँचा स्थापना गरिएको, अक्षराङ्कन पद्धतिअनुरूप विद्यार्थीको सिकाइ उपलब्धि प्रमाणीकरण गरिनु, एक पाठ्यघण्टा (Credit hour) बराबर ३२ कार्यघण्टा (Working hour) हुनु, कक्षा १ देखि ३ सम्मका प्रत्येक कक्षाका लागि २६ पाठ्यघण्टा र कक्षा ४ देखि १० सम्मको लागि ३२ पाठ्यघण्टाको विषयवस्तु रहनु, माध्यमिक तहमा उल्लिखित तहका लागि समूह तथा विषयको सूची अनुसार ऐच्छिक विषयहरू स्थानीय तहको समन्वय र सहजीकरणमा विद्यालयले छनोट गर्नु, आधारभूत तहको अन्तिम परीक्षा स्थानीय तहले, कक्षा १० को प्रदेशले तथा कक्षा १२ को सङ्घले सार्वजनिक परीक्षा सञ्चालन तथा प्रमाणीकरण गर्नु जस्ता रहेका छन् ।

विद्यालय शिक्षामा मूल्याङ्कन प्रक्रिया सम्बन्धमा कक्षा कोठामा आधारित भई पाठको अन्तमा वा सन्दर्भले बिचैमा मौखिक तथा लिखितरूपमा मूल्याङ्कन गरिन्छ । कक्षा १-३ को १००% निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गरिएको छ भने कक्षा ४-८ को मूल्याङ्कन गर्दा ५०% आन्तरिक र ५० प्रतिशत वाह्य/अन्तिम परीक्षा लिइन्छ ।

मूल्याङ्कन र प्रमाणीकरणका लागि विद्यालयस्तरीय परीक्षा र वाह्य सार्वजनिक परीक्षाको व्यवस्था, कक्षा १-३ का लागि शतप्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र कक्षा ७ सम्म पनि निरन्तर विद्यार्थी मूल्याङ्कनको नीतिगत व्यवस्था, कक्षा ४-७ सम्म आन्तरिक र वाह्य परीक्षाको व्यवस्था, सार्वजनिक परीक्षामा पनि २५ प्रतिशत आन्तरिक परीक्षाको व्यवस्था, विषयवस्तुको प्रकृति अनुसार सैद्धान्तिक र प्रयोगात्मक परीक्षाको व्यवस्था, सबै कक्षामा अक्षराङ्कन पद्धतिको कार्यान्वयनको व्यवस्था, पाठ्यक्रम विकास केन्द्रले तयार गरेको विशिष्टीकरण तालिकाअनुसार प्रश्न पत्र निर्माण, मूल्याङ्कन प्रणालीलाई वस्तुनिष्ठ, विश्वसनीय, वैध र भरपर्दो बनाई एकरूपता कायम गर्नका लागि स्थानीय, प्रदेश र सङ्घस्तरीय वाह्य सार्वजनिक परीक्षाका सबै विषयका आन्तरिक र वाह्य मूल्याङ्कन पद्धति कार्यान्वयनमा ल्याइने व्यवस्था, कक्षा १-५ सम्मका लागि पुस्तक कुनाको व्यवस्था, विद्यालयका लागि पुस्तकालय, सन्दर्भ तथा स्रोतसामग्री, सूचना, सञ्चार र प्रविधिको प्रबन्ध र निःशुल्क पाठ्यपुस्तक विद्यार्थीको लागि हुनुपर्ने नीतिगतरूपमा व्यवस्था गरिएको छ ।

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीको कार्यान्वयन राम्ररी हुन नसक्नु, आन्तरिक परीक्षा औपचारिकतामा बढी केन्द्रित हुनु, मूल्याङ्कनका प्रक्रिया र साधनहरूबारे शिक्षक अभिमुखीकृत नहुनु, विशिष्टीकरण तालिकाको प्रयोग गरी प्रश्नपत्र बनाउने र उत्तरकुञ्जिका निर्माण गरी उत्तरपुस्तिका  परीक्षण गर्ने प्रक्रिया फितलो हुनु, विद्यार्थीहरूको व्यवहारमा आएको परिवर्तन मापन गर्न प्रयोग गरिने गैह्र परीक्षाका साधनहरू अभ्यासमा नआउनु, परीक्षाफल विश्लेषण गरेर आवश्यक सुधारात्मक शिक्षणमा कमी, अक्षराङ्कन पद्धतिसँग जोडिएर आएको उदार कक्षोन्नतिको व्यवस्था सम्बन्धमा समुदायमा भएको अपव्याख्याका कारण विद्यार्थीको सिकाइमा ह्रास आउनु, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार भइसकेको अवस्थामा शिक्षकहरूलाई परिवर्तित पाठ्यक्रमको प्रबोधीकरण तालिम सञ्चालन नहुनु जस्ता मुख्य मुख्य समस्याहरू रहेका छन् ।

### ३.४.२. वर्तमान अवस्था

विद्यालयमा पाठ्यक्रम र विद्यार्थीहरूका लागि पाठ्यपुस्तक यथासमयमा उपलब्ध हुनु, विषयगतरूपमा सबै शिक्षकहरूलाई परिवर्तित पाठ्यक्रमको प्रबोधीकरण नभए तापनि प्रतिनिधिमूलक रूपमा परिवर्तित पाठ्यक्रमको प्रवोधीकरण गरिनु, पाठ्यक्रम,

पाठ्यपुस्तकहरूको उपलब्धता र कार्यान्वयनका सन्दर्भमा स्थानीय तहबाट अनुगमन तथा सुपरिवेक्षणका साथै प्रधानाध्यापकहरूको बैठकमा छलफल हुनु, पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ सक्षमता र सिकाइ उपलब्धिहरू प्राप्त गर्न कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलाप तथा मूल्याङ्कनका माध्यमबाट शिक्षकद्वारा प्रयत्न गरिनु, पाठ्यक्रमले तोकेको विषयगत मूल्याङ्कन कार्य भई पालिकाद्वारा आवश्यक सहजीकरण गरिनु, विद्यालयहरूलाई सूचना तथा सञ्चार प्रविधि, पुस्तकालय, विज्ञान प्रयोगशाला स्थापनाका लागि स्थानीय, प्रदेश र सङ्घबाट अनुदान उपलब्ध गराइनु, पाठ्यक्रम तथा निःशुल्क पाठ्यपुस्तक खरिद गर्न अनुदान निकासा गरिनु, पुस्तकालय, विज्ञान प्रयोगशाला, कम्प्युटर ल्याव स्थापना तथा सञ्चालन गर्न विद्यालयहरूलाई अनुदान प्रदान गरिनु, विद्यालयहरूले वार्षिक शैक्षिक तथा शैक्षणिक योजना, विद्यालय सुधार योजना तयार गरी कार्यान्वयनमा ल्याउनु जस्ता प्रयत्नहरू भएका छन्।

पाठ्यपुस्तक समयमै वितरण गरिनु, शिक्षक निर्देशिका र पाठ्यक्रम छापा तथा विद्युतीय माध्यमबाट उपलब्ध गराइनु, स्थानीय पाठ्यक्रम निर्माण भई पाठ्यपुस्तकसमेत छपाइ गरी कार्यान्वयनमा ल्याइनु, विद्यालयमा पुस्तक कुना तथा पुस्तकालयको व्यवस्था हुनु, डिजिटल सामग्रीहरूको उपलब्धता हुनु, सूचना तथा सञ्चार र प्रविधिको उपलब्धता हुनु, सुपरिवेक्षण तथा अनुगमन गरिनु, कार्यक्रमको प्रवोधीकण हुनु, अधिकांश शिक्षकहरू उच्च शैक्षिक योग्यता र तालिम प्राप्त हुनु जस्ता अवसरहरू भए तापनि विद्यालयमा पुस्तक कुना, पठन संस्कृति, सूचना तथा सञ्चार प्रविधिको शिक्षण सिकाइका लागि उपयोग र सोको शिक्षकहरूमा तालिम, प्रकाशन नभएका तथा विद्युतीय माध्यममा रहेका पाठ्यक्रम तथा शिक्षक निर्देशिकाहरूको उपयोग, स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको प्रवोधीकरण र प्रभावकारी कार्यान्वयन, शिक्षण सिकाइका लागि सन्दर्भ सामग्री र शिक्षण सामग्रीको उपयोग, विशिष्टीकरण तालिकाको सही प्रयोग तथा उत्तरकुञ्जिका निर्माण गरी उत्तरपुस्तिका परीक्षण गर्ने प्रवृत्ति, परीक्षाफल विश्लेषण गरी सुधारात्मक शिक्षण, मूल्याङ्कनका आधारहरू निरन्तर विद्यार्थी मूल्याङ्कन, आन्तरिक तथा अन्तिम/वाह्य साथै प्रयोगात्मक परीक्षा जस्ता पक्षले शिक्षकहरूमा द्विविधा, आन्तरिक परीक्षा अथवा निर्माणात्मक मूल्याङ्कनबाट प्राप्त नतिजा सुधारात्मक शिक्षण गर्नका लागि उपयोग, पाठ्क्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी विकास र विषयगत शिक्षकको व्यवस्था, अपाङ्गता भएका बालबालिकाहरूका लागि पाठ्यक्रम तथा पर्याप्त सिकाइ सामग्रीको उपलब्धता, मुद्रित तथा विद्युतीय साथै प्रविधिमैत्री सामग्रीको विकास र उपलब्धता, मूल्याङ्कन पद्धतिलाई सिकाइ र जीवन उपयोगी सीप तथा व्यवहारसँग जोड्ने जस्ता चुनौतीहरू रहेका छन् ।

पाठ्यक्रम र पाठ्यपुस्तक सुधारका लागि पृष्ठपोषणको व्यवस्था सम्बन्धमा पाठ्यक्रम र पाठ्यपुस्तक बीच तुलना गर्ने अभ्यासको अभाव रहेको छ । अझै पनि शिक्षकका लागि शिक्षण सिकाइ गर्दा र मूल्याङ्कन गर्दा पाठ्यपुस्तक नै मूल आधार रहेको अवस्था छ। पाठ्यक्रम र पाठ्यपुस्तकको सुधारका लागि स्थानीय तहबाट उल्लेख्यरूपमा प्रयत्न नगरिएको

अवस्था छ । पाठ्यक्रम र पाठ्यपुस्तकमा भएका अन्तर र त्रुटीहरू खोज्ने र शैक्षिक बहस गर्ने अभ्यासको अभाव रहेको देखिन्छ।

पाठ्यक्रमले निर्दिष्ट गरेका मूल्याङ्कन प्रक्रियाको अवलम्बन गरिएको छ । निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति, आवधिक परीक्षा, आन्तरिक तथा अन्तिम (वाह्य) परीक्षा, कक्षा कार्य, परियोजना कार्य जस्ता निर्माणात्मक, सुधारात्मक तथा निर्णयात्मक मूल्याङ्कन प्रकिया प्रभावकारीरूपमा ल्याउन सकिएको छैन ।

३.४.३. उद्देश्यहरू

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहार परिवर्तनमा सहजीकरण गर्नु ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु ।
- स्थानीय पाठ्यक्रम र पाठ्य सामग्री निर्माण, परिमार्जन तथा कार्यान्वयन गर्नु ।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

३.४.४. रणनीतिहरू

- राष्ट्रिय पाठ्यक्रम प्रारूप-२०७६, पाठ्यक्रम विकास केन्द्रद्वारा उत्पादन गरिएका पाठ्यक्रम, पाठ्यसामग्रीको प्रवोधीकरण गर्ने ।
- शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धि गर्ने ।
- विशेष परिस्थितिमा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने ।
- विद्यार्थी केन्द्रित र अन्तरक्रियात्मक शिक्षण विधि (कक्षा कार्य, परियोजना कार्य, लघु शैक्षिक भ्रमण) को कार्यान्वयनका लागि वातावरण सिर्जना गर्ने ।
- शिक्षण सिकाइका क्रममा देखापरेका समस्याहरू समाधान गर्न अनुसन्धानात्मक कार्य (कार्यमूलक अनुन्धान, घटना अध्ययन र शैक्षिक जर्नल) गरी समाधान गर्ने ।
- शिक्षकको पेशागत विकासका लागि सुपरिवेक्षण सहयोगलाई नियमित गर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया, आन्तरिक मूल्याङ्कन र प्रयोगात्मक परीक्षालाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने ।
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको प्रयोगलाई व्यवस्थित गर्ने ।
- विद्यार्थीको व्यवहारमा आएको सकारात्मक परिवर्तनलाई अभिलेखीकरण गरी थप सुधारका लागि सुधारात्मक शिक्षण गर्ने पद्धतिको विकास गर्ने ।
- शिक्षण पद्धति अनुरूप उपयुक्त कक्षाकोठा व्यवस्थापन गर्ने ।

### ३.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सीप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
- निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- स्थानीय पाठ्यक्रम र पाठ्सामग्रीको निर्माण, कार्यान्वयन समयानुकुल परिमार्जन भएको हुनेछ ।
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने सिकाइ क्रियाकलाप सञ्चालन भई विद्यार्थीहरूमा जीवनोपयोगी सीपको अभ्यास र विकास भएको हुनेछ ।

**नतिजाः**

- पाठ्क्रमको प्रभावकारी कार्यान्वयन भई विद्यार्थीको ज्ञान, सीप, अभ्यास, अभिवृत्तिको विकास हुनेछ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारणः**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | शिक्षक पेसागत सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | कक्षाकोठामा आधारित विद्यार्थी मूल्याङ्कन | निरन्तर सबै विद्यालय | | | | | | | | |
| ५. | आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | डिजिटल सामग्रीको प्रयोग | निरन्तर सबै विद्यालय | | | | | | | | |
| ७. | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर सबै विद्यालय | | | | | | | | |
| ८. | निःशुल्क पाठ्यपुस्तक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९. | स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १०. | सुपरिवेक्षण तथा अनुगमन | निरन्तर सबै विद्यालय | | | | | | | | |
| ११. | परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.५. शिक्षक व्यवस्थापन र विकास

### ३.५.१. परिचय

राष्ट्रको सामाजिक, आर्थिक, सांस्कृतिक तथा मानवीय पूँजीको विकास गर्न शिक्षकको महत्त्वपूर्ण भूमिका हुन्छ । मानवीय पूँजीको विकास गर्ने सन्दर्भमा बालबालिकाहरूको भावी जीवनलाई निर्देश गर्न विद्यालयका कक्षाकोठा भित्र वा बाहिर विद्यार्थीहरूसँग सहज र स्वाभाविक व्यवहार गर्नका लागि पाठ्यक्रमले निर्देश गरे अनुसारका क्रियाकलापहरू सञ्चालन गर्ने क्रममा विद्यालयका अन्य विविध पक्षलाई परिचालन तथा जीवन्तता दिनका लागि शिक्षकको सबैभन्दा महत्त्वपूर्ण भूमिका हुन्छ । शिक्षण सिकाइका नयाँ नयाँ प्रविधिसँग परिचित हुन, खोजी र सहकार्य गर्न, सहयोगात्माक वातावरणको निर्माण गर्न तथा बालमैत्री ढंगबाट क्रियाकलापहरू व्यवस्थापन तथा सञ्चालन गर्नका लागि शिक्षकहरुको पेशागत दक्षता र क्षमता बढाउन विभिन्न किसिमका सहयोगको आवश्यकता पर्दछ । छलफल, अन्तरक्रिया, तालिम, गोष्ठी, अनुसन्धान, प्रकाशन, भ्रमण जस्ता विभिन्न तरिकाका माध्यमबाट शिक्षकको पेशागत विकासमा सहयोग पुऱ्याउन सकिन्छ ।

विद्यालय व्यवस्थापन समितिदेखि शिक्षक सेवा आयोगसम्मले शिक्षक छनोट, पदपूर्ति र नियुक्ति जस्ता कार्यहरू गर्ने नीतिगत व्यवस्था गरिएको छ । शिक्षकको तयारी विद्यालय र विश्वविद्यालयहरूले गर्दछन् भने अध्यापन अनुमति पत्रको परीक्षा, रिक्त दरबन्दीमा स्थायी शिक्षकहरूको छनोट र बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने कार्य शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले गर्छ भने तालिमको प्रमाणीकरण र कस्टोमाइज्ड साथै तालिमको पाठ्यक्रम निर्माण गर्ने एवं प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दछ । शिक्षकको पेशागत विकासको कार्य मूलतः प्रदेश शिक्षा तालिम केन्द्रले गर्दछ भने स्थानीय तहले पनि विभिन्न पुनर्ताजगी तालिम, प्रवोधीकरणका साथै सुपरिवेक्षण तथा पेशागत सहयोग सञ्चालन गर्दै आएका छन् । शिक्षा नियमावली -२०५९ अनुसार विद्यालयमा कम्तीमा पूर्व प्राथमिक तहमा १ जना, प्राथमिक तहमा ५० जनासम्म विद्यार्थी भएमा २ जना र सोभन्दा बढी विद्यार्थी भएमा ३ जना, निम्नमाध्यमिक तहका लागि ४ जना र माध्यमिक तहका (कक्षा ९-१२) का लागि ८ जना शिक्षकको व्यवस्था गर्ने प्रावधान रहेको छ ।

शिक्षण पेशाप्रति नागरिकको आकर्षण, माथिल्लो शैक्षिक योग्यता, तालिम प्राप्त, महिला शिक्षक अनुपात बढ्दो अवस्था, विषयगत विज्ञता, धेरै जसो स्थायी, पेशाप्रति समर्पित अधिकांश शिक्षकहरू अवसरका रूपमा रहेका छन् भने सूचना तथा सञ्चार प्रविधिसम्बन्धी एवं पुनर्ताजगी

तालिमको नियमितता, विद्यालयमा काम गर्ने वातावरण, उच्च मनोवलका लागि उत्प्रेरणा, शिक्षक दरबन्दीको पर्याप्तता तथा न्यायोचित वितरण, समयमै रिक्त दरबन्दीमा पदपूर्ति, विषयगत शिक्षक, सुपरिवेक्षण तथा अनुगमनमा प्राथमिकता, संस्थागत विद्यालयहरूका शिक्षकहरूलाई तालिमको व्यवस्था जस्ता चुनौतीहरू रहेका छन्।

### ३.५.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाका सामुदायिक विद्यालयहरूमा १६३ जना महिला शिक्षक सहित ३४४ जना शिक्षकहरू कार्यरत छन् । संस्थागत विद्यालयहरूमा ५१९ जना महिला शिक्षकसहित ८५५ जना शिक्षकहरू कार्यरत छन् । सामुदायिक विद्यालय अन्तर्गत प्रारम्भिक बाल विकासमा ४८ जना महिलासमेत ५२ जना, प्राथमिक तहमा ९२ जना महिला सहित १८५ जना, निम्नमाध्यमिक तहमा १५ जना महिला सहित ५३ जना, माध्यमिक तहमा ८ जना महिला सहित ५४ जना शिक्षकहरू कार्यरत रहेका छन् । यस नगरपालिकामा शिक्षक विकास तथा मानव स्रोत केन्द्रले जारी गरेको मापदण्ड अनुसार दरबन्दी मिलानको काम भइसकेको छ । शिक्षक सेवा आयोगद्वारा स्थायी दरबन्दीमा सिफारिस गरिएका शिक्षकहरूलाई नगरपालिकाले नियुक्त गरी विभिन्न विद्यालयहरूमा खटाउने काम गरेको छ। विद्यालयमा रिक्त रहेको दरबन्दी विवरण पदपूर्तिका लागि सम्बन्धित निकायमा पठाउने कार्य भइरहेको छ । शिक्षकहरूको तयारीका लागि नगरपालिकाले छुट्टै तयारी कक्षा सञ्चालन नगरे तापनि स्थानीय शिक्षा विषयका विद्यालय र क्याम्पसहरूले विषयगत शिक्षण गरी शिक्षक तयारीको काम गरेका छन्। शिक्षण सिकाइका विषयवस्तुहरू बालबालिकाहरूमा प्रस्तुत गर्दा पाठ्यक्रम र पाठ्यवस्तु केन्द्रित भई शिक्षकहरूले विद्यार्थी केन्द्रित तथा अन्तरक्रियात्मक विधिद्वारा शिक्षण गरेको पाइन्छ । शिक्षण सिकाइ प्रभावकारी बनाउन कक्षा कार्य, परियोजना कार्य तथा लघु शैक्षिक भ्रमण तथा अवलोकन भ्रमण आदिको प्रयोग गरिएको भए तापनि सबै विद्यालयहरूमा यी प्रक्रियाहरू अवलम्बन गरेको पाइदैन । केही विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिद्वारा शिक्षण कार्य सञ्चालित छ तर यो प्रविधिको प्रयोग सबै विद्यालयहरूमा सञ्चालन हुन सकिरहेको छैन। शिक्षकहरूलाई प्रविधिसम्बन्धी तालिम र प्रविधिको पहुँच पुग्न सकिरहेको छैन । नयाँ पाठ्यक्रम र विषयवस्तुको प्रवोधीकरण, सूचना तथा सञ्चार प्रविधिको क्षमता विकास र अल्पकालिन पुनर्ताजगी तालिम सञ्चालन हुँदै आएको भए तापनि सबै शिक्षकहरूलाई समेट्न सकिएको छैन। समय समयमा नगरपालिका र विज्ञ समूहको तर्फबाट पेशागत सहयोग अभिवृद्धि गर्न सुपरिवेक्षण र अनुगमनको काम हुने गरेको छ । आफ्नो जिम्मेवारी तथा विषयप्रति शिक्षकहरूलाई उत्तरदायी वहन गराउनका लागि नगरपालिका र शिक्षकका पेसागत संस्थाहरूलाई जिम्मेवार बनाइएको छ । शिक्षक दरबन्दी कम भएका विद्यालयहरूमा

नगरपालिकाबाट शिक्षण सहयोग अनुदान प्रदान गर्दै आइएको छ । अनुमति लिई सञ्चालन भएका सामुदायिक विद्यालयहरूमा शिक्षा नियमावली अनुसार तोकिएको न्यूनतम शिक्षक दरबन्दी वितरण गर्न सकिएको छैन । संस्थागत विद्यालयहरूका शिक्षकहरूको विवरण अध्यावधिक हुन सकेको छैन ।

### ३.५.३. उद्देश्यहरू

- न्यूनतम दरबन्दीलाई आधार मानेर कक्षागत, विषयगतरूपमा शिक्षक व्यवस्थापन गर्नु ।
- शिक्षकलाई अभिप्रेरित गर्नका लागि निरन्तर पेशागत विकासका अवसरहरूको सुनिश्चित गर्नु।
- नियमितरूपमा अनुगमन र सुपरिवेक्षणका कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्नु ।

### ३.५.४. रणनीतिहरू

- विद्यार्थी सङ्ख्यालाई आधार मानेर शिक्षक विद्यार्थी अनुपात मिलाई कक्षागत, तहगत र विषयगत शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरी शिक्षक व्यवस्थापन गर्ने ।
- रिक्त दरबन्दीमा पदपूर्तिका लागि सम्पूर्ण विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने र पदपूर्ति नभएसम्म स्थानीय तहद्वारा करारमा शिक्षक व्यवस्थापन गर्ने ।
- शिक्षकको निरन्तर पेशागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सीप, शिक्षण विधि, सामग्री निर्माण, योजना निर्माणसम्बन्धी सेवाकालिन तालिम सञ्चालन गर्ने ।
- शिक्षक तालिमलाई वृत्ति विकाससँग जोडेर सबै शिक्षकलाई क्रमशः तालिमको अवसर दिने।
- निरीक्षण, अनुगमन र सुपरिवेक्षण प्रक्रियालाई प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिमा आधारित बनाउने ।
- शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा क्रमशः सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।
- शिक्षकका पेशागत सङ्घसंस्थासँग समन्वय गरी विद्यालय सञ्चालन, सिकाइमा सुधार, अभिप्रेरणा बढाउने खालका कार्यक्रमहरू सञ्चालन गर्ने ।

### ३.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- शिक्षक दरबन्दी मिलान सम्पन्न भई विषयगत, तहगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुनेछ ।
- सबै शिक्षकहरू तालिम प्राप्त भई निरन्तर पेशागत विकासका अवसरहरू सुनिश्चित भएको हुनेछ।
- विद्यालयको नियमित अनुगमन, सुपरिवेक्षण भएको हुनेछ ।

**प्रमुख नतिजाहरूः**

- विषयगत, तहगत र कक्षागतरूपमा दरबन्दी मिलान र व्यवस्थापन भई प्रभावकारी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुनेछ ।
- पेशागत विकासका अवसरहरू सुनिश्चित भई शिक्षकहरूको कार्यसम्पादन स्तरमा थप सुधार हुनेछ ।
- कार्यथलोमा नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण भई प्रधानाध्यापक तथा शिक्षकहरूमा हौसला, उत्प्रेरणा र पृष्ठपोषण प्राप्त हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | शिक्षक नियुक्ति र सरुवा | पटक | निरन्तर आवश्यकता अनुसार | | | | | | | |
| २. | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | पटक | | | १ | १ | १ | ३ | ६ | |
| ४. | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५. | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | उपचरात्मक शिक्षण पद्धति लागू गर्ने | निरन्तर | | | | | | | | |
| ७. | पुस्तकालय र पुस्तककुना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८. | सूचना प्रविधि प्रयोगशाला | विद्यालय | २ | १ | १ | १ | १ | ६ | १२ | |
| ९. | विज्ञान प्रयोगशाला | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १०. | प्राविधिक तथा व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | पटक | १ | १ | १ | | | ३ | ३ | |
| ११. | शिक्षण तथा सिकाइ सामग्रीको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२. | इन्टरनेटको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३. | शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर | | | | | | | | |
| १४. | निरन्तर विद्यार्थी मूल्याङ्कन | निरन्तर | | | | | | | | |
| १५. | परीक्षाको नतिजा विश्लेषण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १६. | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७. | शिक्षक पेसागत सहयोग | जना | ५० | ५० | ५० | ५० | ५० | २५० | ५०० | |
| १८. | असल अभ्यासको अवलोकन भ्रमण | विद्यालय | २० | २० | २० | २० | २० | २० | २० | |
| १९. | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जाल निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २०. | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २१. | सहपाठी कक्षा अवलोकन | निरन्तर | | | | | | | | |
| २२. | छोटो अवधिको शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २३. | विद्यालय तहमा शिक्षकको पेसागत विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २४. | कार्यसम्पादन मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २५. | प्रधानाध्यापकको व्यवस्था | आवश्यकता अनुसार | | | | | | | | |
| २६. | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ३.६. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ

### ३.६.१. परिचय

राज्यले सबैका लागि शिक्षा प्रदान गर्ने लक्ष्य अनुसार औपचारिक शिक्षाको पहुँचबाट बञ्चित भएका बाल तथा प्रौढ नागरिकहरूलाई अनौपचारिक शिक्षाका माध्यमबाट शिक्षा दिने गरेको हुन्छ । बाल शिक्षा, प्रौढ शिक्षा, महिला शिक्षा, वैकल्पिक विद्यालय, दूर तथा खुला शिक्षाको माध्यमबाट नागरिकहरूलाई दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । छोटो समयावधिमा दिइने यस प्रकारका कार्यक्रमहरूबाट सिकारुको सिकाइलाई निरन्तरता दिनु पर्ने भएकाले निरक्षरका लागि साक्षरताको शिक्षा, साक्षरका लागि साक्षरोत्तर शिक्षा तथा विभिन्न किसिमका सिकाइ स्तर वृद्धिका कार्यक्रमहरू, साक्षरोत्तर शिक्षा सँगसँगै नवसाक्षरहरूको दैनिक जीवनसँग सम्बन्धित आयआर्जनका क्रियाकलापसँग सम्बन्धित कार्यक्रमहरू जोड्ने जसले विभिन्न पेशा तथा व्यवसायसम्बन्धी सीप उपयोगी हुन सक्छन् भने सो सिकाइका विभिन्न अवसरहरू सिर्जना गर्न पनि आवश्यक हुन्छ । त्यसैले साक्षरोत्तर शिक्षा प्राप्त गरेका सिकारुहरूको सिकाइमा निरन्तरता दिनका लागि सामुदायिक सिकाइ केन्द्रहरूको स्थापना गरी उनीहरूको सिकाइलाई निरन्तरता दिने व्यवस्था गरिएको हुन्छ। यसबाट व्यक्तिगत, सामाजिक वा रोजगारीसँग सम्बन्धित ज्ञान, सीप तथा क्षमताको विकास हुन्छ । यसका लागि सिकाइ समय, विधि तथा

माध्यमका सीमाभित्र नरही व्यक्तिको जीवनभर निरन्तर चल्ने प्रक्रिया भएकोले औपचारिक सिकाइ पद्धतिमात्र पर्याप्त हुँदैन। तसर्थ अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ र शिक्षासम्बन्धी नीतिगत व्यवस्था गरिएको छ। यसै गरी अनौपचारिकलगायत अन्य माध्यमबाट सिकेका सिकाइहरूलाई समेत समकक्षता प्रदान गरी गतिशिलता र पारगम्यतालाई सहज बनाउनका लागि राष्ट्रिय योग्यता प्रारूप नेपाल सरकारबाट स्वीकृत भई कार्यान्वयनको चरणमा छ । अनौपचारिक शिक्षाको सिकाइ क्षेत्र मापदण्ड तथा उपलब्धिहरूको प्रारूप तयार भइरहेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्ने उद्देश्य निर्धारण गरेको छ ।

### ३.६.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकामा निरन्तर, खुला सिकाइ र अनौपचारिक शिक्षाको वर्तमान अवस्था र समुदायिक सिकाइ केन्द्र एवं अनौपचारिक शिक्षा क्षेत्रमा गरेका कार्यक्रमहरूका सम्बन्धमा खुला विद्यालय तह १ र २ (कक्षा ६-८) १, खुला विद्यालय माध्यमिक १ र सामुदायिक सिकाइ केन्द्र ३ रहेका छन्।

झापा जिल्ला औपचारिकरूपमा साक्षर जिल्ला घोषणा भइसकेकोले अनौपचारिक शिक्षा तथा साक्षरताका कार्यक्रमहरु सामुदायिक सिकाइ केन्द्रमार्फत आयआर्जन र पुर्नताजगीका कार्यक्रमहरु सञ्चालन भएका र खुला विद्यालयअन्तर्गत बिर्तामोड नगरपालिकामा श्री देवी माध्यमिक विद्यालयमा आधारभूत तह र माध्यमिक तह सञ्चालन भइरहेको छ ।

औपचारिक शिक्षाले समेट्न नसकेका नगरपालिका भित्रका बाल तथा प्रौढहरूका लागि सर्वेक्षणले देखाएका क्षेत्रमा अनौपचारिक शिक्षा तथा निरन्तर, खुला सिकाइ कार्यक्रमहरू सञ्चालन भएका छन्। विद्यालय र समुदायमा आधारित यस्ता कार्यक्रमहरू सञ्चालन गरिएको छ । सामुदायिक सिकाइ केन्द्रहरू र विभिन्न सङ्घसंस्थाहरूबाट पनि सहयोग भएको छ । सङ्घीय सरकारबाट अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा सञ्चालनका लागि अनुदान प्रदान गरिएको छ । यस्ता प्रकारका अवसरहरू प्राप्त भए तापनि नगरपालिकामा बसाइँसराइ गरी आउनेको सङ्ख्या बढी हुनु, साक्षर भएका नागरिकहरुलाई चाहिने निरन्तर तथा जीवनपर्यन्त सिकाइको कमी, साक्षर नगरपालिका घोषणा भइसके पनि हाल निरक्षरताको सङ्ख्या देखिनु, सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण, सरकारी तथा गैह्र सरकारी निकायसँग साझेदारी र सहकार्यमा कमी, अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरूलाई पर्याप्त अनुदान प्राप्त नहुनु जस्ता चुनौतीहरू रहेका छन् ।

३.६.३. उद्देश्यहरू

- नगरपालिकाभित्र रहेका निरक्षर नागरिकहरूका लागि अनौपचारिक, समतामूलक, समावेशी र साक्षरता कार्यक्रमका साथै जीवनपर्यन्त सिकाइका अवसर सुनिश्चित गर्नु ।
- समुदायमा विभिन्न सीपमूलक र आयमूलक कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन गर्नु ।

३.६.४. रणनीतिहरू

- साक्षरता र साक्षोत्तर कक्षा सञ्चालन गर्नका लागि सामुदायिक सिकाइ केन्द्र, विद्यालय, गैह्र सरकारी सङ्घसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम र अभिभावकहरूलाईसमेत परिचालन गर्ने ।
- भाषिक विविधता अनुरूपका सामग्रीहरूको प्रयोग गर्न सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम र सिकाइ मोडुलहरू निर्माण तथा प्रयोग गर्ने ।
- विभिन्न आयआर्जन तथा सीपमूलक कार्यक्रम, विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, तथा एफ. एम. सञ्चालन गरी समावेशी र समतामा आधारित जीवनपर्यन्त सिकाइ थलोको रूपमा विकास गर्ने ।

३.६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- नगरपालिकाभित्र रहेका निरक्षर नागरिकहरूका लागि अनौपचारिक समतामूलक समावेशी र साक्षरता कार्यक्रमका साथै जीवनपर्यन्त सिकाइका अवसरहरू सुनिश्चित भएको हुनेछ ।
- समुदायमा विभिन्न सीपमूलक र आयमूलक कार्यक्रमहरू सामुदायिक सिकाइ केन्द्रमार्फत सञ्चालन भई नागरिकहरूको पेशागत सीप र आयआर्जनमा वृद्धि भएको हुनेछ ।

**प्रमुख नतिजाः**

- सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुनेछ ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइबाट प्राप्त ज्ञान तथा सीपको पहिचान एवं प्रमाणीकरण गरी समकक्षता निर्धारण हुनेछ ।
- सिकारुको आवश्यकता र सिकाइका लागि तयार गरिएका सामग्रीहरू पर्याप्त मात्रामा प्रयोग र कार्यान्वयन हुनेछ ।
- सामुदायिक सिकाइ केन्द्र जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमा विकास हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | निरक्षरको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १० | १० | १० | १० | १० | ५० | ५० | |
| ३. | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | ओटा | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ४. | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | केन्द्र | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ५. | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | केन्द्र | १ | १ | १ | | | ३ | ३ | |
| ६. | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | आवश्यकताअनुसार निरन्तर | | | | | | | | |
| ७. | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८. | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | ओटा | ३ | ३ | ३ | ३ | ३ | ३ | ३ | |
| ९. | सिकाइ सामग्री र सिकाइको प्रमाणीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १०. | संस्थागत प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११. | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय र धार्मिक प्रकृतिका विद्यालयहरूलाई अनुदान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२. | साक्षर स्थानीय तह घोषणा | पटक | | | १ | | | | १ | |

## ३.७. प्राविधिक तथा व्यावसायिक शिक्षा

### ३.७.१. परिचय

प्राज्ञिक शिक्षा मात्र नागरिकहरूलाई दिँदा स्वरोजगारको संभावना न्यून हुने र आधारभूत तथा मध्यम स्तरको प्राविधिक जनशक्ति राज्यलाई आवश्यक भएकोले प्राविधिक तथा व्यावसायिक शिक्षाको आवश्यकता परेको हो । उक्त आवश्यकतालाई परिपूर्ति गर्न माध्यमिक तहमा प्राविधिक धार शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ । माध्यमिक तह (कक्षा ९-१२) मा सञ्चालित प्राविधिक धारका कार्यक्रममा कार्यस्थल अनुभवसहित सिकाइ हुने गरी वनस्पति विज्ञान, प्राणी विज्ञान, कम्प्युटर, सिभिल र इलेक्ट्रिकल इन्जिनियरिङ एवं सङ्गीत गरी ६ विषय क्षेत्र समेटिएको छ । माध्यमिक शिक्षाअन्तर्गतको प्राविधिक धारबाहेक श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने गरी प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गतका आङ्गिक तथा सम्बन्धन प्राप्त संस्थाबाट

School Education Examination (SEE) पछि ३ वर्षका प्राविधिक शिक्षाका कार्यक्रमहरू विभिन्न विषयमा सञ्चालनमा रहेका छन् । स्थानीय तहमा पूर्वाधार विकास, स्वास्थ्य, सूचना तथा सञ्चार प्रविधि, कृषि, पशु जस्ता विषयगत जनशक्ति आवश्यक भएकाले पनि स्थानीयस्तर मै जनशक्ति उत्पादन गर्नुपर्ने जरुरी भएको छ। शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन, उत्पादनलाई बजारसँग जोड्नका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा समयसापेक्ष रहेको छ । अतः आयआर्जनको क्षेत्रमा लाग्न चाहने विद्यार्थीका लागि निश्चित कक्षाको पढाइ सम्पन्न गरेपश्चात् स्वरोजगारीका अवसर सृजना गरी गरिखाने शिक्षाको रूपमा स्थापित गर्नसमेत प्राविधिक शिक्षा तथा छोटो अवधिको तालिमले सहयोग पुग्ने देखिन्छ । सम्मृद्ध नेपाल सुखी नेपाली भन्ने राष्ट्रिय आकांक्षा पूरा गर्नका लागि राष्ट्रिय योजना आयोगले ९ ओटा राष्ट्रिय लक्ष्यअन्तर्गत उच्च र दिगो उत्पादन तथा उत्पादकत्व तय गरेको र त्यसका लागि गुणस्तरीय प्राविधिक तथा व्यावसायिक तालिमको विस्तारमा जोड दिएको छ । राष्ट्रिय पाठ्यक्रम प्रारूप -२०७६ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई विद्यालय शिक्षाको अङ्गभित्र समेटेको छ।

### ३.७.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकामा शिक्षा विकास तथा मानव स्रोतकेन्द्रअन्तर्गत श्री वीर अमरसिंह मावि बिर्तामोड -२ झापामा कक्षा ९ देखि कक्षा १२ सम्म प्राविधिक धार कम्प्यूटर इन्जिनियरिङ् विषय सञ्चालनमा छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्अन्तर्गत श्री मोहनमाया माध्यमिक विद्यालय बिर्तामोड-२ मा डिप्लोमा इन सिभिल इन्जिनियरिङ र हाइड्रो इन्जिनियरिङ तथा देवी माध्यमिक विद्यालय बिर्तामोड-५ मा प्रिडिप्लोमा कम्प्युटर इन्जिनियरिङ विषय सञ्चालनमा रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा अनुमति प्राप्त ७ ओटा निजी तथा साझेदारीमा सञ्चालन भएका संस्थाहरूले प्रिडिप्लोमा र डिप्लोमा गरी सिभिल, जियोम्याटिक, हाइड्रो र कम्प्युटर इन्जिनियरिङ, प्लान्ट र एनिमल साइन्स, फरेष्ट्रि, होटल म्यानेजमेन्ट, नर्सिङ, रेडियोलोजी आदि विषयहरू सञ्चालन गरेका छन्।

### ३.७.३. उद्देश्यहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासमा पहुँच अभिवृद्धि गर्नु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

### ३.७.४. रणनीतिहरू

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनका लागि सरोकारवालाहरूसँग समन्वय गर्ने ।

- नगरपालिकामा प्राविधिक शिक्षा प्रदायक संस्थाहरूबीच समन्वय र सहजीकरण गर्न नगरपालिकामा नियमितरूपमा सञ्चालित कार्यक्रमको प्रतिवेदन प्रणाली (Reporting System) स्थापित गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने ।
- पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवं आर्थिकरूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमको व्यवस्था गर्ने ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकुद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गरी उपयोगी र गुणस्तरीय शिक्षाका लागि पहल गर्ने ।
- नगरपालिकाभित्र सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।
- नगरपालिकाको लागि के कति सङ्ख्यामा आधारभूत, मध्यम र उच्चस्तरीय प्राविधिक जनशक्तिको आवश्यक पर्दछ ? त्यसको लागि प्रक्षेपण र तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने ।

### ३.७.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसार पहुँच र दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तरमा पर्याप्त सुधार भएको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमको सान्दर्भिकता, उपयोगी र गुणस्तरमा अभिवृद्धि भएको हुनेछ ।

**प्रमुख नतिजाहरूः**

- नगरपालिका भित्रमा बहुप्राविधिक शिक्षालय, प्राविधिक धारका सञ्चालित माध्यमिक विद्यालयहरूको उच्च व्यवस्थापन र समन्वय हुनुका साथै थप विद्यालयहरूसमेत स्थापना भई सञ्चालन हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडी आर्थिक स्तरमा थप सुधार हुनेछ ।
- उत्पादनशील, रोजगारी, स्वरोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुनेछ ।

- नगरपालिकाभित्रका प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सीपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुनेछ ।
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सीपका क्षेत्रमा खोज, नवप्रवर्तन र उद्यमशीलता अभिवृद्धिका लागि सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुनेछ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | ओटा | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | बहुप्राविधिक शिक्षालय स्थापना, सञ्चालन तथा नियमन | | - | - | - | - | - | - | - | |
| ४. | छोटो अवधिका सीपमूलक तालिम सञ्चालन | ओटा | २ | २ | २ | २ | २ | १० | २० | |
| ५. | शिक्षक व्यवस्था | जना | ४ | | | | | ४ | ८ | |
| ६. | छात्रवृत्ति कार्यक्रम | जना | १० | १० | १० | १० | १० | ५० | १०० | |
| ७. | स्थानीयस्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | | | | | १ | १ | |
| ८. | खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९. | स्थानीयस्तरमा रहेका परम्परागत सीपहरूको पहिचान, प्रमाणीकरण तथा प्रवर्द्धन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १०. | वैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सीपको खोजी, प्रमाणीकरण तथा उपयोगसम्बन्धी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११. | उत्पादित जनशक्तिलाई उद्यमशीलताका लागि सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२. | आर्थिकरूपमा पिछडिएका प्रतिभा तथा सीमान्तकृत, दलित, अपाङ्गता भएका, लोपोन्मुख जाति/ जनजाति, महिला विद्यार्थीका लागि उच्च शिक्षामा सहज पहुँचको अवसर सृजना गर्न आवश्यक स्रोतको व्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |

# परिच्छेद चारः अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१. शैक्षिक समता र समावेशीकरण

### ४.१.१. परिचय

विभेद र बञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुँचको सुनिश्चितता सम्भव हुँदैन । पहुँच र सहभागिताका लागि समान अवस्थामा पुग्ने उद्देश्य हासिल गर्न असमानहरूका बीच गरिने सकारात्मक असमान व्यवहार नै शैक्षिक समता हो । सामाजिक सांस्कृतिकरूपमा विविधता भएको मुलुकमा वहुभाषिक, वहुसांस्कृतिक र वहुजातीय समुदायको बसोबास रहेको छ । यो विविधताभित्र विभेद र बञ्चितीकरणमा परेका समुदायको शैक्षिक पहुँच, सहभागिता र नतिजामा भौगोलिक क्षेत्र, आर्थिक स्तर, लैङ्गिक भिन्नता तथा सामाजिक, सांस्कृतिक स्तरले असर पारिरहेको पाइन्छ । समाजमा रहेको शारीरिक, मानसिक, सामाजिक, धार्मिक, सांस्कृतिक, आर्थिक, भौगोलिक र प्राप्त अवसरका आधारमा वैयक्तिक भिन्नताहरूलाई उचितरूपमा सहभागी गराउने शिक्षामा विविधता, समता र समावेशिताको प्रवर्द्धन गर्नु आवश्यकता छ ।

नेपालको संविधान-२०७२ ले शिक्षालाई आधारभूत मानव अधिकारको रूपमा परिभाषित गर्दै धारा ३१ मा शिक्षासम्बन्धी हकको व्यवस्था गरेको छ । आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क, माध्यमिक तहसम्म निःशुल्क, अपाङ्गता भएका र आर्थिकरूपले विपन्न नागरिकलाई निःशुल्क उच्च शिक्षा, अपाङ्गताको प्रकृति हेरी उपयुक्त माध्यमबाट र कानुन बमोजिम मातृ भाषामा शिक्षा पाउने तथा संस्था खोल्ने र सञ्चालन गर्न पाउने हकको व्यवस्था गरेको छ । सबै वर्ग, लिङ्ग, जातजाति क्षेत्र र क्षमता भएका व्यक्तिका लागि शिक्षामा सहज, सर्वसुलभ र समतामूलक पहुँचको सुनिश्चितता गर्नु राज्यको अहम् दायित्त्व स्पष्टरूपमा देखिन्छ । सबै किसिमका बालबालिकाहरूलाई नजिकैको विद्यालयमा बालमैत्री वातावरणमा एकै ठाउँमा बसी पढ्न पाउने अवसर नै समावेशी शिक्षा हो । दिगो विकासको लक्ष्यदेखि राष्ट्रिय शिक्षा नीति-२०७६ ले विविधताको सम्मान, समता, समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको पहुँच पुऱ्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाइ सुनिश्चित गर्ने प्रयोजनका लागि सङ्केत गरेको छ।

### ४.१.२. वर्तमान अवस्था

सामुदायिक विद्यालयहरूका शिक्षकहरूमध्ये बालविकास शिक्षामा ४८, आधारभूत तह (कक्षा १-५) मा ९२, आधारभू तह (कक्षा ६-८) १५, माध्यमिक तह (कक्षा ९-१०) ६, माध्यमिक तह (कक्षा ११-१२) २ जना गरी जम्मा १६३ जना महिला शिक्षक कार्यरत रहेका छन् । माध्यमिक तह (कक्षा ९-१०) मा प्रधानाध्यापक १ जना महिला कार्यरत रहेको अवस्था छ। अपाङ्गताका हिसावले ७ ओटा स्रोत कक्षा (सुस्तश्रवण, सुस्तमनस्थिति, दृष्टिविहिन, अटिजम) मा ७३ जना र अन्य विद्यालयमा ४२ जना, लैङ्गिक हिसाबले १८५४४ जना छात्रा,

जातजातिका हिसाबले जनजाति १२६७८ र दलित २७३२ जना विद्यार्थीहरू अध्ययनरत छन्। छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरू छात्रा छात्रवृत्ति २३९६, दलित ५८४, सीमान्तकृत/जनजाति ५६८, आवासीय ७३, अपाङ्ग छात्रवृत्ति १४३ र द्वन्द्व पिडित ३ जना रहेका छन् ।
कठिन परिस्थितिमा रहेका र आर्थिकरूपले विपन्न परिवारका बालबालिकाहरूलाई उपलब्ध गराइएका प्रोत्साहन कार्यक्रमले सिकाइ वातावरणमा सुधार ल्याउनका लागि विद्यालय तथा विभिन्न सङ्घसंस्थाले विभन्न प्रयासहरू गरेको पाइन्छ । सिकाइलाई सहजीकरण गर्नका लागि आपत्कालीन अवस्थामा वैकल्पिक सिकाइको प्रबन्धसमेत मिलाइएको छ ।

### ४.१.३. उद्देश्यहरू

- लक्षित समूहका नागरिकहरूको शिक्षामा समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्नु।
- शैक्षिक संस्थामा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.१.४. रणनीतिहरू

- विभिन्न भाषा, जात, लिङ्ग र अपाङ्गता भएका स्रोतकक्षामा रहेका बालबालिकाहरूको सिकाइका लागि आवश्यक पर्ने भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गराउन बालमैत्री विद्यालय प्रारूप अनुसारका मापदण्ड पूरा गर्ने ।
- विद्यालयमा सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकताहरू सम्बोधन हुने गरी विविधता कायम गरेर कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार र हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने ।
- स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान र सीपका साथै प्रजनन् स्वास्थ्यसम्बन्धी विषयवस्तु स्थानीय पाठ्यक्रममा समावेश गरी सिकाइलाई जीवनोपयोगी सीपसँग आवद्ध गर्ने ।
- आर्थिकरूपले विपन्न, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई शैक्षिकवृत्ति तथा छात्रवृत्ति कार्यक्रममा सहभागी गराउने व्यवस्था मिलाउने।
- लक्षित समूहका बालबालिकाहरूलाई सिकाइमा बढीभन्दा बढी सहभागिता गराई उच्च सिकाइ उपलब्धि हासिल गर्ने वातावरण सिर्जना गर्ने ।
- भवन तथा पूर्वाधार निर्माण गर्दा बालमैत्री तथा अपाङ्गमैत्री संरचना निर्माण गर्ने ।

### ४.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- लक्षित समूहका नागरिकहरूको शिक्षामा समतामूलक र समावेशी पहुँच सुनिश्चित भएको हुनेछ।
- शैक्षिक संस्थामा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता र उपयुक्त वातावरण सिर्जना भई बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइमा सहजता भएको हुनेछ ।
- लक्षित समूहका बालबालिकाहरूको सिकाइ सहभागितामा वृद्धि भई सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

**नतिजाहरूः**

- लक्षित समूहका बालबालिकाहरूको सिक्न पाउने अधिकारको पहुँच सुनिश्चित हुनेछ।
- विभेदरहित, दुर्व्यवहाररहित, हेपाइको अवस्था नरही बालबालिकाहरूको नियमितता, सहभागिता र सिकाइमा सहजताको वातावरण सिर्जना हुनेछ ।
- लक्षित समूहको सिकाइमा सहभागिता भई सिकाइ उपलब्धिमा सुधार हुनेछ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | शिक्षाको अवसरबाट वञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकताअनुसारको वैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायत पद्धति तर्जुमा गरी कार्यान्वयन | निरन्तर | | | | | | | | |
| २. | बालबालिकाको परीक्षण गरी अपाङ्गताको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | जना | १० | १२ | १५ | १८ | २० | ७५ | १५० | |
| ३. | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाई अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | | | १ | | | १ | १ | |
| ४. | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, | निरन्तर | | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| | सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्बन | | | | | | | | | |
| ५. | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास तथा पेसागत विकासका कार्यक्रममा समता तथा समावेशीकरणका विषयवस्तुहरूलाई समावेश | विद्यालय सङ्ख्या | २० | १ | १ | १ | १ | २४ | २४ | पटक |
| ६. | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | पटक | १ | | | | | १ | १ | |
| ७. | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूबीच जवाफदेहितासहितको कार्यगत समन्वय | निरन्तर | | | | | | | | |
| ८. | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण (अपाङ्गता भएका तथा विभिन्न किसिमका आवासीय छात्रवृत्तिसमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२. दिवाखाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम

### ४.२.१. परिचय

बालबालिकाले पोषणयुक्त खाना प्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गर्दा हुन आउने ७/८ घण्टा समयको करिव मध्यतिर खाजाको प्रबन्ध हुन आवश्यक छ । बालबालिकाहरूको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वस्थताको अभ्यास र प्ररम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहजरूपमा उपलब्ध हुनुपर्दछ । यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा र अभ्यास विद्यालयमा प्रदान गर्दा सेवा प्रवाहलाई तुलनात्मकरूपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने भएकाले दिवाखाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम आवश्यक छ ।

यसरी बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य र पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुने भएकाले बालबालिकालाई सिकाइमा सहभागिता बढाइ उपलब्धिमा सुधार गर्न प्रोत्साहित गर्दछ । विद्यालय उमेरका बालिकाहरूका लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छतासम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ ।

नेपालको संविधान-२०७२ ले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्य सम्बन्धी अधिकारहरू, खाद्य संप्रभुतासम्बन्धी कानून, राष्ट्रिय स्वास्थ्य नीति-२०७६, राष्ट्रिय शिक्षा नीति-२०७६, बालबालिकासम्बन्धी कानून आदिले बालबालिकाहरूको स्वास्थ्य, पोषण तथा खाद्य सम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेको परिणामस्वरूप विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर, नियमितता बढाउन र बिचैमा विद्यालय छाड्ने दर घटाउन महत्त्वपूर्ण योगदान गरी सिकाइ उपलब्धिमा सुधार गर्न सहयोग गर्दछ ।

### ४.२.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाअन्तर्गत सञ्चालित २० ओटै सामुदायिक तथा धार्मिक विद्यालयहरूका बाल विकास केन्द्रदेखि कक्षा ६ सम्मका हाजिरी प्रमाणित भएका ३८१६ जना बालबालिकाहरूलाई दिवाखाजाको प्रबन्ध गरिएको छ ।

सबै विद्यालयहरूमा छात्रछात्राका लागि छुट्टै शौचालय अझै पनि प्रबन्ध गर्न सकिएको छैन। छात्रा शौचालय, वास (Wash) सहितको छात्रामैत्री हुन सकेको अवस्था छैन। विद्यालयहरूमा भएका शौचालयहरू केही सुविधा सम्पन्न भए पनि केही पुराना भएकाले स्तरीकरण गर्नुपर्ने अवस्था छ ।

१८ ओटा विद्यालयहरूमा अध्ययनरत १३ वर्ष माथिका जम्मा ४६५० जना छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड वितरणका लागि नर्सको व्यवस्था भएका विद्यालयमा नर्स र अन्य विद्यालयहरूमा एक जना महिला शिक्षकलाई सम्पर्क व्यक्तिको रूपमा जिम्मेवारी प्रदान गरिएको छ ।

सबै सामुदायिक विद्यालयहरूमा खानेपानीको सामान्य व्यवस्था भए तापनि स्वच्छ, सुरक्षित खानेपानीको व्यवस्था गर्न, दिवाखाजाको रकम वृद्धि गर्न, प्राथमिक उपचार बाकस र औषधीको पर्याप्त प्रबन्ध गर्न, विद्यालयका कक्षाकोठा र परिसरको सरसफाइ सामान्यतया राम्रो भए तापनि नियमित सरसफाइको व्यवस्था गर्न, केही विद्यालयहरूमा साबुन पानीसहितको हात धुने व्यवस्था भए पनि सबै विद्यालयहरूमा प्रबन्ध गर्न चुनौतीपूर्ण अवस्था छ ।

### ४.२.३. उद्देश्यहरू

- बालबालिकाहरूलाई दिवाखाजा, स्वास्थ्य एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नुका साथै बालबालिकाको नियमिततामा अभिवृद्धि गर्नु ।
- बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको व्यवस्थापन र गुणस्तर वृद्धि गरी सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.२.४. रणनीतिहरू

- दिवाखाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालबालकाहरूलाई विद्यालयमा खाजा उपलब्ध गराउने ।
- अभिभावकको साझेदारीमा माध्यमिक तहका विद्यार्थीहरूका लागिसमेत खाजाको प्रबन्ध गर्नका लागि दिवाखाजाको दरमा वृद्धि गरी स्थानीय उत्पादनमा आधारित खानेकुरा र वस्तुहरूलाई प्राथमिकता दिने।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा छात्र र छात्राका लागि अलग अलग शौचालय व्यवस्थापन गर्ने ।
- किशोरीहरूको महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था, Garbage Bin, Changing room, प्रयोग भएका सामग्रीहरूको व्यवस्थापन गर्न डिस्पोजल मेसिनको व्यवस्था गर्ने ।
- पर्याप्त साबुनपानीसहित हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेरावाराको व्यवस्था गर्नका लागि स्वास्थ्य क्षेत्रको सहकार्यलाई प्रभावकारी र नियमित बनाउने ।
- विद्यालयहरूमा प्राथमिक उपचार बाकसको व्यवस्था गरी नियमित र आवधिक स्वास्थ्य परीक्षण गर्नका लागि क्रमशः सबै विद्यालयमा विद्यालय नर्सको व्यवस्था गरी आधारभूत औषधीहरूको समेत व्यवस्था गर्ने ।
- सरकारी, निजी साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी संयन्त्रको विकास गरी दिवाखाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन प्रक्रियालाई थप प्रभावकारी बनाउने ।
- सिकाइका लागि पोषण, सरसफाइ र नियमितताको व्यवस्थापन गरी सिकाइ उपलब्धिमा सुधार गर्ने ।

### ४.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- बालबालिकाहरूलाई दिवाखाजा, स्वास्थ्य एवं पोषणयुक्त पौष्टिक खाना प्राप्तिको सुनिश्चितता भएको हुनेछ ।
- बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी सेवाको व्यवस्थापन र गुणस्तर वृद्धि भई सिकाइ उपलब्धिमा सुधार भएको हुनेछ ।

**मुख्य नतिजाः**

- पूर्वप्राथमिक तहदेखि आधारभूत तहसम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूका लागि स्वस्थ्यकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवाखाजा स्थानीय तहमार्फत विद्यालयबाट उपलब्ध हुनेछ ।
- सबै विद्यालयहरूमा विद्यार्थी सङ्ख्याको अनुपातमा छात्र र छात्राको लागि अलग अलग शौचालाय, किशोरीहरूका लागि स्यानिटरी प्याड, चेन्जिङ रुम(Changing Room) र डिस्पोजल मेसिनको व्यवस्था, प्रयोग भइसकेका सामग्रीको Garbage Bin मा व्यवस्थापन, पर्याप्त साबुन पानी सहित हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसरको सरसफाइको प्रबन्धका साथै घेरावाराको समेत व्यवस्था हुनेछ ।
- प्राथमिक उपचार बाकसका साथै आधारभूत औषधीहरूसहित स्वास्थ्य जाँचका लागि स्वास्थ्य संस्थासँग समन्वय, सहकार्य र विद्यालय नर्सको प्रबन्ध हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २. | विद्यालय तथा स्थानीय तहका लागि दिवाखाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | निरन्तर | | | | | | | | |
| ३. | दिवा खाजाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | स्वस्थकर तथा पौष्टिक दिवाखाजाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ५. | तालिम/प्रचार-प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | पटक | १ | | १ | | | २ | ४ | |
| ६. | दिवाखाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | | | | | | | | | |
| ७. | कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटीहरूको अध्ययन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८. | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबाराको व्यवस्था | विद्यालय सङ्ख्या | २० | २० | २० | २० | २० | १०० | २०० | |
| ९. | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | निरन्तर | | | | | | | | |
| १०. | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी, र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | निरन्तर | | | | | | | | |
| ११. | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | विद्यालय | २० | | | | | २० | २० | |
| १२. | विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.३. आपत्कालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

### ४.३.१. परिचय

कुनै पनि बेला मानवसिर्जित तथा प्राकृतिक विपत्ति आइलाग्न सक्छ । नेपालमा वर्षेनी जस्तो आगलागी, बाढी पहिरो, लु, आँधीहुरी जस्ता प्राकृतिक विपत्तिले आंशिक तथा पूर्णरूपमा तथा भूकम्प र कोभिड-१९ जस्ता वृहद् विपत्ति र महामारीले बालबालिकाहरूको पढाइमा क्षति पुऱ्याएको हामीबिच घटनाहरू छन् । यस्तो अवस्थामा बालबालिकाहरूको जीवन रक्षा, भौतिक तथा आर्थिक मनोवैज्ञानिकरूपमा भएका असरहरूलाई न्यूनीकरण गर्दै उनीहरूको सिकाइलाई वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने हुन्छ । त्यसैले यो शिक्षाको मूल उद्देश्य भनेकै विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार र समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकाहरूलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो ।

नेपाल सरकारले जुनसुकै आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाहरूको शिक्षा प्राप्त गर्ने हक सुरक्षित गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा (Education in emergency and crisis) का रूपमा लिने गरिन्छ।

आपत्कालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाअन्तर्गत सम्भावित जोखिमको पूर्वतयारी, आपत्कालीन अवस्थामा क्षति कम हुनेगरी तत्काल गरिने कार्य र आपत्कालपश्चात् क्षतिको क्षतिपूर्ति गरी तीन ढाँचामा समेटिने गरिन्छ ।

### ४.३.२. वर्तमान अवस्था

गएका झण्डै २ बर्ष विश्व नै कोभिड १९ को महामारीको चपेटामा पऱ्यो । यस परिवेशबाट बिर्तामोड नगरपालिका पनि अछुतो रहन सकेन । यस पालिकामा आ.व. २०७७/७८ मा ११३३ जनालाई कोभिड परीक्षण गरिएकोमा ४४२ जनालाई पोजेटिभ देखिन पुग्यो । अस्थायी कोभिड अस्पतालको व्यवस्थापनका साथ यस महामारी नियन्त्रणको प्रयास गरिएको भए तापनि यस पालिकाका २३ जना नागरिकहरूले ज्यान गुमाउन पुगे । तथापि यस पालिकाको अथक प्रयासबाट धेरै मानिसहरूको ज्यान बचाउन सफल भएको अवस्था देखिन्छ। यसको असर विद्यालयहरूमा नपर्ने कुरै भएन । तसर्थ त्यस समयमा विद्यालयहरूमा विद्यार्थी भौतिकरूपमा उपस्थिति हुन नसक्ने हुँदा २०७८ भाद्र महिनासम्म विद्यालय बन्द गरी वैकल्पिक शिक्षण सिकाइ क्रियाकलापहरू (अनलाइन तथा अफलाइन) सञ्चालन गरिएको थियो । यसका अतिरिक्त यदाकदा देखिने आउँ, ज्वरो लगायतका विषयबाहेक खासै महामारीको अवस्था यस पालिकामा रहेको छैन ।

### ४.३.३. उद्देश्यहरू

- विपद् व्यवस्थापन गर्न स्थानीय संयन्त्र निर्माण र त्यसले गर्ने कार्यढाँचा विकास गर्नु ।
- सम्भावित विपद्को व्यवस्थापन गर्नका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- वैकल्पिक सिकाइका लागि उपयुक्त हुने विधिहरू प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु ।

### ४.३.४. रणनीतिहरू

- विपद्को समयमा बालबालिकाको पढाइमा निरन्तरता दिन पूर्व तयारी व्यवस्थापन, विपद्का बखतको उद्धारसम्बन्धी कार्य तथा पश्चात् गरिने कार्यहरूसम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने ।

- शिक्षक तालिम, विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि कार्यक्रम र अभिभावक सचेतना कार्यक्रम सञ्चालन गर्ने ।
- विपद्का समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरूको तयारी गर्ने तथा यन्त्र उपकरण, खाद्यान्न, पोसाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने ।
- विपद् प्रतिरोधी भौतिक पूर्वाधार निर्माण तथा पुनःस्थापना गर्ने ।
- शिक्षक तालिम, विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक सङ्घको क्षमता अभिवृद्धि र अभिभावक सचेतना कार्यक्रममा विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी विषयवस्तु समावेश गर्ने ।
- विद्यालयहरूले विद्यालय सुधार योजनामा विपद् पूर्वतयारीका साथै प्रतिकार्य योजना समावेश गर्ने ।
- पालिकास्तरीय विपद् व्यवस्थापन संयन्त्र (जनप्रतिनिधि, सुरक्षा निकाय, स्वास्थ्य संस्था, रेडक्रस, स्काउट, स्थानीय सङ्घसंस्था, पेशागत सङ्घसंस्थाका प्रतिनिधि, प्रधानाध्यापक, शिक्षक आदि) गठन गरी परिचालन गर्ने ।
- महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने ।
- विपद् तथा प्रकोप र शान्ति सुरक्षा तथा अधिकारको क्षेत्रमा काम गर्ने सरकारी, अर्धसरकारी तथा सामाजिक सङ्घसंस्थाहरूबिच वडा तथा विद्यालयस्तरसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने ।
- हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दीगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरू कार्यान्वयन गर्ने ।
- विपद्का कारणबाट बालबालिकाहरूमा पर्ने मनोसामाजिक असरलाई न्यूनीकरण गर्न मनोपरामर्श सेवा सञ्चालन गर्ने ।

### ४.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- विपद् व्यवस्थापनका लागि स्थानीय संयन्त्र निर्माण र त्यसले गर्ने कार्यढाँचा विकास भएको हुनेछ।
- भौतिक, मानवीय तथा आर्थिक स्रोत जुटी विपद्को व्यवस्थापन भएको हुनेछ ।
- सिकाइका लागि वैकल्पिक विधिहरू प्रयोग भई बालबालिकाहरूको सिक्न पाउने अधिकार सुनिश्चित भएको हुनेछ ।

**नतिजाः**

- विपद् तथा सङ्कटपूर्ण अवस्थामा शैक्षिक क्रियाकलापहरू निरन्तररूपमा सञ्चालन हुनेछन्।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विपद् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | स्थानीय तह र विद्यालयको क्षमता विकास | निरन्तर | | | | | | | | |
| ३. | विपद् पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्पादनशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | शिक्षक तथा विव्यस तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५. | सङ्कटासन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | विपद्प्रतिरोधी विद्यालय भवन निर्माण | ओटा | २ | २ | २ | २ | २ | १० | २० | |

## ४.४. अतिरिक्त क्रियाकलाप

### ४.४.१. परिचय

बालबालिकाहरूको सर्वाङ्गीण विकासका लागि नियमित पठनपाठनका अलावा अतिरिक्त क्रियाकलाप आवश्यक पर्छ । पाठ्यक्रमले निर्दिष्ट गरेका उद्देश्यहरू (सक्षमता र सिकाइ उपलब्धिहरू) लाई प्रत्यक्ष वा अप्रत्यक्षरूपमा टेवा पुऱ्याउने उद्देश्यले विद्यालयभित्र गरिने क्रियाकलापहरू नै अतिरिक्त क्रियाकलापहरू हुन् । जसअन्तर्गत खेलकूद, साहित्यिक तथा सांस्कृतिक कार्यक्रम, चित्रकला, हस्तकला, हाजिरी जवाफ, हिज्जेलगायतका कार्यक्रमहरू पर्दछन् ।अतिरिक्त क्रियाकलापको सञ्चालनले विद्यार्थीहरूको सिर्जनात्मक क्षमताको विकास गराउछ । शारीरिक तन्दुरुस्ती तथा वौद्धिक, सामाजिक, संवेगात्मक विकास गराउदछ। विद्यालयहरूमा सामान्यतया शुक्रवार, साप्ताहिक, पाक्षिक, मासिक  र खास खास अवसरमा धार्मिक, सांस्कृतिक र राष्ट्रिय दिवसका अवसरमा अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने गरिन्छ। जसले स्थानीय तहको संस्कृति, लोककला, साहित्यको जगेर्ना गर्दछ । बालबालिकामा सिर्जनात्मक क्षमताको विकास, सीप विकासका साथै आपसी सहयोग, स्वस्थ प्रतिष्पर्धा, नेतृत्त्व सीप जस्ता सामाजिक गुणहरूको विकास हुने गर्छ ।

शिक्षा नियमावली-२०५९ को परिच्छेद १४ मा अतिरिक्त क्रियाकलापको उल्लेख गरेको छ। विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नुपर्ने छ । जसले विद्यार्थीहरूको सिर्जनात्मक प्रतिभाको विकास गर्ने र शिक्षक विद्यार्थी सहभागी हुनुपर्ने कुरा उल्लेख गरेको छ। अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने पक्षहरू साथै प्रतियोगिताहरूको नाम समेत उल्लेख गरेको छ ।

विद्यालयले शुक्रवारको दैनिक पठनपाठनको कार्य समाप्त भएपछि विद्यार्थीहरूलाई अतिरिक्त क्रियाकलापमा सहभागी गराउनु पर्ने व्यवस्था छ। विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न आवश्यकता अनुसार समिति गठन गर्न सकिने कुरा उल्लेख छ ।

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता सञ्चालन निर्देशिका-२०७० ले स्थानीय तहस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आयोजना, सञ्चालन तथा समन्वय गर्न स्थानीय तह प्रमुखको संयोजकत्वमा ११ सदस्यीय प्रतियोगिता व्यवस्थापन तथा निर्देशन समिति गठन गर्ने व्यवस्था गरेको छ । उक्त प्रतियोगितामा भलिबल, कबड्डी, एथलेटिक्स, मार्सल आर्ट जस्ता खेलहरू समावेश गरिएका छन् । पालिकाका माध्यमिक विद्यालयस्तरीय उक्त खेलकुद कार्यक्रममा विजयी खेलाडीहरूलाई पुरस्कृत गरिने व्यवस्था छ । शिक्षाको सोच पत्र - २०७९ ले प्रत्येक विद्यालयले खेल मैदान र खेल सामग्रीको व्यवस्था गर्नुपर्ने साथै अतिरिक्त तथा सहक्रियाकलापको मापदण्ड बनाई कार्यान्वयनमा ल्याउने कुरा उल्लेख गरेको छ ।

विद्यालय सुधार योजना निर्माण गर्दा अतिरिक्त क्रियाकलाप सञ्चालनसम्बन्धी योजना समावेश गर्नुपर्ने प्रावधान राखिएको छ ।

### ४.४.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाअन्तर्गत नगर खेलकुद विकास समिति रहेको छ । साथै विद्यालयहरूले साप्ताहिकरूपमा अतिरिक्त क्रियाकलाप सञ्चलन गर्दै आएका छन् । पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन हुँदै आएको छ । विद्यालयको वार्षिक शैक्षिक योजना तथा विद्यालय सुधार योजनामा अतिरिक्त क्रियाकलाप कार्यक्रम समावेश गरिएको छ । विद्यालयको वार्षिकोत्सवमा विभिन्न प्रतियोगितामा विजयी विद्यार्थीहरूलाई पुरस्कृत गरिँदै आइएको छ । शिक्षा नियमावली -२०५९ ले चित्रकला र हस्तकला, वाद्यवादन, नृत्य, नाटक, वक्तृत्त्वकला, हाजिरी जवाफ, हिज्जे, खेलकूद, साहित्यिक गतिविधि, कविता, निवन्ध, फूलवारी र अन्य प्रतियोगिता सञ्चालन गर्ने उल्लेख गरेको भए तापनि विद्यालयहरूले सन्तुलित किसिमले अतिरिक्त क्रियाकलाप सञ्चालन भने गर्न सकेका छैनन् ।

विद्यालय सुधार योजना र वार्षिक शैक्षिक योजना (कार्यतालिका) मा समावेश गरिएको भए तापनि कार्यान्वयनको पाटो भने फितलो रहेको छ । खेल सामग्री, उपयुक्त खेल मैदान तथा बजेटको कमीले गर्दा प्रभावकारी कार्यान्वयन हुन सकेको छैन ।

### ४.४.३. उद्देश्यहरू

- सबै विद्यालयहरूका बालबालिकाहरूलाई अतिरिक्त क्रियाकलाप कार्यक्रमको पहुँच सुनिश्चित भई सर्वाङ्गीण विकासमा टेवा पुग्नु ।
- अतिरिक्त क्रियाकलाप व्यवस्थापन तथा सञ्चालनका लागि स्रोत, साधन र विज्ञ जनशक्तिको प्रबन्ध गर्नु ।

४.४.४. रणनीतिहरू

- पालिकास्तरीय अतिरिक्त क्रियाकलाप कार्यक्रम व्यवस्थापन र सञ्चालन गर्नका लागि समिति गठन गरी वार्षिक कार्य योजना बनाई कार्यान्वयन गर्ने ।
- सरकारी तथा गैह्रसरकारी एवं अन्य सरोकारवालाहरूको सहभागितामा अतिरिक्त क्रियाकलाप व्यवस्थापन तथा सञ्चालनका लागि स्रोत, साधन र विज्ञ जनशक्तिको प्रबन्ध गर्ने ।
- प्रत्येक विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन र व्यवस्थापन गर्नका लागि अतिरिक्त क्रियाकलाप समिति गठन गरी परिचालन गर्ने ।
- विद्यालय सुधार योजना तथा वार्षिक कार्य योजना (कार्य पात्रो) मा अतिरिक्त क्रियाकलापका लागि योजनामा समावेश गर्ने ।
- विद्यालयको स्थापना दिवस, वार्षिक उत्सव, अभिभावक दिवस, सरस्वती पूजा आदि उत्सवहरूमा स्थानीय क्लब तथा अन्य सरोकारवालाहरूको सहभागितामा कार्यक्रम सञ्चालन गर्ने ।
- विभिन्न समयमा छिमेकी विद्यालयहरूको सहभागितामा अन्तरविद्यालय अतिरिक्त क्रियाकलाप प्रतियोगिता सञ्चालन गर्ने, गराउने ।
- प्रत्येक विद्यालयमा बालक्लबको प्रत्यक्ष सहभागितामा भित्ते पत्रिका प्रकाशन गर्न र शिक्षकहरूबाट लेखिएका शैक्षिक जर्नल स्थानीय तथा राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन गर्ने प्रबन्ध मिलाउने ।
- बिर्तामोड नगर शिक्षा प्रतिष्ठानको कार्यविधि तयार गरी संरचना निर्माण र परिचालन गर्ने ।

४.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- सबै विदयालयका बालबालिकाहरूलाई अतिरिक्त क्रियाकलाप कार्यक्रमको पहुँच सुनिश्चित हुन गई उनीहरूको सर्वाङ्गीण विकासमा टेवा पुगेको हुनेछ ।
- अतिरिक्त क्रियाकलाप कार्यक्रमको व्यवस्थापन तथा सञ्चालनका लागि स्रोत, साधन र विज्ञ जनशक्तिको प्रबन्ध भएको हुनेछ ।

**नतिजाः**

सबै खाले विद्यार्थीहरूको अतिरिक्त क्रियाकलापमा पहुँच सुनिश्चित भई उनीहरूको सर्वाङ्गीण विकास हुन गई ज्ञान, सीप र क्षमता अभिवृद्धि हुनेछ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | राष्ट्रपति रनिङ सिल्ड | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | वौद्धिक प्रतिभा प्रदर्शन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | विभिन्न अतिरिक्त क्रियाकलाप (नगरस्तरीय तहगत र विद्यालयगत) सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ४. | अतिरिक्त क्रियाकलापको नगरस्तरीय कार्यविधि र कार्य योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५. | प्रतिभा पहिचान | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | सांस्कृतिक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७. | विज्ञ शिक्षकको तयारी | जना | २० | | | | | | २० | |

## ४.५. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.५.१. परिचय

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्डअनुसार बालबालिका विद्यालय भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षा कोठा, शारीरिक तथा मानसिक तन्दुरुस्तीका लागि खेलमैदान, सरसफाइ र प्रशस्त पानीसहितको शौचालय, पिउनका लगि शुद्ध खानेपानी, सुरक्षाका लागि घेरावारा जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत संरचना हुन् । राष्ट्रिय शिक्षा नीति-२०७६ अनुसार विद्यालयका भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, पुस्तकालय, पुस्तक कुना, खानेपानी, शौचालय, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभा हल, कम्प्युटर कक्ष, मञ्च जस्ता भौतिक पूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था गरेको छ । प्रति विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका निमित्त प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र आधारभूत तथा माध्यमिक तहका लागि १.० वर्ग मिटर वरावरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली-२०५९ मा उल्लेख गरिएको छ। त्यस्तै गरी शिक्षाको सोचपत्र २०७९ ले अपाङ्गता अनुकूल संस्थागत संरचना र सिकाइ सामग्रीको प्रबन्ध गर्ने, हरित विद्यालयको अवधाणालाई कार्यान्वयन गर्ने, शिक्षक एवं विद्यार्थी मैत्री शैक्षिक एवं भौतिक पूर्वाधार निर्माण गर्ने, छात्र तथा छात्राका लागि आराम कक्षसहितको अलग अलग शौचालयको प्रबन्ध गर्ने, विद्यालय भवनको रङ मापदण्ड लागू गर्ने, बाल, लैङ्गिक, अपाङ्गमैत्री कक्षाकोठा व्यवस्थापन गर्ने, विद्युत तथा वैकल्पिक ऊर्जाको व्यवस्था गर्ने जस्ता

पक्षहरूको प्रबन्ध गरी विद्यालयीय सुविधाको सुनिश्चितता र आदर्श शैक्षिक वातावरणको निर्माण गर्ने सोच राखेको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवं विस्तारका लागि विद्यालयको वर्तमान अवस्थालाई दृष्टिगत गरी यस योजनामा पूर्वाधार विकासका कार्यक्रमहरू तर्जुमा गरिएको छ।

### ४.५.२. वर्तमान अवस्था

सामुदायिक विद्यालयका भवन कच्ची १८, पक्की ८२ गरी जम्मा १००, पिसाब घर (Urinal) शिक्षकका लागि १३, छात्रका लागि १६, शौचालय शिक्षकका लागि २६, छात्राका लागि ४६, पानीसहितको सुविधायुक्त शौचालय ११२, कोठाः- प्रधानाध्यापक कार्यकक्ष १२, कम्प्युटर १८, पुस्तकालय १३, विज्ञान ल्याव १८, शिक्षक कक्ष १९ तथा प्रयोगमा नआएका ३ ओटा रहेको अवस्था छ ।

### ४.५.३. उद्देश्यहरू

- सबै विद्यालयहरूमा मापदण्डअनुसारका सुविधायुक्त सुरक्षित पूर्वाधारको विकास गर्नु ।
- सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा प्रबलीकरण गर्नु ।
- सबै विद्यालयहरूमा पर्याप्त पूर्वाधार विकासको लागि स्रोत व्यवस्थापन गर्नु ।
- भौतिक पूर्वाधार विकास एवं विस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास गर्नु ।

### ४.५.४. रणनीतिहरू

- भौतिक पूर्वाधार विकासका लागि मापदण्ड विकास गर्दा सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्या आदिलाई आधार लिने ।
- विद्यालय पूर्वाधार विकासका लागि सङ्घ र प्रदेश सरकार, गैह्र सरकारी सङ्घसंस्थाको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी अन्य सरोकारवालाहरूको सहभागितामा कार्यान्वयन हुने व्यवस्थापन गरी अन्य सरोकारवालाहरूको सहभागितामा कार्यान्वयन हुने व्यवस्था गर्ने ।
- विद्यालयलाई सुरक्षित बनाउन आवश्यकता अनुसार प्रबलीकरण तथा पुनर्निर्माण र मर्मतसम्भार गर्ने ।
- पूर्वाधार विकास तथा विस्तारमा संलग्न सरोकारवालाहरूलाई पारदर्शी र जवाफदेही बनाउने प्रणाली विकास गर्ने ।
- पूर्वाधार निर्माण गर्दा हरित एवं वातारवरणीय पक्षलाई समावेश गर्न संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

### ४.५.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- सबै विद्यालयहरूमा मापदण्डअनुसारका सुविधायुक्त, सुरक्षित पूर्वाधारको विकास भएको हुनेछ।
- सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न भौतिक पूर्वाधार विकास, मर्मत सम्भार तथा प्रबलीकरण भएको हुनेछ ।
- सबै विद्यालयहरूमा पर्याप्त पूर्वाधार विकासको कार्यमा सङ्घीय र प्रदेश सरकार, गैह्र सरकारी संस्थाहरूसँग लागत साझेदारीमा स्रोत व्यवस्थापन भएको हुनेछ ।
- भौतिक पूर्वाधार विकास एवं विस्तारका लागि पारदर्शी तथा जवाफदेही प्रणालीको विकास भएको हुनेछ।

**नतिजाः**

- सबै विद्यालयहरूमा सुविधा सम्पन्न भौतिक पूर्वाधार विकास हुनेछ ।
- विद्यालयका संरचनाहरूको मर्मतसम्भार र सबलीकरण पद्धतिको विकास हुनेछ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालय भवन निर्माण | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| २. | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ३. | विद्यालयहरूमा बनेका संरचनाको संवर्द्धन तथा मर्मतसम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ४. | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ५. | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ६. | अपाङ्गतामैत्री संरचना निर्माण | विद्यालय सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७. | बृहत् विपद् जोखिम व्वस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | तह | निरन्तर | | | | | | | |

## ४.६. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.६.१. परिचय

सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलापमा प्रयोग गर्नु समय सापेक्ष सान्दर्भिक मानिन्छ । सिकाइप्रति विद्यार्थीलाई अभिप्रेरित गर्न र दीगो सिकाइका लागि सूचना तथा सञ्चार प्रविधि प्रभावकारी मानिन्छ । प्रविधियुक्त जीवनशैली भएको अबको समाजमा सबै विद्यार्थीहरूलाई सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुर्‍याउनु आजको आवश्यकता हो । समतामूलक सूचना तथा सञ्चार प्रविधिको उपयोगले सिकाइ उपलब्धिमा सुधार ल्याउनुका साथै शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिलाई सहयोग पुग्छ । सूचना तथा सञ्चार प्रविधिको गुरुयोजना सन् २०१३-२०१७ ले पहिचान गरेका प्राथमिकताका क्षेत्रहरूमा सूचना तथा सञ्चारका लागि संरचना तयार गर्ने, मानवीय स्रोत विकास गर्ने, डिजिटल सामग्री विकास गर्ने र शैक्षिक पद्धति तथा व्यवस्थापन सुधार गर्ने रहेका छन् ।

कोभिड-१९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद् तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्त्वपूर्ण सहयोग गर्दै आएको छ। यस सन्दर्भमा विद्यमान क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरी सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा सञ्चारको अभावले सबैलाई समेट्न सकिएको छैन । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्ने गरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु आवश्यक भएको छ ।

### ४.६.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाका १८ ओटै विद्यालयहरूमा कम्प्युटर र इन्टरनेट सुविधा रहेको छ। बालविकास केन्द्रदेखि माध्यमिक तहसम्म टेलिभिजनको व्यवस्था गरिएको छ । साथै इन्टरेक्टिभ प्यानल वोर्ड ९ ओटा विद्यालयहरूमा रहेका छन् । सबै सामुदायिक विद्यालयहरूमा विद्युतीय हाजिरी छ । विद्युतीय सिकाइ सामग्रीको कक्षाकोठामा प्रयोग भने न्यून रहेको छ ।

### ४.६.३. उद्देश्यहरू

- सबै विद्यालयहरूमा सूचना तथा प्रविधिको पहुँच पुर्‍याउनु ।
- सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु।

### ४.६.४. रणनीतिहरू

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिका संरचना तथा उपकरणको व्यवस्था गर्ने।

- सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धमा शिक्षकहरूलाई क्षमता अभिवृद्धि गर्ने तालिम कार्यक्रम सञ्चालन गर्ने ।
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधामार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गर्ने।
- विभिन्न कक्षा तथा विषयका अन्तरक्रियात्मक श्रव्यदृश्य सामग्रीको प्रयोगमा जोड दिने।
- सूचना तथा सञ्चार प्रविधिको माध्यमबाट शिक्षक सहायता र पृष्ठपोषण प्रणालीको विकास गर्ने ।
- सङ्घ, प्रदेश सरकार, गैह्रसरकारी सङ्घसंस्थाको सहभागितामा विद्यालयमा सूचना तथा सञ्चार प्रणालीको विकास र विस्तार गर्ने ।

### ४.६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुगेको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगले सिकाइ प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

**नतिजाः**

- सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्नेछ।
- सबै विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | विद्यालयमा ICT संरचना विस्तार | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| २. | प्रत्येक विद्लयमा Internet Connectivity को व्यवस्था | सङ्ख्या | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ३. | शिक्षकहरूको क्षमता विकास | जना | ६० | ६० | ६० | ६० | ६० | ३०० | ६०० | |
| ४. | प्रत्येक विद्यालयमा अन्तरक्रियात्मक विद्युतीय सामग्रीको उपलब्धता | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | २० | |
| ५. | IEMIS व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | ओटा | १ | १ | १ | | | ३ | ६ | |

# परिच्छेद पाँचः सुशासन तथा व्यवस्थापन

## ५.१. संस्थागत क्षमता विकास

### ५.१.१. परिचय

सुशासन तथा व्यवस्थापन एउटा सक्षम र सबल शिक्षा प्रणाली निर्माण र त्यसको सञ्चालन तथा व्यवस्थापनको प्रमुख आधार हो । विद्यालय शिक्षाले बालबालिकाहरूलाई समावेशी, समतामूलक तथा गुणस्तरीय शिक्षा सुनिश्चित गरी राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणमा योगदान गर्ने लक्ष्य प्राप्तिका लागि तीनै तहका सरकार तथा सम्बन्धित सङ्घसंस्था वा विद्यालयको प्रभावकारी शासकीय प्रबन्ध तथा व्यवस्थापन आवश्यक छ । स्थानीय सरकारको हकमा शिक्षा सेवालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सुशासनका आधारभूत तत्त्व उत्तरदायित्व, पारदर्शिता, जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र सहभागिता सुनिश्चित गरी योजनाका उद्देश्यहरू प्राप्तिमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना र प्रक्रियालाई जनाउछ। सेवाग्राहीको सन्तुष्टिको स्तर र उपलब्ध गराइएको स्तरको बीचमा जति थोरै खाडल भयो त्यति नै शासकीय प्रबन्ध राम्रो भएको मान्न सकिन्छ। स्थानीयस्तरमा सुशासनको प्रत्यक्ष अनुभूति गराउनका लागि तीनै तहका सरकार, विद्यालय तथा समुदाय र गैह्र सरकारी सङ्घसंस्थाहरूको भूमिका रहने भएकोले कानुनले तोकेअनुसारका अधिकार र कर्तव्य सबै अङ्गबाट निर्वाह हुन आवश्यक छ ।

नेपालको संविधान २०७२ ले सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारको व्यवस्था गरी तीनै तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्ध गरेको छ । विद्यालय शिक्षा योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारीका साथै व्यवस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नुपर्ने हुन्छ ।

विद्यालयलाई प्रभावकारी र सक्षम नेतृत्व प्रदान गर्न शिक्षा नियमावली २०५९ मा शिक्षकहरूबाट विद्यालय विकासको प्रस्तावना आह्वान गरी सोको मूल्याङ्कनद्वारा सबैभन्दा उच्च अङ्क प्राप्त गर्ने शिक्षकलाई प्रधानाध्यापक पदमा सम्झौता गरी नियुक्ति गर्नुपर्ने व्यवस्था विद्यमान छ ।

यसरी शैक्षिक सेवालाई निरन्तरता दिनका लागि मौजुदा संगठनात्मक स्वरूप र कर्मचारीको व्यवस्थापनमा परिवर्तन गरी शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना तयार गरिएको छ । यसै संरचनाअनुसार वर्तमान अवस्थामा शिक्षा प्रशासन र व्यवस्थापनका लागि सङ्घीय तहमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । यसले समग्र राष्ट्रको शिक्षासम्बन्धी नीति निर्धारण, शिक्षासम्बन्धी मापदण्ड र स्तर निर्धारण, सङ्घीय योजनाको विकास, अनुगमन तथा

मूल्याङ्कनको काम गर्दछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत केन्द्रिय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा वोर्ड, शिक्षक सेवा आयोग, प्राविधिक तथा व्यावसायिक शिक्षाका लागि प्राविधिक तथा व्यावसायिक तालिम परिषद् र उच्च शिक्षाका लागि विश्वविद्यालय अनुदान आयोग रहेका छन् । जिल्ला तहमा रहेका साबिकका जिल्ला शिक्षा कार्यालयहरू शिक्षा विकास तथा समन्वय एकाइमा रूपान्तरण भएका छन् ।
प्रदेश तहमा सामाजिक विकास मन्त्रालयले शिक्षासम्बन्धी कार्य गर्ने गर्दछ भने सामाजिक विकास मन्त्रालयअन्तर्गत शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्रको व्यवस्था गरिएको छ । प्रत्येक स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा रहने व्यवस्थासहित शिक्षा सेवाका कर्मचारीको दरबन्दी व्यवस्था गरी पदस्थापनसमेत गरिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएका अधिकार कार्यान्वयनका लागि तोकिएका २३ ओटा कार्यबाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइको व्यवस्था भए तापनि सबै कामहरूलाई ठोस नीति नियमको प्रभावकारी कार्यान्वयन नभइरहेको अवस्था छ ।

### ५.१.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाले शिक्षा ऐन तथा नियमावली निर्माण गरी कार्यान्वयनमा ल्याएको छ। बिर्तामोड नगरपालिका नगरकार्यपालिकाको कार्यालयअन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ । शिक्षा सेवाका नवौं तहका अधिकृतको नेतृत्त्वमा आवश्यक जनशक्तिको व्यवस्था गरिएको छ । शिक्षासम्बन्धी सेवाहरू यसै शाखामार्फत् प्रवाहित हुने गर्दछन् । शिक्षा नियमावलीअनुसार सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको गठन तथा परिचालन गर्ने व्यवस्था अनुसारको प्रबन्ध गरिएको छ । विद्यालयको शैक्षिक, प्रशासनिक तथा आर्थिक व्यवस्थापनको नेतृत्त्व प्रधानाध्यापकले गर्छन् । सामुदायिक विद्यालयहरूमा शिक्षकहरूको दरबन्दी मिलान गरी पठनपाठनका लागि व्यवस्था गरिएको छ। कार्यक्रम कार्यान्वयन प्रवोधीकरण, प्रधानाध्यापक बैठक, सूचना तथा सञ्चार प्रविधिसम्बन्धी क्षमता विकास तालिम तथा पुनर्ताजगी तालिम, प्रधानाध्यापक नेतृत्त्व क्षमता विकास तालिम जस्ता तालिमहरू सञ्चालन गरिएका छन् । सबै विद्यालयहरूका लागि सङ्घीय सशर्त अनुदानबाट शिक्षक तथा कर्मचारी तलव भत्ता, भौतिक पूर्वाधार विकास, विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना तथा सञ्चार प्रविधि कार्यक्रम, विद्यार्थी सङ्ख्या अनुसार प्राप्त हुने प्रति विद्यार्थी लागत अनुदान, पाठ्यपुस्तक, दिवाखाजा, छात्रवृत्ति, विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान जस्ता संघीय सरकारबाट प्राप्त अनुदान र पालिकाको आन्तरिक स्रोतबाट विनियोजन गरिएका विभिन्न अनुदानहरू निकासा दिने प्रबन्ध मिलाइएको छ । नीति नियमको

कार्यान्वयन, सेवा प्रवाह तथा कार्यक्रमहरूको नियमित अनुगमन  सुपरिवेक्षणका कार्यहरू हुने गरेका छन् । यसै गरी विद्यालयको नियमितता र सुशासन कायम गर्न नियमितरूपमा सामाजिक परीक्षण, लेखा परीक्षण गर्ने गरिएको छ भने यसको प्रतिवेदन अभिभावकहरूबीच सार्वजनिक गर्ने गरिएको छ । सबै विद्यालयमा एकरूपताका लागि शैक्षिक क्यालेण्डर तयार गरी सोबमोजिम शैक्षिक कार्यक्रम सञ्चालनको प्रबन्ध मिलाइएको छ भने शिक्षा, युवा तथा खेलकुद शाखाबाट त्रैमासिक प्रतिवेदनका साथै वार्षिक स्थिति प्रतिवेदन तयार गरी केन्द्रमा सम्प्रेषण गर्ने गरिएको छ ।

ऐन नियमहरूको प्रबन्ध, जनशक्तिको व्यवस्थापन, सुपरिवेक्षणको प्रबन्ध जस्ता अवसर भए तापनि नियममा व्यवस्था भएबमोजिम प्रधानाध्यापक व्यवस्थापन, नियमित र प्रभावकारी सुपरिवेक्षण, ऐन नियमहरूको पूर्णरूपमा कार्यान्वयनको प्रभावकारिता तथा सामाजिक परीक्षण मर्म र भावनाबमोजिम गर्ने व्यवस्था मिलाउनु जस्ता चुनौती रहेका छन् ।

### ५.१.३. उद्देश्यहरू

- स्थानीय तहमा आवश्यक जनशक्तिको व्यवस्थापन गर्नु ।
- सेवा प्रवाहमा पारदर्शिता कायम गर्नु ।
- भएका जनशक्तिहरूको लागि संस्थागत क्षमता अभिवृद्धि तथा स्रोतसाधनको व्यवस्थापन गर्नु ।

### ५.१.४. रणनीतिहरू

- स्थानीय  तहको शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि आवश्यक पर्ने नीति तर्जुमा गर्ने ।
- संरचना अनुसारको जनशक्ति व्यवस्थापन गर्ने ।
- शिक्षा नियमावलीमा व्यवस्था भएबमोजिम विद्यालयहरूमा प्रधानाध्यापक नियुक्तिको व्यवस्था गर्दै जाने ।
- कार्यक्रम सञ्चालनमा सहभागिता अभिवृद्धिका लागि पारदर्शिता कायम गर्ने ।
- सामाजिक परीक्षणको कार्यलाई थप प्रभावकारी बनाउने ।
- स्थानीय तहमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने ।
- विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
- कार्य सम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने ।
- प्रधानाध्यापक तथा शिक्षकहरूलाई पेशागत सहयोग गरी क्षमता विकास गराउने ।
- स्थानीय तह तथा विद्यालयहरूका कार्यक्रमहरूलाई प्रभावकारीरूपमा कार्यसम्पादन र कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्थापन गर्ने ।

- विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने ।

५.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- कार्यक्रम सञ्चालनमा पारदर्शिता प्रवर्द्धन भएको हुनेछ ।
- जनशक्तिहरूको संस्थागत क्षमता विकास भई उत्तरदायित्व र जिम्मेवारीमा अभिवृद्धि भएको हुनेछ।
- जनशक्तिका लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था भई प्रभावकारीरूपमा कार्यसम्पादन भएको हुनेछ ।

**नतिजाः**

- स्थानीय तहको शिक्षाको प्रभावकारी व्यवस्थापनका लागि आवश्यक नीति तर्जुमा हुनेछ।
- कार्यक्रम सार्वजनिक भई पारदर्शिता प्रवर्द्धन हुनेछ ।
- स्थानीय तहमा जनशक्ति व्यवस्थापन, क्षमता विकास भई स्रोत साधनको समेत व्यवस्था हुनेछ ।
- स्थानीय तहका शिक्षाका निकाय तथा सबै विद्यालयहरूमा सुशासन प्रवर्द्धन भई विद्यार्थीको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | पटक | १ | | | | | १ | १ | |
| २. | संस्थागत संरचना निर्माण तथा क्षमता विकास र परिमार्जन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | कार्यसम्पादन करार गरी सबैलाई नतिजाप्रति जिम्मेवार बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५. | शिक्षक तथा समग्र विद्यालय शिक्षा प्रणालीलाई सिकाइप्रति उत्तरदायी बनाउने पद्धति विकास गरी कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना तथा सञ्चालन | पटक | १ | | | | | १ | १ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी संयन्त्र विकास गर्ने | पटक | १ | | | | | १ | १ | |
| ८. | विद्यालय स्वास्थ्य तथा पोषण, सरसफाइ तथा स्वच्छता, विपद् तथा महामारीसम्बन्धी सेवा तथा समन्वयका लागि संयन्त्र विकास गर्ने | पटक | १ | | | | | १ | १ | |

## ५.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१. परिचय

कुनै पनि काम गर्नुभन्दा अगाडि के गर्ने, कसरी गर्ने, कहिले गर्ने, कहाँ गर्ने, कसले गर्ने, कति गर्ने आदि सम्पूर्ण कुराहरू समेटेर बनाइएको मार्गचित्र नै योजना हो । त्यसैले योजना निर्माण एउटा अनुमानित कार्ययोजनाको खाका हो । स्थानीय शिक्षा योजनामा पनि वार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण, वित्तीय व्यवस्थापन, अनुगमन र मूल्याङ्कन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी तथा उत्तरदायित्व आदि कुराहरू समेटेर योजना बनाई सोको कार्यान्वयनको समेत प्रबन्ध गरी बनाइएको विस्तृत कार्यक्रम नै शिक्षाको योजना हो। कुनै पनि पालिकाको शैक्षिक योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्त्वपूर्ण हुन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरू कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएन भने सोचे अनुसारको प्रतिफल हासिल हुन सक्दैन । तसर्थ योजना बनाइसकेपछि सबैभन्दा जटिल र चुनौतीपूर्ण अवस्था भनेकै योजनाको कार्यान्वयन हो । कार्यान्वयन सहज र सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरूले प्रतिफल प्राप्त गर्दछन् । योजनामा समावेश भएका क्षेत्र तथा विषयवस्तुहरू तोकिएको समयमा कार्यान्वयन गरी कार्यसम्पन्न भएमा मात्र योजना प्रभावकारी भएको मानिन्छ ।

नेपालमा सङ्घीय संरचनाअनुसार सङ्घ, प्रदेश र स्थानीय तहको व्यवस्था भई तीनै तहका सरकार क्रियाशिल भएको पनि धेरै वर्ष भइसकेको छ । योजनाहरूको कार्यान्वयनको प्रबन्ध गर्दा यसको दीगोपना, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनुपर्ने हुन्छ । यसको कार्यान्वयनका लागि सम्बन्धित पालिकाका संगठनहरू, जनशक्तिको व्यवस्थापन, कानुन, कार्यविधि निर्माण, बजेटको सुनिश्चितता, नीति नियम तथा जिम्मेवारी, उत्तरदायित्त्व र समन्वयको व्यवस्थापन गरे मात्र योजनाको कार्यान्वयन प्रभावकारी हुन्छ । तीनै तहका सरकारबिचको समन्वय, सहकार्य, वार्षिक रणनीतिक योजना र कार्यान्वयन योजनाका साथै अनुगमन योजना र कार्यक्रम कार्यान्वयन पुस्तिकासमेत तयार गरी सबै सरोकारवालाहरूलाई प्रवोधीकरण गर्नुपर्ने हुन्छ ।

### ५.२.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकाको शिक्षा योजना निर्माण र कार्यान्वयनका लागि नगर शिक्षा समिति, शिक्षा युवा तथा खेलकुद शाखा र सो शाखाअन्तर्गत रहेका अधिकृत दशौं तहको नेतृत्त्वमा कार्यरत शैक्षिक जनशक्तिसमेतको संलग्नतामा शिक्षा योजना निर्माण, वार्षिक कार्यक्रम तर्जुमा र प्रभावकारी कार्यान्वयनको व्यवस्था गरिएको छ । यसका साथै शैक्षिक क्यालेण्डर प्रकाशन गरी शैक्षणिक योजनासमेत समेटिएको छ । यसका लागि आवश्यक जनशक्तिको व्यवस्था गरिएको छ । यस नगरपालिकाअन्तर्गत सामुदायिक १८ र संस्थागत ५५ विद्यालयहरूको नेतृत्व प्रधानाध्यापक / प्राचार्यहरूले गरेका छन् र मातहतमा शिक्षकहरूले अध्यापन कार्य गरिरहेका छन् । विद्यालय तहमा विद्यालय सुधार योजना, वार्षिक शैक्षिक योजना, वार्षिक शैक्षणिक योजनाहरू तयार गरी कार्यान्वयन भएका छन् ।

### ५.२.३. उद्देश्यहरू

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ५.२.४. रणनीतिहरू

- सङ्घ तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त अनुदान र आफ्नै स्रोतको बजेट संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- शिक्षण सिकाइमा आवश्यक सहयोग तथा आदानप्रदानका लागि शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास गरी सञ्चालन गर्ने ।
- विद्यार्थीहरूलाई विषयगत सिकाइका साथै विभिन्न अतिरिक्त क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिताका लागि आवश्यक जिम्मेवारी तथा कार्ययोजना तयार गर्ने ।
- सामुदायिक तथा गैह्रसरकारी सङ्घ, स्रोत विज्ञसमेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा एवं शिक्षाको व्यवस्था र विपद् तथा सङ्कटको व्यवस्थासम्बन्धी सीप प्रदान गर्नका लागि आवश्यक समिति तथा संरचना तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारीरूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमितरूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरणहरू तयार गर्ने र त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गरी विद्यालयलाई विद्यालय सुधार योजना निर्माण, अध्यावधिक र कार्यान्वयनमा सहजीकरण गर्ने ।

- विद्यालय व्यवस्थापनलाई सशक्तीकरण र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयन गरी प्रधानाध्यापकलाई थप जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया र सहकार्य गर्न अभिभावक भेला र बैठकहरू गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्रमार्फत सबै उमेर समूहका सिकारूहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सीप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै जीवनपर्यन्त सिकाइ केन्द्रका रूपमासमेत कार्य गर्ने ।

५.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन सुनिश्चित भएको हुनेछ।

**नतिजाः**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुनेछ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २. | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३. | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४. | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५. | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | शैक्षिक गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया | पटक | १ | | | | | १ | २ | |
| ७. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | | | | | १ | २ | |
| ८. | सामाजिक परीक्षण प्रतिवेदनका आधारमा विद्यालयहरूलाई थप सहजीकरण | पटक | १ | | | | | १ | २ | |

## ५.३. अनुगमन तथा मूल्याङ्कन

### ५.३.१. परिचय

योजनाको अभिन्न अङ्गको रूपमा अनुगमन तथा मूल्याङ्कनलाई लिन सकिन्छ । कुनै पनि कार्यक्रम कार्यान्वयनका क्रममा स्रोत साधनको विनियोजन र वितरणदेखि लगानीको प्रवाह समुचित ढंगले भएको छ वा छैन, कार्यान्वयनका क्रममा सफल अभ्यासहरू के छन् तथा

कमीकमजोरीहरू के छन्, निर्धारित कार्यतालिका अनुसार तोकिएकै अवधिमा शैक्षिक क्रियाकलापहरू सञ्चालन भई अपेक्षित प्रतिफल प्राप्तिको अवस्था थाहा पाउन नियमित वा आवधिकरूपमा निरीक्षण, सुपरिवेक्षण एवं जाँचबुझ गर्ने कार्य नै अनुगमन हो । जसले कार्यक्रमको प्रगति र भावी कार्य ढाँचाको बारेमा सूचना उपलब्ध गराउछ भने कार्यक्रमहरूको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवं उद्देश्यपूर्ण ढंगले जाँचबुझ र लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो । मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ । अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनका चरणमा गरिन्छ भने मूल्याङ्कन कार्यक्रम कार्यान्वयन पूर्व, सञ्चालनका क्रममा र सम्पन्न भए पश्चात् गर्ने गरिन्छ । लगानीलाई पारदर्शी, नतिजामुखी र जवाफदेही बनाउन योजनाको अनुगमन तथा मूल्याङ्कन हुन आवश्यक छ ।

### ५.३.२. वर्तमान अवस्था

शिक्षाको अनुगमन तथा मूल्याङ्कनको कार्य शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । साथै शैक्षिक अनुदान तथा कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन नगरप्रमुखलगायत जनप्रतिनिधिहरूद्वारा पनि हुँदै आएको छ । सो कार्य नगर शिक्षा समितिले व्यवस्थित र योजनाबद्ध रूपमा गर्ने गरेको छ । विद्यालय तहमा विद्यालयका सम्पूर्ण गतिविधिहरूको अनुगमन तथा मूल्याङ्कन प्रधानाध्यापकले गर्ने गरेको छ । कार्यक्रमगत रूपमा शिक्षा विकास तथा समन्वय एकाइ, शिक्षक तालिम केन्द्र, शिक्षा विकास निर्देशनालय, प्रदेश सामाजिक विकास मन्त्रालय तथा सङ्घीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र मातहतका निकायबाट पनि हुने गरेको छ । शिक्षकहरूको कार्यसम्पादन मूल्याङ्कन प्रधानाध्यापक तथा शिक्षा शाखा प्रमुखबाट हुने गरेको छ । विद्यार्थी उपलब्धि परीक्षण नगरपालिकाबाट हुने गरेको छ । यति हुँदाहुँदै पनि शिक्षकको पेशागत सहयोग, नतिजामा आधारित अनुगमन, एकीकृत प्रतिवेदन प्रणालीको विकास र अनुगमन तथा मूल्याङ्कनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग र विस्तारलाई व्यवस्थित र प्रभावकारी बनाउन नसकिएको अवस्था छ।

### ५.३.३. उद्देश्यहरू

- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।
- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणालीको विकास गर्नु।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या र चुनौतिहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

### ५.३.४. रणनीतिहरू

- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई अवलम्बन गर्ने ।
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शनको निर्माण र प्रयोग गर्ने ।
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
- प्रभावकारी अनुगमन तथा मूल्याङ्कनका लागि संयन्त्र निर्माण गर्ने ।

- विद्यार्थी उपलब्धि परीक्षण र विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।
- कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन कार्यस्थलमा आधारित अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कन प्रतिवेदन प्रणालीको व्यवस्था गर्ने ।
- योजना अनुसार सञ्चालित कार्यक्रम, परियोजना वा क्रियाकलापहरूको नियमित आवधिक, मध्यावधि तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।

५.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणालीको कार्यान्वयन भएको हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणालीको विकास भएको हुनेछ ।
- योजना कार्यान्वयनका चरणमा आएका समस्या र चुनौतिहरूलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

**नतिजाः**

- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भई योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनेछ ।
- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास हुनेछ ।

**प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण**

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | | | | | १ | १ | |
| २. | अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण | पटक | १ | | | | | १ | १ | |
| ३. | मार्गदर्शन प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४. | नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन | निरन्तर | | | | | | | | |
| ५. | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरू तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६. | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | निरन्तर | | | | | | | | |
| ७. | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ४५ | |
| ८. | स्थिति प्रतिवेदन तयार गर्न | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९. | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १०. | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद छः लगानी र स्रोत व्यवस्थापन

## ६.१. परिचय

विद्यालय शिक्षाको वित्तीय व्यवस्थापन गर्न संवैधानिक एवं कानुनी प्रावधानअनुसार तीनै तहका सरकारहरूको समतामूलक पहुँचसहितको गुणस्तरीय शिक्षा प्रदान गर्न साझा दायित्त्व रहेको छ। यसका लागि आवश्यक स्रोतको पहिचान, प्राथमिकीकरण, स्रोतको उचित विनियोजन, प्रभावकारी कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनसम्बन्धी प्रबन्ध गर्नु आवश्यक छ । स्थानीय तहको वित्तीय स्रोतका लागि सङ्घीय स्रोतबाट सशर्त, समानीकरण, समपूरक र विशेष अनुदानको प्रवन्ध गरिएको छ भने स्थानीय तहको आफ्नै स्रोतसमेत शिक्षामा लगानी गरेको हुन्छ ।

आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षा निःशुल्क प्रदान गर्न संवैधानिक व्यवस्था भएकोले सोको सञ्चालन र व्यवस्थापन गर्न परिच्छेद ३, ४ र ५ मा निर्धारण गरिएका प्रस्तावित क्रियाकलापहरूका लागि बजेट आँकलन विश्लेषण स्रोतहरूको पहिचान र व्यवस्थापन गर्नुपर्ने हुन्छ । स्रोतहरूको आँकलन गर्दा सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त लगायतका अन्य अनुदान तथा कार्यक्रमहरू, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा कार्यक्रमहरू, विभिन्न साझेदार सङ्घसंस्थाहरूबाट प्राप्त हुने कार्यक्रम र अनुदान एवं पालिकाको आफ्नै आन्तरिक स्रोतबाट उपलब्ध गराइने कार्यक्रम र अनुदान जस्ता कुरालाई आधार मानेर गर्नुपर्छ । जसका लागि वित्तीय अनुशासन कायम गर्ने दायित्त्व पालिकाको कार्यक्षेत्रमा रहेको हुँदा सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढंगले व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

शिक्षालाई सार्वजनिक सेवाको रूपमा स्वीकार गरी राज्यको दायित्त्वको रूपमा अङ्गीकार गर्दै अनिवार्य तथा निःशुल्क गरिनुको सन्दर्भमा खासगरी शिक्षाको गुणस्तरबिनाको पहुँच र विस्तारले मात्र सामाजिक र आर्थिक लक्ष्य हासिल गर्न नसकिने भएकाले यसका लागि सार्वजनिक लगानी वृद्धि गर्नुका साथै लगानी र स्रोत परिचालनलाई समतामूलक तथा न्यायोचित बनाउन पर्ने देखिन्छ। यिनै कुराहरूलाई दृष्टिगत गरी शिक्षामा देशको कुल ग्राहस्थ उत्पादनको कम्तीमा ४ देखि ६ प्रतिशत र राष्ट्रिय बजेटको कम्तीमा १५ देखि २० प्रतिशत शिक्षामा विनियोजन गर्नुपर्ने अन्तरराष्ट्रिय मान्यता रहेको छ । हाम्रो देशको सन्दर्भमा विगत केही वर्षको शिक्षाको लगानीको प्रवृत्तिलाई हेर्दा मोटामोटीरूपमा ११ देखि १५ प्रतिशतसम्म विनियोजन गरेको पाइन्छ । विनियोजित रकममध्ये पनि ठूलो हिस्सा प्रशासनिक क्षेत्रमा उपयोग हुन्छ र विकासतर्फको खर्च न्यून रहेको पाइन्छ । सामुदायिक विद्यालयहरूमा घरपरिवारको तर्फबाट न्यून लगानी छ। संस्थागत विद्यालयहरूमा भने पारिवारिक खर्च शतप्रतिशत रहेको छ ।

शिक्षामा लगानी र स्रोत व्यवस्थापनका लागि संवैधानिक तथा कानुनी व्यवस्था, योजना तथा कार्यक्रम कार्यान्वयनका लागि संरचना र जनशक्तिको व्यवस्था जस्ता अवसरहरू भए तापनि

प्रभावकारीरूपमा योजना तथा कार्यक्रमहरू कार्यान्वयन, शिक्षामा लगानीको प्रतिशत, स्थानीय तहबाट शिक्षामा लगानी उच्च प्राथमिकतामा नपर्नु जस्ता चुनौतीहरू रहेका छन् ।

## ६.२. वर्तमान अवस्था

बिर्तामोड नगरपालिकामा आ.व. २०७९/०८० मा शिक्षा क्षेत्रमा कुल रकम २४८७०००००० विनियोजन भएको छ । जसमध्ये सङ्घीय सशर्त अनुदान रु. २२५७०००००, समानीकरण अनुदान रु. २३०००००० विनियोजन गरिएको छ । प्रदेश तहबाट प्राप्त रकम रु. १०००००० विनियोजन भएको र स्थानीय तहको आन्तरिक स्रोतबाट रु. ७००००० रकम विनियोजन गरिएको छ । राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि ११९००००० विनियोजन गरिएको छ । सशर्त अनुदानबाहेक बिर्तामोड नगरपालिकाले शिक्षातर्फ ३.६ प्रतिशत मात्र बजेट विनियोजन गरेको देखिन्छ ।

## ६.३. उद्देश्यहरू

- शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु

## ६.४. रणनीतिहरू

- विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारिता बढाउने ।
- वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षाक्षेत्रका कार्यक्रमका लागि विनियोजन गर्ने तथा व्यवस्था मिलाउने ।
- शिक्षामा निजी तथा गैह्रसरकारी क्षेत्रको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।
- वित्तीय व्यवस्थानपन क्षमतामा सुधार ल्याई वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्त्वलाई सबल बनाउने ।
- आवश्यकता अनुसार नगरपालिकाले आफ्नो स्रोतबाट लगानी वृद्धि गर्ने ।

## ६.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**उपलब्धिः**

- शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थान भएको हुनेछ ।

**नतिजाः**

- वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्त्व सुदृढ हुनेछ ।

## प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

### क. सङ्घीय सरकारबाट विद्यालय शिक्षाक्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

रु. हजारमा

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | सहयोगी कार्यकर्ता पारिश्रमिक तथा कर्मचारी व्यवस्थापन अनुदान | १०५००.३ | ११०२५.३ | ११५७६.६ | १२१५५.४१ | १२७६३.१८ | ५८०२०.७८६ | ११६०४१.५७ |
| आधारभूत शिक्षा | | | | | | | | |
| १ | शिक्षकका लागि तलब, भत्ता (दरबन्दी, राहत, अनुदान) | १४४५००.९८ | १५१७२६ | १५९३१२ | १६७२७७.९५ | १७५६४१.८४ | ७९८४५९.१३ | १५९६९१८.३ |
| २ | छात्रवृत्ति (सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि माध्यमिकसमेत आवासीय तथा गैहआवासीय) | ५१००.२ | ५३५५.२१ | ५६२२.९७ | ५९०४.११९ | ६१९९.३२५ | २८१८१.८२५ | ५६३६३.६४९ |
| ३ | निःशुल्क पाठ्यपुस्तक अनुदान (सामुदायिक विद्यालय) | ६९००.२९ | ७२४५.३ | ७६०७.५७ | ७९८७.९४८२ | ८३८७.३४५६ | ३८१२८.४५८ | ७६२५६.९१६ |
| माध्यमिक तह | | | | | | | | |
| १ | शिक्षकका लागि तलब, भत्ता (दरबन्दी, राहत, प्रशिक्षक, शिक्षण सहयोग अनुदानसमेत) | ३९५००.३६ | ४१४७५.४ | ४३५४९.१ | ४५७२६.६०४ | ४८०१२.९३४ | २१८२६४.४२ | ४३६५२८.८५ |
| २ | छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याडको व्यवस्थापन | ४०००.३२ | ४२००.३४ | ४४१०.३५ | ४६३०.८७०४ | ४८६२.४१४ | २२१०४.२९३ | ४४२०८.५८६ |
| ३ | विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान (आधारभूतसमेत) | ३०००.४१ | ३१५०.४३ | ३३०७.९५ | ३४७३.३४९६ | ३६४७.०१७१ | १६५७९.१५९ | ३३१५८.३१९ |
| ४ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवं कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान (आधारभूतसमेत) | ८४००.५ | ८८२०.५३ | ९२६१.५५ | ९७२४.६२८८ | १०२१०.८६ | ४६४१८.०६५ | ९२८३६.१३१ |
| पाठ्यक्रम र मूल्याङ्कन | | | | | | | | |
| १ | शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास, विद्यार्थी मूल्याङ्कन, विद्यालय सुपरिवेक्षण | १०००.०७ | १०५०.०७ | ११०२.५८ | ११५७.७०६ | १२१५.५९१३ | ५५२६.०१८ | ११०५२.०३६ |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइ | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | शैक्षिक पहुँच, सुनिश्चितता तथा अनौपचारिक र वैकल्पिक शिक्षा कार्यक्रम | १७००.५३ | १७८५.५६ | १८७४.८३ | १९६८.५७६ | २०६७.००४८ | ९३९६.५०१७ | १८७९३.००३ |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | | | | | | | | |
| १ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा सञ्चालन अनुदान | १४०० | १४७० | १५४३.५ | १६२०.६७५ | १७०१.७०८८ | ७७३५.८८३८ | १५४७१.७६८ |
| दिवाखाजासहित स्वास्थ्य तथा पोषण कार्यक्रम | | | | | | | | |
| १ | दिवाखाजाका लागि विद्यालयलाई अनुदान | ११०००.५७ | ११५५०.६ | १२१२८.१ | १२७३४.५३५ | १३३७१.२६२ | ६०७८५.०९३ | १२१५७०.१९ |
| आपत्कालीन तथा सङ्कटकालिन अवस्थामा शिक्षा | | | | | | | | |
| १ | कोभिड १९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपद्को समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ५०० | ५२५ | ५५१.२५ | ५७८.८१२५ | ६०७.७५३१३ | २७६२.८१५६ | ५५२५.६३१३ |
| विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | | | | | | | | |
| १ | सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान | ५०००.९४ | ५२५०.९९ | ५५१३.५४ | ५७८९.२१३२ | ६०७८.६७३८ | २७६३३.३५ | ५५२६६.७०१ |
| विविध | | | | | | | | |
| १ | राष्ट्रपति रनिङ शिल्ड | १०० | १०५ | ११०.२५ | ११५.७६ | १२१.५५ | १२७.६३ | १३४.०९ |
| २ | मदन भण्डारी खेलग्राम निर्माण | ८०० | ८४० | ८८२ | ९२६.१ | ९७२.४१ | १०२१.०३ | १०७२.०८ |
| | जम्मा | | २५५५७६ | २६८३५५ | २८१७७२.३ | २९५८६०.९ | १३१९८९३.९ | २६३२६३२.७ |

नोटः माथि उल्लिखित क्रियाकलापहरूमा बालविकास र शिक्षा, आधारभूत तह र माध्यमिक तहमा छुट्याइएको रकमबाहेक अन्य शीर्षकमा छुट्याइएका रकमहरू एउटै क्रियाकलापभित्र विभिन्न क्षेत्र र उपक्षेत्रहरूसँग सम्बन्धित भएकोले छुट्टाटुट्टै विश्लेषण गरिएको छैन ।

### ख. प्रदेश सरकारबाट शिक्षाक्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

रु. हजारमा

| क्र. सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | | |
| बालविकास र शिक्षा | | | | | | | | |
| १ | बालविकास केन्द्र व्यवस्थापन सुधार | | | | | | | |
| २ | | | | | | | | |

ग. स्थानीय तहबाट शिक्षाक्षेत्रअन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट

रु. हजारमा

| क्र. सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | | |
| शिक्षा विकासतर्फ | | २५००० | २६२५०.० | २७५६२.५ | २८९४०.६ | ३०३८७.७ | १३८१४०.८ | २७६२८१.६ |
| १. | सामुदायिक विद्यालयका बाल विकास केन्द्रदेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि विद्यालय पोसाक वितरण | ३२९९.७ | ३४६४.७ | ३६३७.९ | ३८१९.८ | ४०१०.८ | १८२३२.९ | ३६४६५.९ |
| २. | प्रारम्भिक बाल विकास कक्षाका सहजकर्ताका लागि ३ दिने पुनर्ताजगी क्षमता विकास | २३४ | २४५.७ | २५८.० | २७०.९ | २८४.४ | १२९३.० | २५८६.० |
| ३. | पाठ्यक्रम, विद्यार्थी मूल्याङ्कन तथा प्रविधिमा आधारित विषयगत शिक्षक तथा प्र.अ. तालिम | ५०० | ५२५.० | ५५१.३ | ५७८.८ | ६०७.८ | २७६२.८ | ५५२५.६ |
| ४. | सामुदायिक विद्यालयमा वायरिङ, प्लम्बिङ, भेटरिनरी, कृषि आदि सीप सिकाइका लागि स्वयंसेवक नियुक्ति र परिचालन (प्रति स्वयंसेवक प्रति महिना २० हजार) | ५३० | ५५६.५ | ५८४.३ | ६१३.५ | ६४४.२ | २९२८.६ | ५८५७.२ |
| ५. | नगरपालिकाबाट विद्यालय सघन अनुगमन | २०० | २१०.० | २२०.५ | २३१.५ | २४३.१ | ११०५.१ | २२१०.३ |
| ६. | शैक्षिक गुणस्तर अभिवृद्धि कार्यक्रम सञ्चालन (छात्रवृत्ति छनोट परीक्षा IEMIS व्यवस्थापन लगायतका विविध कार्यक्रम सञ्चालन, आधारभूत विद्यालयमा इन्टरनेट सुविधासमेत) | ४०० | ४२०.० | ४४१.० | ४६३.१ | ४८६.२ | २२१०.३ | ४४२०.५ |
| ७. | स्काउटसम्बन्धी अभिमुखीकरण तथा परिचालन कार्यक्रम | ३०० | ३१५.० | ३३०.८ | ३४७.३ | ३६४.७ | १६५७.७ | ३३१५.४ |
| ८. | शाखा व्यवस्थापन खर्च एवं सामुदायिक तथा संस्थागत विद्यालय मासिक प्रअ बैठक र विषय शिक्षकहरूको बैठकको खाजा खर्च | १८० | १८९.० | १९८.५ | २०८.४ | २१८.८ | ९९४.६ | १९८९.२ |
| ९. | दिवस, उत्कृष्ट विद्यालय/शिक्षकहरू सम्मान तथा विद्यार्थी पुरस्कार तथा प्रोत्साहन कार्यक्रम | ४०० | ४२०.० | ४४१.० | ४६३.१ | ४८६.२ | २२१०.३ | ४४२०.५ |
| १०. | शैक्षिक क्यालेन्डर निर्माण, छपाइ तथा वितरण | १३० | १३६.५ | १४३.३ | १५०.५ | १५८.० | ७१८.३ | १४३६.७ |
| ११. | माग तथा अनुगमनमा आधारित अपाङ्ग स्रोतकक्षा फर्निचर, मर्मत, सुधार तथा व्यवस्थान | ४०० | ४२०.० | ४४१.० | ४६३.१ | ४८६.२ | २२१०.३ | ४४२०.५ |

| क्र. सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | | |
| १२. | प्रारम्भिक बाल शिक्षक तथा अन्यका लागि थप पारिश्रमिक (मासिक रु.८००० थप, नगरको कोटामा रु.१८०००) | ६१०८.८ | ६४१४.२ | ६७३५.० | ७०७१.७ | ७४२५.३ | ३३७५५.० | ६७५१०.० |
| १३. | विद्यालय कर्मचारीका लागि थप पारिश्रमिक (मासिक रु.६५००, विद्यालय कर्मचारी रु.८००० थप) | २७३६.५ | २८७३.३ | ३०१७.० | ३१६७.८ | ३३२६.२ | १५१२०.९ | ३०२४१.८ |
| १४. | महेन्द्ररत्न माविको साबिक अनारमनी गाविस हुँदादेखि प्रदान गरेको शिक्षकको अनुदान निरन्तरता तथा अटिजम शिक्षक व्यवस्थापन अनुदान (४०८+४००) | ८०८ | ८४८.४ | ८९०.८ | ९३५.४ | ९८२.१ | ४४६४.७ | ८९२९.४ |
| १५. | आयाहरूका लागि न्यूनतम पारिश्रमिक थप पोसाकसमेत (१५५० मासिक थप) | २११.६ | २२२.२ | २३३.३ | २४५.० | २५७.२ | ११६९.२ | २३३८.४ |
| १६. | नगरस्तरीय खेलकुद महोत्सव तथा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | २०० | २१०.० | २२०.५ | २३१.५ | २४३.१ | ११०५.१ | २२१०.३ |
| १७. | नगरस्तरीय बौद्धिक प्रतिभाको प्रदर्शनी(विज्ञान, कला, भाषा, गणित आदिसँग सम्बन्धित कार्यक्रम) | ३०० | ३१५.० | ३३०.८ | ३४७.३ | ३६४.७ | १६५७.७ | ३३१५.४ |
| १८. | कक्षा थप अनुमति, ठाउँसारी, नामसारी आदि | १०० | १०५.० | ११०.३ | ११५.८ | १२१.६ | ५५२.६ | ११०५.१ |
| १९. | कक्षा ५ र ८ को नगरस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापन | ८०० | ८४०.० | ८८२.० | ९२६.१ | ९७२.४ | ४४२०.५ | ८८४१.० |
| २०. | समावेशी शिक्षा अन्तर्गत अपाङ्गता भएका बालबालिकाका लागि सीपमूलक कार्यक्रम सञ्चालन | २०० | २१०.० | २२०.५ | २३१.५ | २४३.१ | ११०५.१ | २२१०.३ |
| २१. | प्रधानाध्यापक भत्ता थप (मासिक माध्यमिक ५००, आधारभूत ३००थप) | ८६.४ | ९०.७ | ९५.३ | १००.० | १०५.० | ४७७.४ | ९५४.८ |
| २२. | अति विपन्न, गरिब तथा असहाय बालबालिकाका लागि प्राविधिक विषयमा छात्रवृत्ति कार्यक्रम | ५०० | ५२५.० | ५५१.३ | ५७८.८ | ६०७.८ | २७६२.८ | ५५२५.६ |
| २३. | शैक्षिक अवलोकन भ्रमण | ३०० | ३१५.० | ३३०.८ | ३४७.३ | ३६४.७ | १६५७.७ | ३३१५.४ |
| २४. | संस्थागत विद्यालय स्तरीकरण मापदण्ड निर्माण तथा स्तरीकरण | २२५ | २३६.३ | २४८.१ | २६०.५ | २७३.५ | १२४३.३ | २४८६.५ |

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | | |
| २५. | सामुदायिक विद्यालयमा मागको आधारमा प्रविधिमा आधारित सिकाइ व्यवस्थापन, मर्मत सम्भार, फर्निचरलगायतका कार्यक्रममा विद्यालयलाई अनुदान | ३१५७ | ३३१४.९ | ३४८०.६ | ३६५४.६ | ३८३७.४ | १७४४४.४ | ३४८८८.८ |
| २६. | लक्ष्मी आवि शिक्षण सिकाइ सहयोग अनुदान | ३९३ | ४१२.७ | ४३३.३ | ४५४.९ | ४७७.७ | २१७१.६ | ४३४३.१ |
| २७. | सहिद लक्ष्मी प्रावि शिक्षण सिकाइ सहयोग अनुदान नमूना विकाससमेत | ९५० | ९९७.५ | १०४७.४ | १०९९.७ | ११५४.७ | ५२४९.३ | १०४९८.७ |
| २८. | मदरसा तलिमुल कुरान शिक्षण सिकाइ सहयोग अनुदान | ७०० | ७३५.० | ७७१.८ | ८१०.३ | ८५०.९ | ३८६७.९ | ७७३५.९ |
| २९. | हरिहर आश्रम शिक्षण सिकाइ सुधार अनुदान | २०० | २१०.० | २२०.५ | २३१.५ | २४३.१ | ११०५.१ | २२१०.३ |
| ३०. | विराट, परिवर्तन र गणेश सामुदायिक सिकाइ केन्द्रका लागि कार्य प्रगतिका आधारमा अनुदान (परिचालिकाका लागि थप पारिश्रमिकसमेत) | ४५० | ४७२.५ | ४९६.१ | ५२०.९ | ५४७.० | २४८६.५ | ४९७३.१ |
| | जम्मा | २५००० | २६२५०.० | २७५६२.५ | २८९४०.६ | ३०३८७.७ | १३८१४०.८ | २७६२८१.६ |

## घ. नयाँ तथा थप कार्यक्रमहरू:

रु. हजारमा

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | ५ वर्षको जम्मा | १० वर्षको जम्मा | स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | २०८०/०८१ | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | | | |
| बालविकास र शिक्षा | | १०७५ | ११२८.८ | ११८५.२ | १२४४.४ | १३०६.७ | ५९४०.१ | ११८८०.१ | |
| १. | ५ दिने तालिम कार्यक्रम | ३५० | ३६७.५ | ३८५.९ | ४०५.२ | ४२५.४ | १९३४.० | ३८६७.९ | न.पा. |
| २. | केन्द्र व्यवस्थापन (सामग्री) | ३०० | ३१५.० | ३३०.८ | ३४७.३ | ३६४.७ | १६५७.७ | ३३१५.४ | न.पा. |
| ३. | अभिभावक सचेतना | २५० | २६२.५ | २७५.६ | २८९.४ | ३०३.९ | १३८१.४ | २७६२.८ | न.पा. |
| ४. | मापदण्ड प्रवोधीकरण | ७५ | ७८.८ | ८२.७ | ८६.८ | ९१.२ | ४१४.४ | ८२८.८ | न.पा. |
| ५. | पाठ्यक्रम प्रवोधीरकण (संस्थागतसमेत) | १०० | १०५.० | ११०.३ | ११५.८ | १२१.६ | ५५२.६ | ११०५.१ | न.पा. |
| आधारभूत शिक्षा | | ९११० | ९५६५.५ | १००४३.८ | १०५४६.० | ११०७३.३ | ५०३३८.५ | १००६७७.० | |
| १. | शिक्षकका लागि पुनर्ताजगी तालिम (६० जना) | २०० | २१०.० | २२०.५ | २३१.५ | २४३.१ | ११०५.१ | २२१०.३ | न.पा. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| २. | गुणस्तर सुधारसम्बन्धी अन्तरक्रिया (वडा समिति, विव्यस, शिअसङ्घ, सामाजिक सङ्घसंस्था, अभिभावक, प्रअ, शिक्षक) | २०० | २१०.० | २२०.५ | २३१.५ | २४३.१ | ११०५.१ | २२१०.३ | न.पा. |
| ३. | प्रयोगशाला तथा पुस्तकालय व्यवस्थापन | २००० | २१००.० | २२०५.० | २३१५.३ | २४३१.० | ११०५१.३ | २२१०२.५ | न.पा., प्रदेश, संघ |
| ४. | भौतिक पूर्वाधार विकास | ४००० | ४२००.० | ४४१०.० | ४६३०.५ | ४८६२.० | २२१०२.५ | ४४२०५.१ | न.पा., प्रदेश, संघ |
| ५. | शिक्षकका लागि उत्प्रेरणा र सकारात्मक सोचसम्बन्धी तालिम (६० जना २ दिन) | ११० | ११५.५ | १२१.३ | १२७.३ | १३३.७ | ६०७.८ | १२१५.६ | न.पा. |
| ६. | बालमैत्री नमूना विद्यालय विकास (१ विद्यालय) | २५०० | २६२५.० | २७५६.३ | २८९४.१ | ३०३८.८ | १३८१४.१ | २७६२८.२ | न.पा. |
| ७. | उपलब्धि परीक्षण (सामुदायक र संस्थागतसमेत) | १०० | १०५.० | ११०.३ | ११५.८ | १२१.६ | ५५२.६ | ११०५.१ | न.पा. |
| माध्यमिक शिक्षा | | १२५३४ | १३१६०.७ | १३८१८.७ | १४५०९.७ | १५२३५.२ | ६९२५८.३ | १३८५१६.५ | |
| १. | विषयगत शिक्षक दरबन्दी व्यवस्थापन (४ जनाको) | १८२४ | ३६४८.० | ५४७२.० | ७२९६.० | ९१२.० | १९१५२.० | ३८३०४.० | न.पा., प्रदेश, संघ |
| २. | शिक्षकको पेशागत विकास | १५० | १५७.५ | १६५.४ | १७३.६ | १८२.३ | ८२८.८ | १६५७.७ | न.पा. |
| ३. | प्रयोगशाला तथा पुस्तकालय व्यवस्थापन (३ विद्यालय) | १९५० | २०४७.५ | २१४९.९ | २२५७.४ | २३७०.२ | १०७७५.० | २१५५०.० | नपा, प्रदेश, संघ |
| ४. | पूर्वाधार विकास (४ विद्यालय) | ८००० | ८४००.० | ८८२०.० | ९२६१.० | ९७२४.१ | ४४२०५.१ | ८८४१०.१ | न.पा. |
| ५. | सिकाइ अनुभव आदान प्रदान | १०० | १०५.० | ११०.३ | ११५.८ | १२१.६ | ५५२.६ | ११०५.१ | न.पा. |
| ६. | नव प्रवर्तनात्मक कार्यक्रम | ५० | ५२.५ | ५५.१ | ५७.९ | ६०.८ | २७६.३ | ५५२.६ | न.पा. |
| ७. | शिक्षकका लागि उत्प्रेरणा र सकारात्मक सोचसम्बन्धी तालिम (६०जना २ दिन) | ११० | ११५.५ | १२१.३ | १२७.३ | १३३.७ | ६०७.८ | १२१५.६ | न.पा. |
| ८. | शैक्षिक मेला प्रदर्शनी | ५० | ५२.५ | ५५.१ | ५७.९ | ६०.८ | २७६.३ | ५५२.६ | न.पा. |
| ९. | लक्षित समूह केन्द्रित सीप विकास कार्यक्रम (साझेदारी मोडेल) | १०० | १०५.० | ११०.३ | ११५.८ | १२१.६ | ५५२.६ | ११०५.१ | न.पा., प्रदेश |
| १०. | उपलब्धि परीक्षण (सामुदायिक र संस्थागतसमेत) | ५० | ५२.५ | ५५.१ | ५७.९ | ६०.८ | २७६.३ | ५५२.६ | न.पा. |
| ११. | शैक्षिक सुधारसम्बन्धी गोष्ठी/अन्तरक्रिया | ६० | ६३.० | ६६.२ | ६९.५ | ७२.९ | ३३१.५ | ६६३.१ | न.पा. |
| १२. | विद्यालयमा भएका क्लब तथा समूह परिचालन | ९० | ९४.५ | ९९.२ | १०४.२ | १०९.४ | ४९७.३ | ९९४.६ | न.पा. |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| पाठ्यक्रम र मूल्याङ्कन | | ८२५ | ८६६.३ | ९०९.६ | ९५५.० | १००२.८ | ४५५८.६ | ९११७.३ | |
| १. | स्थानीय पाठ्यक्रम परिमार्जन तथा अध्यावधिक | ३०० | ३१५.० | ३३०.८ | ३४७.३ | ३६४.७ | १६५७.७ | ३३१५.४ | न.पा. |
| २. | कक्षाकार्य, परियोजना कार्य र लघु शैक्षिक भ्रमणसम्बन्धी शिक्षक तालिम | ४०० | ४२०.० | ४४१.० | ४६३.१ | ४८६.२ | २२१०.३ | ४४२०.५ | न.पा. |
| ३. | परीक्षाफल विश्लेषण र सिकाइ सुधारसम्बन्धी गोष्ठी | ५० | ५२.५ | ५५.१ | ५७.९ | ६०.८ | २७६.३ | ५५२.६ | न.पा. |
| ४. | पाठ्यक्रम र पाठ्यपुस्तक सुधारसम्बन्धी अन्तरक्रिया (६० जना १ दिन) | ७५ | ७८.८ | ८२.७ | ८६.८ | ९१.२ | ४१४.४ | ८२८.८ | न.पा. |
| शिक्षक व्यवस्थापन | | ५२५ | ५५१.३ | ५७८.८ | ६०७.८ | ६३८.१ | २९०१.० | ५८०१.९ | |
| १. | शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन (लक्षित समूह ६० जनाका लागि) | ७५ | ७८.८ | ८२.७ | ८६.८ | ९१.२ | ४१४.४ | ८२८.८ | न.पा. |
| २. | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | १५० | १५७.५ | १६५.४ | १७३.६ | १८२.३ | ८२८.८ | १६५७.७ | संघ |
| ३. | शिक्षकको पेशागत सहयोग (२५ जना) | १०० | १०५.० | ११०.३ | ११५.८ | १२१.६ | ५५२.६ | ११०५.१ | संघ |
| ४. | असल अभ्यासको अवलोकन भ्रमण | २०० | २१०.० | २२०.५ | २३१.५ | २४३.१ | ११०५.१ | २२१०.३ | न.पा. |
| अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | | १००० | १०५०.० | ११०२.५ | ११५७.६ | १२१५.५ | ५५२५.६ | ११०५१.३ | |
| १. | साक्षरता र साक्षरोत्तर शिक्षा (१० केन्द्र) | ४०० | ४२०.० | ४४१.० | ४६३.१ | ४८६.२ | २२१०.३ | ४४२०.५ | न.पा., संघ |
| २. | सामुदायिक सिकाइ केन्द्र सञ्चालन सहयोग | १५० | १५७.५ | १६५.४ | १७३.६ | १८२.३ | ८२८.८ | १६५७.७ | न.पा. |
| ३. | विपन्न र लक्षित वर्गका बालबिकाका अभिभावकहरूका लागि आयमूलक कार्यक्रम | ४०० | ४२०.० | ४४१.० | ४६३.१ | ४८६.२ | २२१०.३ | ४४२०.५ | न.पा., संघ |
| ४. | मौलिक तथा परम्परागत ज्ञान र सीपमा आधारित सामग्री विकास र प्रदर्शनी | ५० | ५२.५ | ५५.१ | ५७.९ | ६०.८ | २७६.३ | ५५२.६ | न.पा. |
| ५. | सामुदायिक सिकाइ केन्द्रमार्फत प्रवर्तनात्मक कार्य (साझेदारी) | ० | ० | ० | ० | ० | ० | ० | सङ्घसंस्था |
| प्राविधिक तथा व्यावसायिक शिक्षा | | ६०० | ६३०.० | ६६१.५ | ६९४.६ | ७२९.३ | ३३१५.४ | ६६३०.८ | |
| १. | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको पूर्वाधार विकास | ४०० | ४२०.० | ४४१.० | ४६३.१ | ४८६.२ | २२१०.३ | ४४२०.५ | न.पा., प्रदेश, संघ |

